मानवका लागि मानवअधिकार,
मानवअधिकारका लागि उपयुक्त संस्कृति

भदौ-असोज, ०५३, अंक १, पूर्णाङ्क १७

# प्राची

संचेतना द्वैमासिक

सातदेखि बाउन्नसम्मका सशस्त्र संघर्षहरू



त्यस दिन मलाई मर्‍यो भनेर फाले

रुकुममा अत्याचारको सीमा छैन





# रोल्पा-रुकुमः प्रजातन्त्र र मानवअधिकारको चिहान





ढुकुरभन्दा सहजै मानिस मारिन्छन्, फ्याँकिन्छन्

- देउसिहको पूरा परिवार मुद्दा खप्दैछ
- रोल्पामा माओवादी लुक्ने जंगल कति छ ?
- रोल्पा जेल : सुन्दा कोल्टे फेर्न मिल्दैन
- मुठभेड भनिन्छ, तर मुठभेड भएकै हुदैन

पश्चिमको छिन्ताङ काण्ड : थवाङ अपरेशन

मूल्य रु १०/-

**मानवका लागि मानवअधिकार,**
**मानवअधिकारका लागि उपयुक्त संस्कृति**




वर्ष ५, अंक १, भदौ-असोज ०५३ / अक्टोवर १९९६

**संस्थापक : सुशील-प्रकाश**

*सम्पादक* : कुन्दन अर्याल
*यस अंकका विशेष सहयोगीहरु :*
नरनाथ लुइँटेल सूर्य थापा
वासु क्षितिज गोविन्द त्रिपाठी
*ले-आउट* : किरण माली
*आवरण* : महेन्द्र श्रेष्ठ
*पत्राचार* : पत्र मञ्जुषा २७२६, काठमाडौं
*टेलिफोन* : २७०७७०/२७८७७०

**अनौपचारिक क्षेत्र सेवा केन्द्र**
**(इन्सेक) द्वारा प्रकाशित**
**मुद्रक : इन्द्रेणी अफसेट, बागबजार**

# यस पटक

| | | |
|---|---|---|
| प्राचीको कसी | : सातदेखि बाउन्नसम्मका सशस्त्र संघर्षहरु | ३ |
| आजको मुद्दा | : मानवअधिकार आन्दोलन र राजनीतिक दल | ५ |
| राष्ट्रिय परिवेश | : ढुकुरभन्दा सहजै मानिस मारिन्छन्... | ७ |
| | : रुकुममा अत्याचारको सीमा छैन | २७ |
| | : मानवअधिकारवादी धारणा | १० |
| सतहमा देखिएको कुरा | : पश्चिमको छिन्ताङ काण्ड ... | २१ |
| | : त्यो अपरेशन गर्नु जरुरी थिएन | २४ |
| कृपया क्षमा गर्नोस | : मानवअधिकारको व्यानर | ३२ |

... र पृष्ठ ४ मा भाउपन्थीको कविता तथा पृष्ठ ३० मा रमेश विकलको कथा






वर्तमान सरकारको गोली ठोकेर मान्छे मारिदिने, गाउँ गाउँमा आतंक मच्याउने जस्ता क्रियाकलापहरू गलत हुन्। राजनीतिक समस्याको राजनीतिक समाधान खोजिनु पर्छ। यही मौकामा आफ्नो विरोधीलाई गिरफ्तार गर्ने र झूठा मुद्दामा फसाउने सरकारी कार्य रोकिनु पर्छ। आतंक बन्द गरिनु पर्छ। मैले सुनेको छु सत्तासंग नजिक भएका मान्छेले यसलाई खुब उछालेका छन्। यसको खोजी गर्नु पर्छ। यदि त्यसो हो भने यसको नोक्सानी यही सरकारले बेहोर्नु पर्छ।

– माधवकुमार नेपाल, "माओवादी जनयुद्ध" का सम्बन्धमा, छलफल साप्ताहिक (०५२ फागुन २० गते)

त्यस दिन मलाई दंगा प्रहरी कार्यालयमा लगियो। टिनको छाना र भूईंमा ईट ओछ्याइएको एउटा सानो र अत्यन्तै चिसो कोठामा राखियो। तर मलाई बन्दी कानून बमोजिम न त खानाको व्यवस्था नै गरियो न पत्रपत्रिका उपलब्ध गराइयो। ड्युटीमा बसेका प्रहरीहरूले आफ्नो भागबाट राती ११-१२ बजेतिर मात्र केही खानेकुरा दिन्थे। साँझ ६ बजे पछि दिशा पिसाब गर्न समेत जान दिइदैनथ्यो। ७ गते पनि त्यसै वित्यो। ८ गतेदेखि राती हत्कडी लगाइएको थियो। सिन्धुपाल्चोकमा प्रहरीको हत्या भएको कारण प्रहरी म माथि खुबै सशंकित थिए र देख्ने बित्तिकै यसलाई मार्नु पर्छ यो हत्यारा हो भन्थे।"

– खगेन्द्र संग्रौला, माओवादीहरूको दमन गर्ने क्रममा सरकारले फागुन ६ गते गिरफ्तार गरी रिहा गरेपश्चात, प्रतिपक्ष साप्ताहिक (०५२ फागुन १८ गते)

अहिले फेरि सरकारले माओवादीहरूको नियन्त्रण गर्ने नाममा "आतंकवाद तथा विध्वंशात्मक अपराध नियन्त्रण ऐन" ल्याउने तयारी गरिरहेको छ भने नेपाली जनता चुप बस्नु हुँदैन। नेपालको सन्दर्भमा आतंकवाद भनेको के हो ? भन्ने कुराको निरूपण नै नगरी सरकारले विरोधी मास्ने अभियान चलाउने खतरनाक नियतका साथ त्यस्तो विधेयक ल्याउन आँटेको प्रष्ट छ। नेकपा (माओवादी) द्वारा संचालन भइरहेको तथाकथित जनयुद्धलाई ठीक हो भन्न सकिने ठाउँ पटक्कै छैन। तर त्यो कारवाही आतंककारी गतिविधि भने होइन। निश्चित राजनीतिक उद्देश्यलाई अघि सारेर उनीहरू हिंसामा उत्रिएका हुन्। राजनीतिक समस्याको समाधान गर्न राजनीतिक पहल नै नगरी सरकारले प्रतिहिंसाको बाटो अख्तियार गरेको छ।

– सम्पादकीय, बुधवार साप्ताहिक (०५३ भदौ १२ गते)

हिजो हाम्रा युवायुवतीहरू जीवनसाथी रोज्दा धन, डिग्री र रूप हेर्दथे भने आज त्याग, सौर्य र बलिदान हेर्छन्, त्यसैले त यो छ महिनाको बीचमा बीसौं जोडीहरूले बन्दूक र रगतको साक्षी राखेर आ-आफ्ना टीमका योद्धाहरूसँगै प्रेम विवाह गरेका छन् र सुहागरातहरू बन्दूकको सिरानी राखेर बिताएका छन्।

– मुक्ति मानव, माओवादी जनयुद्धको छ महिने मूल्यांकन गर्दै, जनादेश साप्ताहिक (०५३ भदौ ११ गते)




# संचेतना द्वैमासिकको यो अंक



प्राचीको पछिल्लो अंक ०५२ साल जेठमा प्रकाशित भएको थियो। त्यो अंक प्राचीको पूर्णाङ्क १६ थियो। त्यसपछिको लामो अन्तरालपश्चात मात्र यो पूर्णाङ्क १७ प्रकाशित भएको छ। यसबीच प्राची संचेतना द्वैमासिक विविध कारणहरूले गर्दा नियमित हुन सकेन। तर अब हामीले "मानवका लागि मानवअधिकार - मानवअधिकारका लागि उपयुक्त संस्कृति" को उद्घोषका साथ प्राची संचेतना द्वैमासिकलाई पुनः नियमित बनाउने निधो गरेका छौं।

प्राचीको यो भदौ-असोजको अंकपछि, कार्तिक-मंसीर, पुस-माघ, फागुन-चैत, बैशाख-जेठ र असार-साउनमा आगामी अंकहरू प्रकाशित हुनेछन्। लामो अन्तराल पश्चात निस्किएको प्राचीको यो अंकमा "माओवादी जनयुद्ध" का क्रममा भएको मानवअधिकार उल्लंघनलाई समेटिएको छ।

अहिलेसम्म देशका विविध भागहरूमा गरी माओवादीहरूको कारवाहीमा १३ जनाको ज्यान गइसकेको छ। तर प्रहरी कारवाहीमा त्यो भन्दा धेरै बढी अर्थात ४६ जनाको जीवनको अन्त्य भइसकेको छ। माओवादी भएको "अभियोग" मा कैयन् जनप्रतिनिधिहरू दमनको जाँतोमा पिसिएका छन्। रोल्पा जिल्ला विकास समितिका निर्वाचित सभापति झक्कुप्रसाद सुवेदी लगायत कैयन् जनप्रतिनिधिहरू बन्दी जीवन बिताइरहनु भएको छ। सभापति सुवेदीलाई गएको वर्ष फागुन ३ गते रोल्पामा निर्वाचित निकायको काममा संलग्न भइरहेकै अवस्थामा गिरफ्तार गरिएको थियो। पक्राउ गरिएपश्चात वहाँलाई कठोर यातना दिइयो। हाल वहाँ काठमाडौंको भद्रगोल जेलमा हुनुहुन्छ।

प्राचीको यो अंकमा रोल्पा र रूकुमको वर्तमान अवस्थाको स्थलगत भ्रमण पश्चात सचित्र वर्णन गरिएको छ। यहाँ उल्लेख गरिएका दमनका घटनाहरू केही नमूनाहरूमात्र हुन्। यी घटनाहरू माओवादीहरूको नियन्त्रण गर्ने नाममा भइरहेको दमन अत्याचारको प्रवृत्तिका बारे प्रष्ट पार्न भने पर्याप्त छन्।



**झक्कुप्रसाद सुवेदीको यात्रा : निर्वाचित निकायदेखि बन्दी गृहसम्म**

कुन्दन अर्याल

# सातदेखि बाउन्नसम्मका सशस्त्र संघर्षहरु

"वीरगञ्ज। भाइपूजा कार्तिक २६ गतेको मध्यरात। रक्सौल-भारत रेल्वे स्टेशनमा पूर्व दरभङ्गातिरबाट आउने ट्रेन आइपुग्न अझै आधा घण्टा बाँकी थियो। रक्सौल पुग्नुभन्दा चार किलोमिटर पूर्वतिरै ट्रेन अड्यो। कसैले ट्रेनभित्र जंजीर तानेकोले ट्रेन रोकिएको रहेछ। ट्रेनको सफर गर्नेहरूका लागि यो कुनै नयाँ कुरो थिएन। ट्रेन रोकिनासाथ अन्दाजी सय जना मानिस फुर्तिसाथ ट्रेनबाट ओर्लेर रातको निस्पट्ट अँध्यारोमा उत्तरतिर लागे। एकछिनपछि ट्रेन फेरि हिंड्यो। कसैलाई केही अत्तोपत्तो भएन। ती ओर्लनेहरू को थिए र कहाँ गए ? नेपाली कांग्रेसका अरू सयजना जति जवानहरू दुईटा ट्रक लिएर भारत-नेपालको सिमामा पर्ने सिर्सिया नदीको पुलभन्दा बीस गजजति उत्तर ट्रेनबाट आउने साथीहरूलाई पर्खिरहेका थिए। यिनीहरू सबै थिरबम मल्लको नेतृत्वमा वीरगंजमाथि हमला गर्न आएका नेपाली कांग्रेसका मुक्ति सेनाका जवानहरू थिए।"

नेपाली कांग्रेसका नेता रामहरि जोशीले उहाँको पार्टीद्वारा ००७ सालमा सशस्त्र संघर्षको प्रारम्भ कसरी गरिएको थियो भन्ने चर्चा गर्ने क्रममा यी पंक्तिहरूको उल्लेख गर्नुभएको छ। ००७ साल असोज १० र ११ गते भारतको वैरगिनीयामा नेपाली कांग्रेसको दुई दिने सम्मेलन भएको थियो। बैरगिनीया रेल्वे स्टेशनभन्दा दक्षिणपट्टि एउटा राइस मिलको गोदाम-घरमा नेपालको विभिन्न भू-भागबाट पुगेका कांग्रेसका कार्यकर्ताहरूले दुई दिनसम्म व्यापक छलफल गरी राणा शासनको समाप्तिका लागि देशमा सशस्त्र संघर्ष संचालन गर्ने सर्वसम्मत निर्णय गरेका थिए। र, त्यही निर्णयका आधारमा कार्तिक महिनामा वीरगञ्जबाट सशस्त्र क्रान्तिको शुरूवात गरिएको थियो।

०१७ सालमा बहुदलीय व्यवस्थाको घाँटी निमोठिएपश्चात् बहुदलवादीहरूउपर तीव्र दमनचक्र चलाइन थाल्यो। तर पंचायती व्यवस्थाको हिंस्रक दमन विरूद्ध कांग्रेसले पनि हिंसात्मक कार्वाही अघि बढायो। ०१८ सालमा कांग्रेसको आह्वानमा देशका विभिन्न ठाउँहरूमा हिंसात्मक कार्वाहीहरू शुरू भए। त्यस वर्ष माघ ९ गते जनकपुरमा राजा महेन्द्रमाथि कांग्रेसका केही कार्यकर्ताहरूले बम प्रहार गरी आक्रोश पोखे। राजालाई बमले हानी पुऱ्याउन सकेन। तर सशस्त्र संघर्ष देशको विभिन्न ठाउँमा संचालन गरिए। त्यस क्रममा कांग्रेसका कैयन कार्यकर्ताहरूले प्राण आहुति गरे।

०३१ सालमा कांग्रेसले पुनः सशस्त्र संघर्ष संचालन गर्ने निर्णय गऱ्यो। त्यस वर्ष पुस १ गते ओखलढुंगाको टिम्बुरबोटेमा कांग्रेसका सातजना सशस्त्र कार्यकर्ताहरू एकै ठाउँमा मारिए। नेपाली कांग्रेसको सशस्त्र संघर्षको इतिहासमा टिम्बुरबोटेको नरसंहार अत्यन्त पीडादायी संहार थियो। कांग्रेसको इतिहासमा त्यो अन्तिम सशस्त्र संघर्ष थियो। कांग्रेसले त्यसपछि हतियार उठाएको छैन। तर कांग्रेसको त्यो इतिहास कसैले बिर्सिएको छैन। इतिहास ढुंगामा खोपेको अक्षरभन्दा धेरै गुना अमीट हुन्छ।

कांग्रेसले झैं नेपालको कम्युनिष्ट पार्टीको एउटा समूहले पनि जनताको मुक्तिकै कुरो उठाउँदै समयान्तरमा हतियार उठायो। झापामा कम्युनिष्टहरूले किसानहरूबीच सशस्त्र आन्दोलनको राम्रो प्रचार गरे। तर झापामा कम्युनिष्टहरूले जति हिंसात्मक कार्वाही चलाए, त्योभन्दा धेरै हल्ला भयो।

त्यतिबेलाको एउटा घटनामा यस्तो भयो - चारैतिर सशस्त्र प्रहरीको घेरा बनिसकेको थियो। उनले गंजी फुकालेर छाति देखाउँदै भने- "म यहीं छु, के गर्न सक्छौ गर !" एक प्रहरीले तत्काल उनको छातिमा ताकेर गोली चलायो। उनी डङ्गरङ्ग भुईंमा पछारिए। उनको अन्तिम शब्द थियो- "अध्यक्ष माओ जिन्दावाद।"

झट्ट सुन्दा यो संक्षिप्त घटना विवरण हालै नेकपा (माओवादी) द्वारा संचालन भइरहेको "जनयुद्ध" संग सम्बन्धित छ जस्तो लाग्छ। तर यो त ०३० साल साउन १६ गते झापाको नाडियावाडी भन्ने गाउँको कुरो हो। त्यतिखेर नेपाल कम्युनिष्ट पार्टीको झापा जिल्ला कमिटी "सशस्त्र किसान संघर्ष" संचालन गरिरहेको थियो।

नेपाल कम्युनिष्ट पार्टीको झापा जिल्ला कमिटीद्वारा ०२९ साल फागुन २४ गते जारी गरिएको एक पर्चामा भनिएको थियो- "लगभग दुई वर्ष अघिदेखि झापाका क्रान्तिकारी किसानले कम्युनिष्ट पार्टीको नेतृत्वमा शोषक वर्गको हातबाट मान्छे मार्ने एकलौटी अधिकार खोस्न शुरू गरे र यो दुई वर्षको दौरानमा सात जना घृणित जमिन्दार दलालहरूलाई खत्तम गरे। यसरी झापाका किसानहरूले हिंसाको बदला हिंसा प्रयोग गर्न शुरू गरे। र शोषित पीडितको हत्याको बदलामा शोषक जमिन्दारहरूको हत्या गर्न थाले। यो मार्क्सवादी लेनिनवादी कम्युनिष्ट पार्टीको नेतृत्वमा, स्थानीय रूपमा सत्ता कब्जा गर्ने राजनीति लिएर जनसेना र आधार इलाकाको निर्माण गरी "गाउँले शहरलाई घेर्ने दीर्घकालीन जनयुद्धका रणनीतिले राष्ट्रव्यापी सत्ता कब्जा गर्ने किसानहरूको सशस्त्र गोरिल्ला संग्रामको शुरूआत हो।"

त्यतिखेर झापाका कम्युनिष्ट युवाहरूको उत्तेजना कस्तो थियो भन्ने कुरा ०३० साल माघ २० गते नेकपा को झापा जिल्ला कमिटीद्वारा प्रकाशित पर्चाले पनि प्रष्ट पार्दछ। त्यतिखेर झापाका कम्युनिष्टहरू चीनियाँ कम्युनिष्ट पार्टीका अध्यक्ष, माओलाई आफ्नो पनि अध्यक्ष मान्दथे। उक्त पर्चामा भनिएको थियो- "झापाका किसानहरू सत्ता कब्जा गर्ने संघर्षमा स्थानीय रूपमा उठेका छन्। उनीहरूले अरू ठाउँका किसानहरूको मुख हेरी बसेनन्। आफू संघर्षमा अगाडि बढेर उनीहरूले देशभरिका किसानहरूलाई प्रतिकृयावादीहरूका विरूद्ध विद्रोह गर्नु न्यायपूर्ण छ भन्ने अध्यक्षका पवित्र आह्वानलाई सुनाउन चाहेका छन्। आफ्नो हिंसात्मक क्रान्तिकारी वर्ग संघर्षलाई अगाडि लैजानका लागि उनीहरूले गोरिल्ला पद्धतिलाई चुनेका छन्। किसानहरू गोरिल्ला तरिकाले वर्ग शत्रुमाथि अचानक हमला गर्छन् र जनताका बीचमा पसी आफ्नो तागत बचाउँछन्। यसै तरिकाले उनीहरू पुलिस,मिलिटरी माथि अचानक हमला गर्न सक्छन् र उनीहरूका हातबाट आधुनिक हातहतियार कब्जा गर्न सक्छन्। यही एकदम प्रारम्भिक किसिमले गोरिल्ला युद्ध चलाएर किसान क्रान्तिकारीहरू उन्नत किसिमको गोरिल्ला फौज तयार गर्न सक्छन्, वर्ग शत्रु खतम गर्ने अभियानलाई चलाएर गाउँले इलाकामा वर्ग शत्रुका हातमा रहेको राजनीतिक शासनलाई खोस्न सक्छन्, क्रान्तिकारी शासनको नेतृत्वमा व्यापक किसान जनसमुदायलाई वर्ग संघर्षमा उतार्न सक्छन् र क्रान्तिकारी वर्ग युद्धमा सामिल गर्न सक्छन्।"

नेपालका राजनीतिक पार्टीहरूको सशस्त्र संघर्षको यस्तै ऐतिहासिक श्रृंखलामा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले गएको वर्षको अन्त्यदेखि नयाँ कडी जोडेको छ। बुझ्नु पर्ने कुरा के छ भने तर सशस्त्र संघर्षलाई त्यस बेलाका जनताले संत्रासका साथ भए पनि केही न केही मात्रामा स्वीकार गरेका थिए। आज भने त्यस्तो देखिदैन।

मान्नै पर्दछ- नेकपा (माओवादी) वा डाक्टर भट्टराईको जनमोर्चाको सशस्त्र गतिविधि आतंककारी कार्वाही मात्र होइन। राजनीतिक उद्देश्य यो कारवाहीमा प्रष्ट देखिएकोछ। तर नेपाली जनताले माओवादीको यो शैलीलाई आत्मसात गरेका छैनन्। पंचायतकालमा देखा परेका सशस्त्र संघर्षहरू तत्कालीन विकृत अवस्थाका अवश्यंभावी विष्फोटहरू थिए। यद्यपि पंचायत विरूद्धको निर्णायक लडाईंमा हतियार उठेको थिएन। तापनि त्यस अघिका हतियार सहितका आन्दोलनले निर्माण गरेको निर्भिक जन उभारकै जगमा त्यो निर्णायक लडाईं उर्लिएको थियो। अहिले भने कुनै पनि किसिमको सशस्त्र संघर्षको औचित्य स्पष्ट रूपमा देखा पर्दैन। र, त्यही औचित्यहीनताकै कारण जनयुद्धका नाममा प्रचारित गतिविधिको समर्थनमा खुला सडकमा एउटा जुलुस पनि निस्किन सकेको छैन।

अहिलेको समय- जनताको आधारभूत अधिकारहरूका लागि सशस्त्र संघर्ष गर्नु पर्ने समय हो भन्ने कुराको आधार कुनै पनि कोणबाट देखिदैन। सशस्त्र संघर्षको माध्यमबाट एकदलीय सत्ताको स्थापना गरी राज्य चलाउने कुरा त सम्पूर्ण रूपमै पुरानो भइसक्यो। देशका दुईचार दुर्गम ठाउँहरूमा केही बन्दुक पड्काउँदैमा "जनयुद्ध" शुरू भयो भन्न पनि मिल्दैन। वास्तवमा माओवादीको "जनयुद्ध" जति प्रचारमा छ, त्यति यथार्थको धरातलमा छँदा पनि छैन। माओवादीहरू आफ्नो प्रभाव देखाउन "जनयुद्ध" फले फूलेको देखाइरहेका छन्। त्यस्तै सरकार कम्युनिष्टहरूलाई दमन गर्ने निहुँ पाइएकोले पनि "जनयुद्ध" को तथाकथित प्रभावको हैवा पिटाइरहेको छ।

मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्रको प्रस्तावनामै जनताको विद्रोह गर्ने अधिकारको उल्लेख गरिएको छ । अरू कुनै उपाय नपाएपछि जनताले विद्रोहको बाटो आत्मसात नगरून् भन्ने दिशामा सोच्ने दायित्व राज्यकै हो । तर जति बेला पायो त्यति बेला विद्रोह गर्नु जनताको अधिकार हो भन्ने तर्कले त शान्ति सुरक्षा कायम गर्नु राज्यको दायित्व हो भन्ने अर्को मुठाग्रही तर्कले अघि सार्न मिल्दैन। त्यस्तो मुढाग्रही ढंगबाट पेश गरिने तर्कको जन्म गराउँछ ।

गएको वर्ष फागुन १ गतेदेखि नेकपा (माओवादी) नामक भूमिगत पार्टीद्वारा संचालित तथाकथित जनयुद्धको नाममा जनताको मानवअधिकारहरूको उल्लंघन भएको छ। अनि फागुनको दोश्रो सातादेखि सरकारले जनयुद्धको नियन्त्रण गर्ने नाममा मानवअधिकारहरूको युद्धमा जस्तै गरी उल्लंघन गरिरहेको छ। अदालतको तारेख धाएर फर्केकाहरू पक्राउ परेका छन्। राजनीतिक प्रतिशोध साध्ने षडयन्त्र अन्तर्गत कैयौंलाई झूठा मुद्दामा फसाइएको छ।

केही लहडी राजनीतिक मानिसहरूको सनकका आधारमा जनताको विद्रोह भन्दै समाजकै केही व्यक्ति अर्थात् शासक वर्गमा नपर्ने केही व्यक्तिमाथि आक्रमण गर्दै तथाकथित जनयुद्ध शुरू गरिएको छ। र, त्यस जनयुद्धलाई नियन्त्रण गर्ने नाममा सरकारले अन्धाधुन्ध दमनचक्र चलाएको छ। बहुप्रचारित "मुठभेड" हरूमध्ये कुनै पनि "मुठभेड" को प्रमाण दमनमा खटिएको प्रहरी-प्रशासनले देखाउन सकिरहेको छैन। राजनीतिक यथार्थको विश्लेषण विना थालिएको तथाकथित "जनयुद्ध" देशको जटिल समस्याका रूपमा देखा परेको छ। तर सरकार राजनीतिक समस्याको समाधान राजनीतिक रूपले गर्ने क्षमता देखाउन सकेको छैन। र, थाहा छैन नेपालमा सबभन्दा पछिल्लो पटक हथियार उठाउने नेकपा (माओवादी) ले पनि कहिले राजनीतिक यथार्थलाई स्वीकार गर्ने हो ? के आगोले पोल्छ भन्ने कुरा आफैलाई पोलिसकेपछि मात्र पत्याउनु पर्छ ?

# देवताहरु गर्दैनन् कसैको विश्वास

- भाउपन्थी -



देवताहरूको हुन्छ भिन्न संसार
अलग शैलीका अधुनातन कङक्रीट भवन
फोनमा गर्छन् आदेश
कसलाई बनाउने मन्त्री र कसलाई
प्रधानमन्त्री
देवताहरू निर्धारित गर्छन् सरकारको आयु
र डलरको भाउ, चामलको मोल
देवताहरू आउँछन् परदेशबाट

देवताका सन्तानहरू डुल्छन विदेश
चढ्छन् महँगा देशान्तरका कार
जान्छन उनीहरू क्यासिनोमा
देवताहरू धारण गर्छन् दोहरो नागरिकता
पाँचतारेमा गर्छन् उनीहरू
नग्न जलक्रीडा अनि गर्छन् सूर्यस्नान
ख्वाउँछन् गणेशलाई दूध
देवताहरू गर्छन् सत्ताको व्यापार
शासनलाई डुबाउँछन मद्यकुण्डमा

देवताहरू प्रसार गर्छन् तस्करीको
दिव्य स्वप्न
बिर्सदैनन् उनीहरू देवसंस्कृति
देवताहरू सधैं दिन्छन् प्रलोभन
कमिसनको
हरण गराउँछन् सर्वस्व भोकाहरूको
देवताहरू क्रान्तिबाट डराउँछन्
पऱ्यो भने प्रत्यागमन गर्छन् देवलोक
अवसर अनुसारको परिवर्तन
देवताहरू प्रायोजित गर्छन्
हेर्नोस्
वामहरू पनि गर्दैनन देवताको विरोध
दक्षिणहरू परिक्रमा गर्छन् देवनिवास
देवताहरू दिन्छन् निर्वाचनमा मुद्रादान
सत्तामा बस्नेहरूमाथि पुष्पवृष्टि

देवताहरू गर्छन् घोटाला
डलर, चिनी, तेल र खाद्य पदार्थ
देवताहरूको हुन्छ
जातिशुद्धि पुस्तौनी

मिसिंदैनन् यिनी अरूहरूसंग
राख्छन् आफ्नो गुप्त विद्या अभेद्य

देवताहरू वक्तव्य दिंदैनन्
बस्छन् यिनीहरू अदृश्य
सुत्रात्मक हुन्छन् यिनीहरू
सत्तालोलुप पहाडीहरू
हुन्छन् यिनका दासानुदास

कसैले छुँदैन यिनलाई
भस्मासुर जस्तो हुन्छ यिनको हात

देवताहरूको देश पनि हुँदैन र राष्ट्र पनि
देवताहरू पाउँदैनन् कहीं प्रेम
देवताहरू गर्दैनन् कसैको पनि विश्वास

# मानवअधिकार आन्दोलन र राजनैतिक दल

**– सुशीलप्रकाश –**

बेला बखत नेपालका छापाहरूमा अमूक मानवअधिकार संस्था अमूक राजनैतिक दलको संगठन हो वा कुनै मानवअधिकार संस्थाले कुनै दल विशेषको हितमा मात्र काम गरेको छ भन्ने आरोप प्रत्यारोपहरू लगाइएका देखिन्छन्। यस्ता चर्चा परिचर्चाहरू निकै हुने गरेकाले मानवअधिकारवादीहरूले केही बोल्नै पर्ने स्थिति उत्पन्न भएको छ। मानवअधिकार आन्दोलन र यसको राजनैतिक दलहरूसितको सम्बन्धका बारेमा गहिरिएर हेर्‍यौं भने हामी यस्ता चर्चा परिचर्चा किन भइरहेका छन् भन्ने कुरालाई खोतल्न सक्छौं। हामीले बुझ्नै पर्ने कुरा के छ भने मानवअधिकार आन्दोलन देशको राजनैतिक स्थितिदेखि स्वतन्त्र र निरपेक्ष ढङ्गबाट मात्र अगाडि बढ्ने आन्दोलन होइन। मानवअधिकार आन्दोलनका प्राथमिकताहरू, कार्यशैली स्वरूप विभिन्न समाजको वस्तुगत स्थितिमा नै निर्भर गर्छ।

हाम्रो आफ्नै परिप्रेक्षमा भन्ने हो भने संगठित मानवअधिकार आन्दोलन पञ्चायत कालको पछिल्लो दशकमा शुरू भयो। त्यस बखत हाम्रो प्रमुख दायित्व नै देशमा हुँदै गरेको राजनैतिक दमनका विरोधमा संगठित संघर्ष चलाउनु र त्यसमा लागेका राजनैतिक दलहरूसित एकतावद्ध र समन्वय कायम गर्नु नै थियो। त्यसैले ०४० सालपछिको मानवअधिकार आन्दोलनले मूलतः पञ्चायती शासकहरूले गरेका दमन र यातनाको बारेमा जनसमक्ष र विश्व समुदायलाई जानकारी दिनु रहेको थियो। त्यसै सन्दर्भमा झापामा भएको लक्ष्मी पाण्डे हत्याकाण्डताका १४ वर्षदेखि जेलमा थुनिएका कम्युनिष्ट क्रान्तिकारीहरूको रिहाईको माग अनि ०४२ सालको सत्याग्रहपछि शुरू भएको दमनको विश्व समुदायलाई जानकारी दिने र त्यस्तै देशमै जनताका बीचमा तत्कालीन दमनको बारेमा सचेतनताको लागि मोहनचन्द्र अधिकारी र वर्तमान गृहमन्त्री खुमबहादुर खड्का लगायत ०४२ सालको वमकाण्डको सिलसिलामा पक्राउ परेका सयौं राजनैतिक कार्यकर्ताको रिहाईको लागि गरिएको हस्ताक्षर अभियान मानवअधिकार आन्दोलनकै एउटा स्वरूप थियो। मूलतः प्रजातान्त्रिक आन्दोलनसित एकाकार हुँदै अघि बढेकोले त्यसबेलाका सबै राजनैतिक दलहरूसितको तत्कालीन मानवअधिकार संस्थाको सम्बन्ध मित्रतापूर्ण र एक आपसमा सहयोगीको रूपमा रहेको थियो। ०४६ सालको जनआन्दोलन र त्यसपछिको अन्तरिम सरकारको पालामा आन्दोलनकारी राजनैतिक दलहरू र मानवअधिकार संस्थाहरू बीच प्रजातन्त्रको स्थापना र त्यसको स्थायित्वको लागि सँगै काम गरेकोले सम्बन्ध ज्यादै सुमधुर थियो।




यसै कालमा नेपालमा खुला र प्रजातान्त्रिक समाज भएको कारणले पनि धेरै सामाजिक र मानवअधिकार संस्थाहरूको स्थापना गरियो। प्रजातान्त्रिक व्यवस्थाको स्थापनापछि मानवअधिकार आन्दोलनको दायरा पनि विस्तृत हुन पुग्यो।

प्रजातन्त्र स्थापना पछि राजनैतिक दलका प्राथमिकताहरूमा भिन्नता आउन थाल्यो। ती प्राथमिकताहरूका बारेमा मानवअधिकार संस्थाहरूका दृष्टिकोण फरक फरक हुनु स्वभाविकै हो। मानवअधिकार संस्थाहरूले आफ्नो प्राथमिकताको दायरा भित्रै रहेर राजनैतिक दलका प्राथमिकताप्रति आफ्नो दृष्टिकोण बनाउँछन् र बनाउन पाउनु पर्छ।

प्रजातन्त्रपछि मानव अधिकार संस्थाहरूले मुलुकमा मानवअधिकारको संस्थागत विकास र यसको सुदृढिकरणको लागि मानवअधिकार विरोधीहरूमाथि कानूनी कारवाहीको माग गरे। मूलतः ०४६ सालको जनआन्दोलन ताका जनतामाथि निर्मम दमन गर्ने मानवअधिकार हननकर्ताहरूलाई कम्तीमा मल्लिक आयोगको प्रतिवेदनमै आधारित भएर पनि अदालतको कठघरामा ल्याइयोस् भन्ने उनीहरूको माग प्रति प्रायः सबै जसो राजनैतिक दल उदासिन रहेका छन् यस विषयमा मानवअधिकार संस्था र राजनैतिक दल बीच असमझदारी वा कटुता आउनु स्वाभाविक हो।

०४८ सालको आमनिर्वाचनपछि गठन भएको सरकारको तीन वर्षे शासन कालमा प्रहरी ज्यादतीमा व्यापक वृद्धि भयो। जुलुस प्रदर्शनमा अन्धाधुन्ध गोली चलाइयो। ३ वर्षे बालक समेत प्रहरी उद्दण्डताको शिकार बन्न पुग्यो। त्यस अवधिमा ६६ जना नागरिकले जुलुश प्रदर्शनमा भाग लिंदा प्रहरीको गोलीले ज्यान गुमाउनु पर्‍यो। रोल्पा र दाङ्गमा राज्य आतङ्क चरम बन्न पुग्यो। मानवअधिकार संस्थाहरूले त्यसको विरोध गरे। प्रहरी ज्यादती बारेमा न्यायिक छानवीनको माग गरे। त्यतापट्टि सरकारको ध्यानै गएन। त्यति मात्र होइन मानवअधिकार आयोगको आवश्यकता

**मूलतः ०४६ सालको जनआन्दोलन ताका जनतामाथि निर्मम दमन गर्ने मानवअधिकार हननकर्ताहरुलाई कम्तीमा मल्लिक आयोगको प्रतिवेदनमै आधारित भएर पनि अदालतको कठघरामा ल्याइयोस् भन्ने उनीहरुको माग प्रति प्रायः सबै जसो राजनैतिक दल उदासिन रहेका छन् यस विषयमा मानवअधिकार संस्था र राजनैतिक दल बीच असमझदारी वा कटुता आउनु स्वाभाविक हो।**

नभएको भन्ने राष्ट्रिय सभाको बहुमतको निर्णयले त मानवअधिकार संस्था र तत्कालीन शासक दलका बीचमा निकै कटुता ल्यायो।

०५१ सालको मध्यावधि निर्वाचन पछि गठन भएको सरकारले मल्लिक आयोग लगायतका कतिपय आयोगका प्रतिवेदनलाई सार्वजनिक गऱ्यो। रोल्पा र दाङमा भएको प्रशासनिक दमनको बारेमा तथ्य बुझ्न पछिलो पटक मानवअधिकार कार्यकर्ताको नेतृत्वमा आयोग बनायो। मानवअधिकार आयोगको निर्माण गर्ने वचनवद्धता जनायो। तर व्यवहार त्यति उदार भएन। विभिन्न आयोगको प्रतिवेदन सार्वजनिक गरेता पनि दोषीमाथि कानूनी कारवाही चलाउन सरकारले कुनै पहलै गरेन। त्यति मात्रै होइन देशमा "राजवन्दी" छँदै छैनन् भनेर आफ्नो पुरानो अडानलाई समेत बिर्सियो। मानवअधिकारप्रतिको दोहोरो मापदण्डको प्रदर्शन गऱ्यो।

मानवअधिकार संस्थाहरूले उठाएका कतिपय सवालहरू मूलतः कमैया समस्या र मानवअधिकार आयोगका बारेमा सकारात्मक रवैया देखाएकोले यस विषयमा मानवअधिकार संस्थाहरूले तत्कालीन सरकारलाई अलि नजिकको पाउनु र त्यसै अनुरूप व्यवहार गर्नु कुनै आश्चर्यको कुरो नभएर बरू स्वाभाविक भने हो। देशमा जनसंघर्ष र जुलुशहरूमा प्रहरी ज्यादतीमा देखा परेको न्यूनता कम्तीमा सडक जुलुशमा मानिस प्रहरीको गोलीले नमारिनुलाई मानवअधिकार संस्थाहरूले सकारात्मक विकासको रूपमा पनि लिए।

०५२ सालको भदौ महिनामा गठन भएको संयुक्त सरकारले आफ्नो गठनको लगत्तै पछि देखि नै मानवअधिकार संस्थाहरूले सरकारको क्रियाकलापप्रति असन्तुष्टी देखाउन थाले। दाङमा गत मध्यावधि चुनावमा हिंसात्मक गतिविधिमा लागेको र त्यसै वापत अदालतमा हत्याको अभियोगमा मुद्दा चलाइँदै गरेका व्यक्ति खुमबहादुर खड्कालाई गृह मन्त्री बनाएको मात्रै होइन, खुमबहादुर गृहमन्त्री भएपछि तुरून्तै सरकारले वहाँमाथि लागेको मुद्दा फिर्ता समेत लिएपछि राजनीतिमा अपराधिक प्रवृत्तिको पकड बढेको स्पष्ट भयो। त्यसको प्रतिरोध स्वरूप मानवअधिकार संस्थाहरूले राजनीतिमा अपराधिकरण शुरू भएकोमा विरोध जनाउँदै प्रधानमन्त्रीलाई ज्ञापन पत्र समेत दिए। तर गृहमन्त्रीले ठाडै उग्र प्रतिक्रिया व्यक्त गर्दै मानवअधिकार संस्थाप्रति आफ्नो कुनै विश्वास नभएको बताउनु भयो। संयुक्त सरकार गठन भएको लगत्तै २ जना व्यक्तिको प्रहरी हिरासतमै मृत्यु भयो। रोल्पा, गोरखा, रूकुम, जाजरकोट, सिन्धुली आदि जिल्लाहरूमा व्यापक दमन सुरू भयो। माओवादी दबाउने नाममा १४ वर्षका बालक विद्यार्थी र पसलमा बसी रहेकी महिलाको समेत प्रहरीद्वारा हत्या गरियो। सरकारले ६ महिनाको कार्यकाल पूरा गर्दा नगर्दै ३० जना भन्दा बढी व्यक्तिले प्रहरीको गोलीबाट मात्र मारिनु पऱ्यो।

यस्ता क्रियाकलापको मानवअधिकार संस्थाले विरोध जनाउनु प्रतिरोध गर्नु स्वभाविक हो र राजनैतिक दलहरूमा भएका संकीर्णताले गर्दा उनीहरू मानवअधिकार संस्थाहरू प्रजातान्त्रिक संस्कृतिको लागि शान्ति र विकासको लागि सभ्य समाजको स्थापनाको लागि उठाउने आवाजलाई नबुझी वा बुझ पचाएर मानवअधिकार संस्थाहरूलाई नै आफूभन्दा मतविरोध राख्ने राजनैतिक दलहरूसित जोडी दिने अझ कहिले काहीं त फलानो राजनैतिक दलको भातृ संगठन नै हो भन्ने गैह्र जिम्मेवारीपूर्ण भनाईहरूले मानवअधिकार संस्थाहरूसितको सम्बन्धमा कटुता आउनाका साथै अविश्वासको सिर्जना गरेको छ।

सारांशमा भन्ने हो भने मानवअधिकार संस्थाको राजनैतिक दलसितको सम्बन्ध ती दलको मानवअधिकार प्रतिको रवैयामा भर पर्छ। मानवअधिकार संस्थाले उठाएका प्रश्नहरूमा राजनैतिक दलको सोचाई र रवैया सकारात्मक भएमा सम्बन्ध मैत्रीपूर्ण हुन्छ अन्यथा यसको उल्टो। त्यसैले मानवअधिकार संस्थाले खास बेलामा खास दलको नजदिक टाढा भएको महसूस गर्नुलाई ठूलो समस्या वा अस्वाभाविक मान्न सकिन्न र मान्न हुँदैन।

## माओवादीको नाममा प्रहरीद्वारा मारिएकाहरु

| क्रसं. | जिल्ला | मृतकको नाम | स्थान |
|---|---|---|---|
| १. | रूकुम | कुलबहादुर के.सी | पिपल गाविस- ७ मेलगिरी |
| २. | " | मनबहादुर के.सी. | पिपल गाविस- ७ मेलगिरी |
| ३. | " | पशुपति के.सी. | पिपल गाविस- ७ मेलगिरी |
| ४. | " | लालबहादुर के.सी. | पिपल गाविस- ७ मेलगिरी |
| ५. | " | दिलबहादुर के.सी. | पिपल गाविस- ७ मेलगिरी |
| ६. | " | खड्कबहादुर के.सी. | पिपल गाविस- ७ मेलगिरी |
| ७. | " | दलबहादुर पुन | पुवाङ गाविस, पिटखोला |
| ८. | " | जोखबहादुर पुन | पुवाङ गाविस, छिपखोला |
| ९. | " | दलबहादुर बुढा | फाकी गाविस |
| १०. | " | मनकुमारी श्रेष्ठ | काक्री गाविस |
| ११. | " | चक्रबहादुर श्रेष्ठ | काक्री गाविस |
| १२. | " | मस्तबहादुर विष्ट | चुनवाङ गाविस |
| १३. | " | जसे पुन | हुकाम गाविस |
| १४. | " | दुधबहादुर बुढा | फाकी गाविस |
| १५. | " | रवी के.सी. | मग्मा गाविस |
| १६. | रोल्पा | जयधन थापा | हुमा गाविस-८ |
| १७. | " | इन्द्रजित पुन | हुमा गाविस-८ |
| १८. | " | चोपबहादुर डाँगी | दुविडाँडा गाविस-५ |
| १९. | " | ज्ञानेन्द्र गिरी | दुविडाँडा गाविस-८ |
| २०. | " | विनबहादुर परियार | खुंग्री गाविस |
| २१. | " | तिलक राम बुढा(उपाध्यक्ष) | कोटगाउँ गाविस |
| २२. | " | सुलमान बुढा | मिरूल गाविस |
| २३. | " | दुजवीर घर्ती (मगर) | गाम गाविस-८ |
| २४. | " | इमानसिंह रोका | उवा गाविस-४ |
| २५. | जाजरकोट | मानबहादुर वली | नायकवाडा गाविस |
| २६. | " | मानबहादुर रावत | नायकवाडा गाविस |
| २७. | " | कालीबहादुर बस्नेत | नायकवाडा गाविस |
| २८. | " | रतीलाल रावत | नामकवाज गाविस |
| २९. | गोरखा | दिलबहादुर रम्तेल | |
| ३०. | सिन्धुली | ज्ञानेन्द्र देवकोटा | अमले गाविस |
| ३१. | " | टिका देवकोटा | अमले गाविस |
| ३२. | रूकुम | हर्कबहादुर पुन | पोखरा गाविस-८ |
| ३३. | " | ठकबहादुर पुन | रम्मामैकोट गाविस |
| ३४. | " | प्रवेश बुढा | रम्मामैकोट गाविस |
| ३५. | रोल्पा | लहरे पुन | हुमा गाविस |
| ३६. | ,, | टेकबहादुर बुढा | गाम गाविस-४ |
| ३७. | ,, | गोरे घर्तीमगर | सेरम गाविस-९ |
| ३८. | ,, | नरेन्द्र रोका | सरेम गाविस-९ |
| ३९. | ,, | हुर्ते बुढा | जैमकसला-१ |
| ४०. | ,, | परमान बुढा | जैमकसला-१ |
| ४१. | ,, | वीरबहादुर बुढा | जैमकसला-१ |
| ४२. | ,, | लालबहादुर बुढा | जैमकसला-१ |
| ४३. | ,, | हस्तबहादुर बुढा | जैमकसला-१ |
| ४४. | ,, | भक्तबहादुर सुनार | प्रहरी हिरासतमा |
| ४५. | जाजरकोट | लक्ष्मणबहादुर खड्का | |

# ढुकुरभन्दा सहजै मान्छे मारिन्छन्, [illegible]



रोल्पा, होमा गाविस वडा नं ५ का इन्द्रजीत पुन : आफ्नै घरमा राति सुतिरहेको बेला
गिरफ्तार गरेपछि प्रहरीले उनलाई बाहिर आँगनमा हात खुट्टा बाँधेर लडायो । त्यही अवस्थामा
गोली हानी उनको बाँच्न पाउने अधिकारको हनन् गरियो ।

**गएको वर्ष फागुन महिनाको पहिलो दिन रोल्पा, रुकुम र सिन्धुलीका एक-एक वटा प्रहरी चौकीहरुमा केही नकाबधारी व्यक्तिहरुले आक्रमण गरे । र उनीहरुले नारा लगाए - "माओवाद जिन्दावाद !" रोल्पामा सखी गाविसस्थित होलेरी प्रहरी चौकीमा राती दश बजेदेखि प्रहरी र आक्रमणकारीहरुबीच डेढ घण्टासम्म गोली हानाहान भयो । रुकुमको आठविसकोटस्थित प्रहरी चौकी र त्यहाँका गाविस अध्यक्षको घरमा पनि आक्रमण भयो । सिन्धुली माडीको प्रहरी चौकीमा रहेका केही कागजात जलाइए । गोरखा च्याङ्लीको कृषि विकास बैंक, साना किसान विकास आयोजनाको कार्यालयमा दिउँसो चार बजे नै हमला गरी कागजपत्र र केही अन्य सामग्री जलाइए । तर त्यसपछि छ दिनसम्म उल्लेखित घटनाहरुको जिम्मेवारी कुनै पक्षबाट लिइएन । फागुनको छैठौं दिन मात्र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सम्पूर्ण घटनाक्रमको जिम्मेवारी लियो । अनि त्यही दिन संयुक्त जनमोर्चा नेपालका अध्यक्ष डा. बाबुराम भट्टराईले एक प्रेस विज्ञप्ति जारी गर्दै भन्नु भयो - "... हालसालै नेपाली सर्वहारा वर्गको एकमात्र भरपर्दो र क्रान्तिकारी पार्टी नेकपा (माओवादी) ले - प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस गर्दै नयाँ जनवादी राज्यसत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं - भन्ने जुन आव्हान गरेको छ त्यो अत्यन्तै समसामयिक र सही छ र त्यस्तो जनयुद्धको बाटोमा लाग्नु र त्यसलाई सहयोग र समर्थन गर्नु बाहेक अरु कुनै विकल्प छैन भन्ने अब व्यवहारिक रुपले नै प्रष्ट भएको छ ।"**

रोल्पामा जनयुद्धको क्रममा मारिने एकजना बाहेक अरू कसैको अहिलेसम्म पोष्टमार्टम समेत गरिएको छैन। जिल्लाभरमा अहिलेसम्म २३ जना माओवादी प्रहरीको कारवाहीबाट मारिएका छन्। तर चैत ११ गते प्रहरी हिरासतमा मारिएका इमानसिंह रोकाको शवको मात्र पोष्टमार्टम गरिएको छ। उनलाई ०५२ साल चैत ११ गते लिवाङ्ग मै मारिएपछि रातारात गाडीमा राखेर लमही पुऱ्याइयो। त्यहीं उनका आफन्त देउसिंह रोकालाई लगेर डा. गरिबदास ठाकुरले गरेको पोष्टमार्टमको रिपोर्ट देखाइएको थियो। जसमा जण्डीस भएर मृत्यु भएको कुरा उल्लेख छ।

भक्तबहादुर सुनारको हिरासतमा कुटाइ खाँदाखाँदै ०५३ साल साउन १० गते मृत्यु भयो। तत्पश्चात सुनारको शवलाई रातारात गाडीमा हालेर तेवाङ्ग पुऱ्याइयो। त्यहींको खोलामा मुठभेडमा मरेको भन्ने झूठो खबर प्रचारमा समेत ल्याइयो। साउन २० गतेकै वरिपरी सुनारलाई कुटपिट गरेर मार्ने प्रहरी जवान श्यामबहादुर के.सी.लाई प्रमोशन गरेर हवल्दार बनाइयो। भक्तबहादुर सुनार दलबीर पुनले लेखेको जाहेरीमा सदरमुकाममा तारेख खेप्न आएका थिए।

लाशहरूको पोष्टमार्टम किन हुँदैन ? प्रहरीको कारवाहीबाट मारिनेहरूको जवाफदेही हुने प्रहरी प्रशासनसंग कुनै जवाफ छैन। जिल्लामा गत साउन महिनादेखि कार्यरत एस.पी. गोपालमान श्रेष्ठ सहज जवाफ दिन्छन् -

---

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी)**

**केन्द्रीय समिति**

मिति : ६ फागुन ०५२

**प्रेस वक्तव्य**

नेपाली समाजको वर्गसंघर्षको विकासको ऐतिहासिक सन्दर्भ तथा आजको समग्र संकटको स्थितिमाथि गंभीरतापूर्वक विचार गर्दा क्रान्तिकारी रुपान्तरणको प्रक्रिया बाहेक समस्या समाधानको अर्को विकल्प नरहेकोले हाम्रो पार्टीले यही फागुन १ गते आम जनसमुदायलाई जनयुद्धको बाटोमा अघि बढ्न अपील गरेको थियो । उक्त अपीलसंगै वर्तमान प्रतिक्रियावादी गठबन्धन सरकारले चलाएको राज्यआतंकद्वारा आक्रोशित जन समुदायले मुख्यत: ती नै ग्रामीण इलाकाहरुमा सामन्त, नोकरशाह र दलाल पूँजीपतिवर्ग एवं उनीहरुको राज्यसत्ताका विरुद्ध सशस्त्र कारवाही एवं प्रचारका गतिविधि अगाडि बढाइरहेका छन् । हाम्रो पार्टी के ठान्दछ भने यी गतिविधिहरु प्रतिक्रियावादका विरुद्ध नेपाली जनताले चलाउँदै आएका वर्गसंघर्षका उच्चतम अभिव्यक्ति हुन् । त्यसकारण सामन्त, नोकरशाह र दलाल पूँजीपतिवर्ग एवं उनीहरुको राज्यसत्ताका विरुद्ध परिलक्षित जनताका यस प्रकारका क्रान्तिकारी गतिविधिहरुलाई हर तरहले सहयोग समर्थन, रक्षा र विकास गर्न हाम्रो पार्टी सम्पूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त एवं जनतान्त्रिक शक्तिहरुसंग हार्दिक अनुरोध गर्दछ ।

प्रचण्ड
महामन्त्री
केन्द्रीय समिति
ने.क.पा. (माओवादी)



*गुम्चालबाट एकदिन टाढा सदरमुकाममा तारिख खेप्न आएका ग्रामिण वासिन्दाहरू*

"जनयुद्धसंग सम्बन्धित विषयमा कुनै पनि कुरा बोल्ने अधिकार हामीलाई छैन। हामीलाई कुनै वक्तव्य, प्रतिक्रिया र अन्तरवार्ता नदिनु भन्ने माथिको निर्देशन छ।" तर पोष्टमार्टम किन भइरहेको छैन ? एस.पी. श्रेष्ठ भन्छन् - "डाक्टर नै नभएपछि कसरी पोष्टमार्टम हुन्छ ?" जिल्लामा अहिलेसम्म जेलवाङ्मा ४ जना, तेवाङ्मा २ जना, गाममा ३ जना, सेरममा २ जना, हुवामा ३ जना, झेनाममा २ जना, खुंग्रीमा १ जना, मिरूलमा १ जना, कोटगाउँमा १ जना, उवामा ३ जना र प्रहरी हिरासतमा १ जनालाई माओवादीको नाममा प्रहरीले गोली हानेर र कुटपिट गरेर घोषित रूपमा हत्या गरिसकेको छ। अघोषित हत्याको त लेखाजोखा र खोजखबर गर्ने कुनै निकाय नै छैन।

जेलवाङ्मा मारिएका चार जनामध्ये एकजना व्यक्तिलाई प्रहरीले भीरबाट लडाएर मारेको कुरा पनि गाउँलेहरू बताउँछन्। गृहप्रवक्ताको जानकारीमा त्यो एकजनाको मृत्यु उल्लेख छैन। बाँकी पाँच जनामा जेलवाङ्ग ४ का १९ वर्षीय लालबहादुर बुढा, ३४ वर्षीय किसान हस्तबहादुर बुढा, परमान बुढा र हुते बुढा तथा वीरबहादुर बुढालाई गोली हानेर हत्या गरेको थियो। कहीं पनि प्रहरीसंग मुठभेड भएको पाइँदैन।

साउन २१ गते गाम गाविस वडा नम्बर-४, डाङ्गा भन्ने ठाउँमा बस्ने टेकबहादुर बुढालाई न्हुलेखर्कको वनमा खुट्टा र छातीमा दुइवटा गोली हानी हत्या गरियो। त्यहाँ ६५ जना माओवादी थिए। ती मध्ये ६४ जना चाहिं भागे। त्यो ठाउँबाट प्रहरीले ८ वटा भरूवा बन्दुक, क्यामेरा लगायत केही दर्शन र जनयुद्ध सम्बन्धी किताबहरू बरामद गरेको थियो। गाममा प्रहरी ४ नम्बर वडा निवासी बीरबहादुर बुढा भन्ने राप्रपाको फटाहाको संरक्षणमा रहेका छन्। तीमध्ये ३४ जना प्रहरी पुँवार खोलामा रहेको बुझिएको छ।

"साउन २६ गते भारतबाट नोकरी गरी फर्केको नरेन्द्र रोका भन्ने व्यक्ति उवामा आइपुग्दा आफ्नो पुरानो साथीसंग भेट भयो। उनले करिब ४० हजार रूपैयाँ कमाएर ल्याएको थियो। गाउँको बाटो घर पुग्न कठीन हुने कुरा भेटिएको साथी गोरे थापाले बताएपछि ऊ गोरेसँगै जंगलको बाटो लाग्यो। तर घर नपुग्दै बीचमा गोरे थापा र नरेन्द्र रोका दुबैलाई प्रहरीले गोलीको शिकार बनायो। नरेन्द्र रोकाले ल्याएको ४० हजार नगद र लत्ता कपडा प्रहरीले नै लुटेर लियो। दुबैलाई माओवादी पार्टीसंग कुनै मतलब थिएन।"

"भदौ २८ गते शुक्रवार विहान हुनु अघि स्यूरीमा एकजनाको घाँटी अज्ञात व्यक्तिले खुकुरीले हानी श्वास नली पूरै छिनालिदियो। पीडितलाई मन्त्री बालाराम घर्तीमगरले चिन्ने भएको हुँदा तुरून्तै हेलिकोप्टरमा हालेर काठमाडौं ल्याई शिक्षण अस्पतालमा उपचार भइरहेको छ। तर कसले किन खुकुरीले त्यति जघन्य ढंगले प्रहार गर्‍यो? भन्ने कुरा अझै खुल्न आएको छैन।

"भदौ १७ गते सोमवार कोर्चावाङ्का वासिन्दाहरू थवाङ्मा जलजलाको मेला हेर्न गएका थिए। उनीहरूले आफ्नो भाकल पनि लिएर गएकोमा फर्कंदा छ जनालाई नै इलाका प्रहरी कार्यालय थवाङ्का प्रहरीहरूले माओवादी भनेर पक्राउ गरी केरकार गर्न थाले। ती तीर्थयात्रीहरूले कोर्चावाङ्गवासी र एमाले समर्थक भएको विस्तृत विवरण दिंदा पनि प्रहरीले छोडेनन्। उल्टै उनीहरूले बली चढाएर ल्याएको चारवटा मध्ये २ वटा बोका लिएर कागज गराइसकेपछि बल्ल छोड्ने काम गरियो।"

"होमा गाविसमा जयधन थापा, इन्द्रजीत पुन र लहरे बुढा तीनजनालाई चैत ७ गते घरबाट जबर्जस्ती बाहिर निकाली आँगनमा ल्याएर हात खुट्टा बाँध्ने काम भयो। अनि हत्कडी लगाएकै अवस्थामा गोली हानेर मारियो।"

"दुबिडाँडा गाविसमा चोपबहादुर डाँगी र ज्ञानेन्द गिरीलाई चैत १२ गते कागपानीको जंगलमा ल्याएर हत्कडी लगाएकै अवस्थामा गोली दागेर हत्या गर्ने काम भयो। ती दुई मध्ये चोपबहादुर संयुक्त जनमोर्चा (भट्टराई) समूहको एरिया सेक्रेटरी थिए। तर ज्ञानेन्द्र गिरी विचरा विद्यार्थी रहेको बुझिएको छ। उनीहरूको शरीरमा प्रहरी यातनाको निलडाम देखिन्छ भनेर राती नै कागपानीको जंगलमा जलाइयो।"

"मिरूल गाविसका मूलमान बुढालाई चैत १५ गते गोठबाट पक्राउ गरेर वनमा लगी गोली हानेर मारिएको छ। उनकी पत्नीलाई जबर्जस्ती दागबत्ती दिन लगाएर पुलिसले उनको दाहसंस्कार गर्‍यो।"

"कोटगाउँ गाविस उपाध्यक्ष तिलकराम बुढा, जो जनमोर्चाको गतिविधिप्रति असन्तुष्ट रहेर नेकपा (एमाले) प्रति आकर्षित थिए। उनलाई चैत ३ गते घरबाट प्रहरी चौकीमा ल्याइयो। अनि जंगलमा लगेर मारिएको छ। तर प्रचार गर्दा मशाल बालेर आक्रमणको नेतृत्व गरेको भन्ने गरिएको छ।"

खुंग्री गाविसमा बिनबहादुर परियार भन्ने फोक्से दमाइलाई चौकीमा लगेर चैत १८ गते मारिएको छ। उनीसंग चैते दशैंका दिन असई परमानन्द जोशी खसी किन्न आएको थियो र उसले ८ सय मूल्य गर्‍यो। तर विन बहादुरले ११ सय। पछि असइले खसी पनि ८ सयमा लग्यो। अनि बेलुका चौकीमा विनबहादुरलाई लगेर रातो फेटा लगाई जिलेटिन थमाइदिएर चौकीमाथि हमला गर्न आएको निहुँ बनाई गोली हानेर हत्या गरियो।"

रोल्पाको साक्षरता प्रतिशतको कुनै आधिकारिक तथ्यांक उपलब्ध छैन। तापनि

करिब २७ प्रतिशत साक्षरता रहेको अनुमान गरिएको छ। जिल्लामा एउटा पनि क्याम्पस छैन। सदरमुकामको हाइस्कूलमा संचालित १० जोड २ को कक्षा समेत न्यून विद्यार्थी संख्याको कारण जीवन मरणको दोसाँधमा पुगेको छ। ०३३ सालसम्म जिल्लामा एउटा पनि सरकारी हाइस्कूल थिएन। अहिले हाइस्कूलको संख्या संख्याको हिसाबले १४ पुगेको छ। जिल्लाभरीका १४ वटा हाइस्कूलमा अहिले केवल १ हजार २ सय ६० विद्यार्थीहरू अध्ययनरत छन्। तर रोल्पामा फागुन १ गतेदेखि संचालित जनयुद्धको गंभीर मार रोल्पाको शिक्षा क्षेत्रमा परेको छ। वडाचौरको हाइस्कूल करिब २ महिना नै बन्द भयो। जेलवाङ्ग र घर्तीगाउँका माध्यमिक विद्यालयहरू समेत बन्द हुने, खुल्ने गरेर पढाई नियमित नभएकोले विद्यार्थीहरू मर्कामा परेका छन्। जिल्लाभरका १४ मा.वि., २४ नि.मा.वि. र २ सय १५ प्रा.वि.मा कार्यरत ८ सय ८९ शिक्षकहरूमध्ये ६० प्रतिशत शिक्षक संख्या प्युठान, गुल्मी लगायतका अन्य जिल्लाको रहेको छ भने केवल ४० प्रतिशत जिल्ला भित्रकै। त्यसमा पनि नि.मा.वि. र मा.वि. तहको करिब ८०-९० प्रतिशत संख्या स्थानीय छैन। प्रशासनको आँखामा माओवादीको नाममा अभियुक्त घोषित भएका धेरै व्यक्तिहरू शिक्षक नै रहेका छन्। रोल्पा जेलमा थवाङ्ग हाइस्कूलका प्रधानाध्यापक तथा नेपाल राष्ट्रिय शिक्षक संगठन रोल्पाका अध्यक्ष मदन शर्मा लगायतले बन्दी हुनु परेको छ। अन्य २० औं शिक्षकले अहिले जेल, हिरासत र मुद्दा मामिलाको झमेला बेहोरिरहेका छन्। बिसौं शिक्षक फरार छन्। यसले गर्दा त्यहाँको शैक्षिक वातावरण तहसनहस हुन पुगेको छ।

६ महिना आफ्नो खेतबारीको उत्पादनले धानिन धौ धौ पर्ने रोल्पाली जनताको जनजीवन अहिले कति अप्ठेरोमा गुज्रिएको होला ? सहजै अनुमान गर्न सकिन्छ। प्रायः गाउँमा जनप्रतिनिधि छैनन्। खासगरी जनयुद्ध प्रभावित गाविसहरू लिवाङ्ग, थवाङ्ग, उवा, सेरम, प्वाङ्ग, सिउरी, हार्जन, गाम, गुम्चाल, बडाचौर, सिर्प, तेवाङ्ग, अरेस, जेलवाङ्ग, जैमकमला, फगाम, होमा, धवाङ्ग, राङकोट, कुरेली, मिरूल, जिनावाङ्ग, भावाङ्ग, राङकोट, कोर्चावाङ्ग, कोटगाउँ, इरिवाङ्गबाट निर्वाचित जनमोर्चाका अध्यक्ष, उपाध्यक्षहरू कतिपय ठाउँमा मारिएका छन् धेरैजसोमा सबैलाई मुद्दा लागेको छ। कतिपय चाहिं फरार रहेका छन्। यसले गर्दा गाउँको विकास, निर्माणमा समेत गंभीर असर परेको छ। जिविस रोल्पाको रेकर्ड अनुसार



*कागपानीको जंगलमा मारिएका ज्ञानेन्द्र गिरी : उनलाई हत्कडी लगाएकै अवस्थामा गोली हानिएको थियो ।*

गएको आर्थिक वर्षमा गाम गाविसले पउने ५ लाख मध्ये ५० हजार रूपैयाँ मात्र लिएको छ। सेरम, तेवाङ्ग, जेलवाङ्ग, थवाङ्ग, धवाङ्ग, भावाङ्ग र कोटगाउँमा गाविसको खातामा १/१ लाख रूपैयाँ जम्मा भएको छ। तर योजना छनौट, सर्भे र कार्यान्वयन गरेर कहीं पनि रकम खर्च भएको छैन। अधिकांश गाविसमा गाविसको बैठकको लागि गणपुरक संख्या नै नपुगेर बैठक हुन सकेको देखिंदैन। विकास योजना धेरै ठाउँमा संचालन हुन सकेका छैनन्। एक दुई ठाउँ बल्ल तल्ल संचालन भएको भएता पनि अनुगमन गर्ने काम हुन नसकेको कुरा जिविसका इन्जिनियर लक्ष्मीलाल चौधरी बताउँछन्।

गत वर्ष नै रोल्पाका सबै जग्गाको वैज्ञानिक ढंगले नापी गर्ने काम सम्पन्न भएको थियो। तर फागुन १ गतेपछि उत्पन्न स्थितिले गर्दा नापी कार्यालयले तयार पारेको लालपूर्जा वितरण कार्य २७ गाविसमा हुन सकेको छैन। लालपूर्जाका लागि गाउँलेहरूले आफ्नो फोटो दिन मान्दैनन्। अझ फरार रहेकाहरूको फोटो प्राप्त गर्नु त झन् असम्भव जस्तै भएको छ।

नापी कार्यालयले गत वर्ष नै सम्पूर्ण लालपूर्जा बाँडी सक्नु पर्ने कार्यक्रम थियो। तर साउन महिनामा ९ वटा टोलीलाई फोटो संकलन गर्न ३/३ गाविसको जिम्मा दिएर गाउँ गाउँमा खटाएको थियो। २७ वटा गाविसहरू थवाङ्ग, उवा, सेरम, प्वाङ्ग, सिउरी, हार्जन, गाम, गुम्चाल, बडाचौर, सिर्प, तेवाङ्ग, अरेस, जेलवाङ्ग, जैमकमला, फगाम, जङ्गकोट, होमा, धवाङ्ग, खुंग्री, मिझिङ्ग, खुमेल, राङ्कोट, कुरेली, मिरूल, जिनाबाङ्ग, लिवाङ र गजुलमा गएको फोटो संकलन टोलीले नागरिकताको फोटोबाट समेत फोटो खिचेको थियो। प्रत्येक गाविसमा ३/३ दिन बस्दा समेत भदौको पहिलो साता सदरमुकाम फर्केको ३ वटा टोलीले केवल ५० प्रतिशत फोटो संकलन गर्न सकेको कुरा निमित्त नापी अधिकृत देवराज ढकाल बताउँछन्। उनले जनाए अनुसार फोटो प्राप्त नभएकाहरूको लालपुर्जा मालपोत कार्यालयमा पठाउने र पछि त्यहींबाट लिने व्यवस्था छ। रोल्पामा आउँदो वर्षदेखि बल्ल मालपोत ऐन लागू हुने भएको छ।

जिल्ला अदालतमा ०५२ माघमा २० वटा मुद्दा दायर भएका भए पनि ३ वटाको मात्र किनारा लगाउने काम भएको थियो। तर त्यसपछि मुद्दा नै आउन छोडेका छन्। फागुनमा सरकारवादी भएका जनयुद्धसंग सम्बन्धित २ वटा, चैतमा ३ वटा, बैशाखमा ८ वटा, जेठमा ३ वटा र असारमा ६ वटा मुद्दा परेको देखिन्छ। एउटै मुद्दामा दशौं मान्छेलाई फसाउन प्रहरीले अनेक कृते जाहेरी पेश गर्ने गर्दछ। तर फागुन, चैत, बैशाख र जेठका कुनै पनि मुद्दाको किनारा लगाउने गरेको देखिंदैन। वर्षभरीमा परेका ८३ वटा मुद्दा मध्ये अदालतले केवल ३३ वटा मुद्दाको फैसला गरी टुंगो लगाएको देखिन्छ। न्यायाधीश प्रायःजसो जिल्लामा नरहने कारणले गर्दा पनि न्याय सम्पादन साह्रै ढिलो हुन गएको

छ। तर जनयुद्धपछि तारेख र मुद्दा खेप्न सदरमुकाम आउने व्यक्तिलाई नै प्रहरीले गिरफ्तार गरी हिरासतमा लगेर कुटी कुटी मारेपछि कोही पनि तारेख खेप्न समेत डराएको देखिन्छ। अझ प्रहरीले दायर गरेको कतिपय सरकारवादी मुद्दामा जिल्लाका वकिलहरूलाई समेत बहस गर्न नदिई आतंकित पार्ने काम भएको पाइन्छ। प्रहरीले आशंकाको भरमा समातेको कुनै पनि व्यक्तिलाई कुनै न कुनै घटनामा संलग्न भएको साबिती बयान नगराएसम्म यातना दिन र हिरासतमा राख्न नछोड्ने प्रवृत्ति देखिन्छ। अदालतमा परम्परागत रूपमा दायर गरिने मुद्दाहरूको त चाप एकदमै घटेको छ। मानिसहरू न्याय पाउन अदालत समेत धाउन छोडिसकेका छन्। जिविस सभापति झक्कुप्रसाद सुवेदीको मुद्दामा त तत्कालीन डि.एस.पी. जीतबहादुर पुनले वकिलहरूलाई भेटघाट, सरसल्लाह र कानूनी मद्दत गर्नबाट नै वञ्चित गरियो।

जिल्लामा माओवादी भनेर जसले जसलाई फसाउन पनि छुट पाएको छ। चुक्ली लगाएकै भरमा प्रहरी पक्राउ गर्ने देखि गोली ठोक्ने सम्मको काम गर्न पछि पर्दैन। झूठ्ठा मुद्दा र प्रहरी यातनाको त कुरा गरी साध्य छैन। लिवाङ्गका एक वासिन्दा, गाविस सचिव पहलमानसिंह भन्छन् - "गाविस उपाध्यक्ष समेत फरार हुन वाध्य छन्। विदेशतिर गएको खबर आएको छ। सिंगो जिल्ला आतंकित छ। मानिसहरू गाउँघरबाट सदरमुकाम आउन छाडेकोले लिवाङ्ग बजार सुनसान हुन थाल्यो। तर झूठ्ठा मुद्दा लगाउने क्रम जारी छ।" अर्का एक जना ल फर्ममा काम गरिरहेका प्रेमबहादुर के.सी.को भनाई झन रमाइलो छ। उनी भन्छन् - व्यक्तिगत रिसइबी साँध्न फागुन १ गतेपछि निकै सजिलो भएको छ। आफूले भनेको नटेरेको भरमै फसाउने षडयन्त्र पनि थुप्रै गरेको भेटिन्छ। आगो लगाउने, ज्यान मार्ने काम गर्ने वास्तविक अपराधी भेट्नुको सट्टा सोझा सिधा जनतालाई फसाउने गर्नाले सर्वसाधारणको जनजीवन साह्रै असुरक्षित भएको छ। जाहेरवालाले मुद्दा हालेकै छैन भन्छ। तर बितेको १ वर्षदेखि मानिसले मुद्दा खेपीरहेका छन्। जनयुद्ध पछि त यस्ता नक्कली जाहेरीको संख्या कति बढेको छ कति ? कुनै हरहिसाब गर्न सकिंदैन। त्यसैले जिल्लामा पूरा त्रास छाएको छ। कुन दिन कहाँ, को मर्ने हो भन्ने चिन्ताले सबैलाई ग्रसित तुल्याएको छ। कुनै *राजनीतिक पक्षमा लागे पनि सुख छैन, नलागे* पनि सुख छैन।"

# मानवअधिकारवादी धारणा

## २०५२ चैत १० गते प्रसारित मानवअधिकार शिक्षा रेडियो कार्यक्रमको मूख्य अंश

आम मानिसका लागि जुन सुकै पक्षबाट जो सुकै व्यक्तिको हत्या गरिनु दुःखको कुरा हो। गएको फागुन महिनाको सुरूवातदेखि देशमा एउटा राजनीतिक खेमाबाट जनयुद्धका नाममा शुरू गरीएको आक्रमणकारी कार्वाहीहरूका क्रममा थुप्रै नेपालीहरूको ज्यान गैसकेको छ। यस विच कथित माओवादी हरूद्वारा सिन्धुपाल्चोक, रोल्पा र रूकुममा ८ जना को हत्या गरिसकेको छ। अनि यस्ता आक्रमणकारी घटनाहरूको नियन्त्रण गर्ने नाममा चलाइएका प्रहरीका गोलीद्वारा १३ वर्षका बालकहरू र महिलाको समेत मृत्यु भैसकेको छ। तर हामी दिनहुँजसो यस्ता घटनाहरू भै रहेको समाचारहरू सुनिरहेका छौं , पढिरहेका छौं।



**तस्वीरमा देखिएका बालबालिकाले पनि त्यत्रो त्यत्रो हतियार चलाए होलान् त ? : ०५३ साल बैशाख २४ गते माओवादी भएको "अभियोग" मा गिरफ्तार गरिएका अमले, सिम्ले, सिन्धुलीका बासिन्दा**

आखिर यस्तो किन भै रहेको छ ? यतिखेर आम मानिस र मानवअधिकारवादीहरूको चिन्ताको विषय यही हो। मानवअधिकार शिक्षा कार्यक्रमका नियमित स्रोता शिव माध्यमिक विधालय शिव वस्ती नवलपरासीका गोविन्द किरण सुबेदीले पनि यस्तै चिन्ता गर्नु भएको छ। उहाँले लेख्नु भएको छ " रोल्पा, रूकुम, जाजरकोट आदि ठाउँहरुमा माओवादीहरूले जनयुद्धको नाममा गरेका मान्छे काट्ने, घर जलाउने जस्ता कार्यहरूबाट मानवअधिकारहरूको व्यापक उल्लंघन भएको छ। त्यस्तै सरकारले पनि तिनीहरूको गोली हानी हत्या गरी माानवअधिकारको वास्ता गरेको छैन। मेरो विचारमा दुवै पक्षबाट राजनीतिक समझदारी कायम गरेर यस्ता घट्नाक्रमहरूलाई रोक्नु पर्छ। यस सम्बन्धमा प्रयास गर्नु सरकारको दायित्व होइन र ?

कालिका गा.वि.स. वडा नं ४ विमिरापानी कास्कीका महेश्वर घिमिरेले यी घटनाहरूको नियन्त्रणकालागि मानवअधिकार संस्थाहरूले के कस्ता पहल गरेका छन भन्ने जिज्ञासा लेखि पठाउनु भएको छ। त्यस्तै त्रिवेणी माध्यमिक विद्यालय, रूघा, रूकुमका विद्यार्थी टेक बहादुर ओली खराल बन्धुले लेख्नु भएको छ " के एक जनाले नराम्रो आतंक मच्चाउँदैमा त्यो ठाउँवासी सबैलाई विना कारण निर्मम यातना दिनु मानवअधिकार हो ? हाम्रो रूकुम लगायतका जिल्लाहरूमा यस्तै गरिन्छ। यहाका सम्पूर्ण गाउँवासीहरू घर छाडेर वडार र परालका टौवामा वस्न वाध्य छन्। के तपाईंहरू यसको विरोध गर्न सक्नु हुन्छ। मैले भन्न खोजेको कुरा के हो भने आतंक मच्चाउनेलाई मात्र कडा भन्दा कडा कर्वाही गर्नु पर्छ। सर्वसाधारण जनतालाई अमानविय कार्य गरी दुःख दिनु हुँदैन।

कचनापुर.गा.वि.स. वडा नं ५ महुवा गाउँ बाँकेका भिमराज ओलीले ०५२ फागुन १६ गते राती भएको घटना भनी एउटा घट्नाका सम्बन्धमा लेखि पठाउनु भएको छ। " उहाँका अनुसार त्यस रात मुकुण्डो लगाएका १०/१२ जना व्यक्तिहरुले केरेटी गा.वि.स. वडा नं २ टुक्लाका दिल बहादुर घर्तीलाई कोट गाउँबाट फर्किरहेको अवस्थामा आक्रमण गरे। उनलाई हतौडाले प्रहार गरी मारियो। भिम राज ओलीले आफ्नो पत्रको अन्त्यमा सोध्नु भएको छ" *आफ्नो काममा गएर घर फर्किरहेको व्यक्तिलाई आक्रमण गरी यसरी मारी दिनु त्यस व्यक्तिको मानवअधिकार हनन भएन र ? कालिका गा.वि.स. वडा* नं १ पाण्डेवारी कास्कीका "अस्मित" राजेश कुमार शर्माले आक्रमणकारीहरूलाई नियन्त्रण गर्ने नाममा भै

सदरमुकाम लिवाङ्ग बजारमा प्रायः प्युठानी व्यापारीहरू छन्। तर फागुन १ गते अघि दैनिक ५/७ हजारको मालसामान बिक्री हुने किराना, भाडा वर्तन र कपडाको पसलमा अहिले दैनिक १/२ हजारको बिक्री पनि मुश्किलले हुने गरेको छ। प्रायः पसलेहरू आफ्नो पुरानो कारोवार मिलाउनका लागि मात्र बसिरहेको बताउँछन्। उनीहरूको एउटै भनाई पाइन्छ - "घरभाडा नै तिर्न गाह्रो परेपछि कसरी अब यहाँ बस्न सकिन्छ ?" गाउँमा के घटना घट्छ ? भन्ने कुरा गाउँबाट फाट्ट फुट्ट सदरमुकाममा किनमेल गर्न आउने महिलाहरूबाट मात्र खुल्छ। नत्र भनें रोल्पाका गाउँहरूमा भइरहेको अत्याचारले गाउँको सीमा नै काट्न गाह्रो पर्ने गरेको छ। पसलहरूमा भेटिने प्रायः महिलाहरू भन्छन् - "लोग्नेमान्छे घरमा छैनन्। प्रहरीले मध्यरातमा ढोका हान्छन्। राती राती आएर खसी, बोका, कुखुरा लिन्छन्। मध्यरातमा आए पनि ढोका नखोली सुख छैन। आफ्नो इज्जत बचाउने कि ? भएको जाय जेथा जोगाउने अथवा छोरी चेलीको इज्जत जोगाउने ? गाउँमा बाँच्न नै कठीन भयो। लोग्ने मान्छे हुँदा कमसेकम बेसाहा त हिंड्थे। तर अब बेसाहा हिंड्ने मान्छे पनि छैनन्।"

प्रहरीहरूका लागि रोल्पा अहिले दुहुनो गाई नै भएको छ। घर खानतलासी गर्ने नाममा एउटा घरबाट प्रहरीहरूले थोरैमा १०/१२ हजार नगद र २/४ तोला सुन लुट्न पल्केका छन्। त्यसैले गाउँ गाउँ र चौकीहरूमा जान प्रहरीहरूबीच नै हानथाप हुने गरेको पाइन्छ। रोल्पाले भावावेगमा नेकपा (माओवादी) द्वारा गरिएको कथित जनयुद्धका दुष्परिणामहरूलाई बडो पीडावोधका साथ बेहोरिरहेको छ। गाउँ गाउँमा प्रहरीले बन्दुक सोझ्याएर सर्वसाधारण नागरिकहरूलाई आतंकित गरिरहेको छ। माओवादीले पिछडिएको, घना जंगल, भीर पखेरा र दुर्गम इलाका भनेर जुन ढंगले रोल्पालाई आधार इलाका बनाउन खोजेका थिए, गाउँमा विद्यमान सरकारी राज्य आतंकले त्यो कुरालाई झूठो सावित गरिदिएको छ। गाउँका जनता मानसिक, भौतिक र नीतिगत हिसाबले पनि जनयुद्ध र यसका रूप र चरण बारे जानकार छैनन्। माओवादीको केन्द्रीय कमिटी, रिजनल हेडक्वाटर लगायतका सम्पूर्ण तहका सर्कुलर र जनयुद्धको पूरै रणनीतिका "गोप्य" दस्तावेजहरू पूरापूर रूपले जसरी प्रहरीले कब्जा गर्न सकेको छ, त्यसका पछाडि पनि जनता राम्ररी सचेत, शिक्षित र प्रशिक्षित हुन नसकेको कुरा स्पष्ट हुन्छ। त्यसमा पनि माओवादीले

रहेका कार्वाहीहरूमा गहुँ पिस्ने क्रममा घुन पनि पिसिदै गरेको कुरा उल्लेख गर्नु भएको छ। उहाँले लेख्नु भएको छ " अहिले देशमा क्रान्ति र जन युद्धको नाममा हत्या गरी आतंक फैलाउने काम भैरहेको छ। यसै गरी आतंककारीहरूलाई नियन्त्रण गर्ने नाममा पनि गोली हानी मानिसको हत्या गर्ने काम भै रहेको छ। जनयुद्धको नाममा निर्दोश व्यक्तिहरूलाई मार्ने, कुट्ने र धम्क्याउने काम भै रहेको वेला देशका मानवअधिकारवादी संस्थाहरू मौन रहेका छन्।

यी घट्नाहरूका सम्वन्धमा मानवअधिकार संस्थाहरूको धारणा कस्तो रहेको छ। भन्ने जिज्ञासा तपाइहरूमा हुनु स्वभाविकै हो। यस विषयमा हामी एकै छिन पछि चर्चा गर्ने नै छौं तर त्यस भन्दा पहिले हामी श्रोताहरूकै यहि घट्नाक्रम सम्बन्धी अन्य जिज्ञासाहरूका बारेमा उल्लेख गर्दै छौं। त्रिवेणी माध्यमिक विद्यालय रूघा रूकुमका विद्यार्थीहरू टेक बहादुर ओली र होम बहादुर ओलीले संयुक्त रूपमा लेख्नु भएको छ " हाले रूकुम, रोल्पामा आतंक निकै चक्रिएको छ। जनतालाई सुरक्षा प्रदान गरिएको छ भनिदैछ। तर के जसलाई पायो त्यसलाई गिरफ्तार गर्नु , यातना दिनु, धम्क्याउनु जनतालाई सुरक्षा प्रदान गर्नु हो ? प्रहरीको गोलीबाट कैयौंको ज्यान गैसकको छ। के यो मानवअधिकारको उल्लंघन होइन ? सुकाढिक गा.वि.स. वडा नं १ मुगुकी कमला भट्टराईले पनि यहि विषयमा लेख्नु भएको छ " रोल्पा रूकुम आदि जिल्लाहरूमा आज भोली भएका हिंसाका घटनाहरू तथा प्रहरीका कार्वाहीहरूबाट समेत मानवअधिकार हनन भैरहेको छ। यहि विषयमा कपिलाकोट गा.वि.स. वडा नं ९ धमिले सिन्धुलीका ऋषि राम गर्तौलाले आफ्नो धारणा यसरी व्यक्त गर्नु भएको छ " अहिले देशमा माओवादीको नाममा आतंक मच्चिएको छ। आतंक मच्चाउनेहरूलाई पक्राउ गर्ने नाममा त्यस्ता कार्यहरूमा सामेल नभएकाहरूलाई पनि अनुसन्धान गर्ने भनी पक्राउ गर्ने गरिएको देखिन्छ।"

बिजुवार गा.वि.स. वडा नं ७ टारी प्यूठानका हाम्रा नियमित स्रोता निवेदन वैध्यले लेख्नु भएको छ " हाल रोल्पा लगायतका जिल्लाहरूमा कथित माओवादी गुरील्लाद्वारा भएका हिंसात्मक घटनाहरूबाट मानवअधिकारहरूको व्यापक उल्लंघन भएको छ। तर विरेन्द्रनगर चोक सुर्खेत वडा नं ६ का भागिराम कार्की र भक्त बहादुर भण्डारीले यहि घट्नाक्रमको अर्को पक्ष तर्फ औंल्याउनु भएको छ। उहाँहरूले लेख्नु भएको छ " ०५२ फागुन १६ गते रोल्पामा प्रहरीको गोलीबाट माओवादीको दमन गर्ने नाममा ६ जना व्यक्तिको एउटै थलोमा हत्या गरियो। अहिले जिल्ला जिल्लाबाट हजारौं मानिसहरू पक्राउ परेका छन्। तिनीहरूलाई यातना पनि दिइँदै छ। के यसो गर्नु पनि मानवअधिकारको उल्लंघन होइन र ?

यस्तै यस्तै किसिमका जिज्ञासाहरू भिमढुंगा गा.वि.स. वडा नं ६ काठमाण्डौका उत्तम वीरही , पोखरा नगरपालिका १६ का दिलिप शर्मा , कोतगाउँ रोल्पाका भद्र सिंह घर्ती, धनगढी कैलालीका एल.के. भट्टराईले पनि लेखेर पठाउनु भएको छ। पशुपति माध्यमिक विद्यालय ताप्रा वाजुराका शिक्षक जहर सिंह थापाले लेख्नु भएको छ " हाल नेकपा माओवादीले रूकुम रोल्पा गोरखा आदि जिल्लाहरूमा संचालन गरेको संघर्षका कारण धेरैजना मानिसहरू घाइते र अपाङ्ग भएका खवर रेडियो मार्फत सुन्न पाइन्छ। के तपाईंहरूले ति जिल्लाहरूमा गएर अध्ययन अनुसन्धान गरी सर्वसाधारण जनतासामु ती क्रियाकलाहरूका वारेमा प्रष्ट वताउनु भएको छ ?

जहर सिंहजी ती घटनाहरूका वारेमा मानवअधिकार संस्थाहरूले आ-आफ्नो धारणा प्रष्ट पारीसकेका छन्। र घटनाका सम्बन्धमा स्थलगत अध्ययनको प्रतिवेदन पनि मानवअधिकार संस्थाहरूले चाँडैनै प्रकाशित गर्नेछन। मानवअधिकार संस्थाहरू जुनसुकै पक्षवाट भएका हिंसांको विरोध गर्दछन।

तानाशाही व्यवस्थामा जनतालाई वोल्ने लेख्ने र आफ्ना असन्तुष्टिहरूको अभिव्यक्ति गर्ने स्वतन्त्रतता हुँदैन।त्यसैले जनता कतिपय वेला त्यस्ता शासन व्यवस्थाका विरूद्धमा सशस्त्र रूपमा अघि बढेको कुरा हामी विश्व इतिहासमा पाउँदछौं। सन् १९४८ मा मानवअधिकारहरूको विश्व व्यापी घोषणा पत्र जारी गरिंदा जनताले विद्रोह गर्नु नै अन्तीम उपाय हो भन्ने नठानुन् भनेर जनताका नैसर्गिक अधिकारहरूको प्रत्याभुति गरिएको थियो। नेपालको वर्तमान संविधानले पनि जनताका आधारभूत अधिकारहरूको ग्यारेण्टी गरेको छ। हामी यो संविधान अन्तर्गत आफ्ना हक अधिकारका लागि शान्तिपूर्ण रूपमा सभा, जलुश आदि गर्न स्वतन्त्र छौं। हामीले मौलिक हक अधिकारहरू पनि पाएकै छौं यस्तो अवस्थामा जनताकै नाममा हात हतियार सहित आक्रमणकारी गतिविधिहरूमा संलग्न हुनु एकदमै असान्दर्भिक कुरो हो। मानवअधिकार संस्थाहरू पनि यो विषयमा एकदमै स्पष्ट छन। तर कुनै राजनीतिक पक्ष यस्तो मान्यताका विपरित सशस्त्र अभियानमा अघि बढ्ने नीति लागू गर्न खोज्छ भने के गर्ने ? यो सोचनिय कुरो हो। हाल नेकपा माओवादीका नाममा संचालित कथित जनयुद्धका वारेमा पनि गंभिरतापूर्वक सोचिएन भने शक्ति प्रयोग गरेर मात्र समस्याको समाधान हुने देखिदैन। यो समस्या राजनीतिक रूपमा उत्पन्न भएको समस्या हो। र यसको राजनैतिक रूपमै समाधान गर्न संबैधानिक अभ्यासमा अग्रसर सबै पक्ष लागि पर्नु पर्छ भन्ने धारणा मानवअधिकार संस्थाहरूको छ। स्रोताहरूलाई थाहै होला गएको फागुन २२ गते प्रधान मन्त्री शेर वहादुर देउवाले समसामयिक परिस्थितिका विषयमा छलफल गर्न आयोजना गर्नु भएको सर्वदलीय बैठक नेकपा माओवादीले चलाएको जनयुद्धकै विषयमै केन्द्रीत रहयो। तर त्यो क्रम किन अघि वढ्न सकेन ? अहिले आम जनसमुदायका साथ साथ मानवअधिकार संस्थाहरू वीच उब्जिएको प्रश्न यहि छ।

जनयुद्धका लागि गाउँ गाउँबाट संकलन गरेको आर्थिक सहयोग, उसको संगठनका लागि परेको आर्थिक संकट सम्बन्धी यावत भिना मसिना र गम्भीर प्रकृतिका कुरा समेत प्रहरीले कब्जा गर्न सफल भएको देखिन्छ।

माओवादीहरूका लागि विडम्बना नै हो - जनयुद्धको घोषणा गरेको करिब डेढ महिनापछि नै उनीहरूले अनुकूल र आधार क्षेत्रको परिकल्पना गरेको इलाकामा उनीहरू स्वयंले विरानो महशूस गर्नु पर्‍यो। पार्टीका विभिन्न निकायबीच हुनुपर्ने जीवन्त संचारको माध्यम अहिले टुट्न गएको सहजै बुझ्न सकिन्छ।

०५० साल साउनसम्म रोल्पामा १ सय ५१ जना प्रहरीको दरबन्दी थियो। अहिले प्रहरीको घोषित दरबन्दी बढाएर ३ सय ८७ पुर्‍याइएको छ। त्यसमा पनि पहिले डि.एस.पी. प्रहरी इन्चार्ज रहने व्यवस्था भएकोमा अहिले एस.पी.ले नै प्रहरी फोर्सको कमाण्ड संचालन गरिरहेका छन्। ०५० सालसम्म रोल्पाका विभिन्न ठाउँमा इलाका प्रहरी कार्यालय, प्रहरी चौकी र अस्थायी चौकी गरी ८ ठाउँमा मात्र प्रहरीको उपस्थिति थियो। अहिले त्यसलाई बढाएर होलेरी र उवामा इप्रका, सिर्प, पाखापानी, नुवागाउँ, भावाङ्ग, मिरूल, कोटगाउँ, जुँघार, गजुल, कुरेली, सुलीचौर, माडीचौर, जिनावाङ्ग, जेलवाङ्ग, बडाचौर र गाम जस्ता माओवादीले आधार गुँड ठानेका ठाउँमा प्रहरी चौकी विस्तार गरिएको छ। जिल्लाको सदरमुकाम नजिकैको देउपूजे भन्ने ठाउँमा एक सैनिक व्यारेक पनि जनयुद्धको शुरूवात भएपछि राखिएको छ।

रोल्पामा सामान्य कुटपिटका घटनाले राजनीतिक रूप लिने परम्परा ०५० सालदेखि बढेको हो। त्यसपछिको नौं महिनासम्म जिल्लामा खासै त्यस्ता घटना घटेको देखिँदैन। तर एमालेको सरकार ढलेर गठबन्धन सरकार बनेपछि लगत्तै सरकारी पूर्वाग्रह साँध्ने काम शुरू भयो। गाउँमा हुने सामान्य प्रकृतिका अपराधिक घटनालाई नै आधार बनाएर "रोमियो अपरेशन" संचालन भयो। रोमियो अपरेशनले सर्वसाधारण र सरकारी निकायबीचको दूरीलाई झन् बढायो। खासगरी नेपाली कांग्रेसको निर्देशनमा गरिए , उक्त रोमियो अपरेशनले जिल्लालाई झन् विकृति र विश्रृंखलताको खाडलतर्फ धकेल्यो। पहिले रोल्पाको ७ वटा ठाउँमा मात्र टेलिफोन सुविधा उपलब्ध रहेकोमा अहिले जनयुद्धले खास प्रभावित क्षेत्रहरूमध्ये गुम्चाल, जिनावाङ्ग, इरिवाङ्ग, घर्तीगाउँ, गजुल, होलेरी र खुंग्रीमा समेत टेलिफोन सुविधा पुगेर सबै सरकारी

विरेन्द्रनगर नगरपालिका वडा नं ११ चनौटे सुर्खेतका अशोक कुमार राईले पनि कथित जनयुद्ध र त्यसलाई नियन्त्रण गर्ने नाममा भएका कार्वाहीहरूकै सेरोफेरोमा लेख्नु भएको छ। उहाँले यहि घट्नाक्रमको उल्लेख गर्दै मानवअधिकारहरूको उल्लंघन भएन र भनी सोध्नु भएको छ भनी सोध्नु भएको छ।

सोल्पाठाना गा.वि.स. वडा नं . १ झगरे, सिन्धुलीका प्रकाश बरालले लेख्नु भएको छ ""हालसालै माओवादी जनमोर्चाको नाममा भएको जनतालाई आतंकित तुल्याउने काम मध्ये यो पनि एउटा हो। आतंक फैलाउनेहरूले मेरा छिमेकी राम बहादुर खडकाको घरमा आगो लगाइ दिए। त्यसपछि उनलाई बाहिर निकाली उनी माथि लठ्ठी र खुकुरी प्रहार गरे। मैले तत्कालै स्थानीय चौकीमा फोन गरे। त्यस पछि म उनको ज्यान जोगाउन सफल भएँ। हामी केही गाउँलेहरूले चन्दा संकलन गरी उनको उपचार र खाने लगाउने व्यवस्था मिलाइ दियौं। तर अहिले कारागारमा रहेका उनी माथि आक्रमण गर्ने व्यक्तिहरू मलाई धम्क्याइ रेहेका छन। विपरित राजनीतिक बिचार भएको पार्टीमा लागी संगठन गर्‍यो भन्दैमा यसरी कुटपीट गर्नु मानव अधिकारहरूको हनन गर्नु होइन र? ती आक्रमणकारीहरूलाई तपाईंहरू कस्ती सल्लाह दिनु हुन्छ? "

अशोक कुमार राई र प्रकाश वरालजीका जिज्ञासाहरूको जवाफ हामी संयुक्त रूपमा दिरहेका छौ। यहाँ हरूलाई ज्ञात भएकै कुरा हो कुनै व्यक्ति माथि इतर बिचार ग्रहण गरेको आधारमा कुटपीट गर्नु मानवअधिकारको उल्लंघन गर्नु नै हो। तपाईंको छिमेकीलाई त्यस्तै फरक मत राखिएकैले उनी माथि कुटपीट गरिएको हो भने उनको मानवअधिकारको घोर उल्लंघन भएको मान्नु पर्दछ। तर तपाईंको छिमेकीको ती व्यक्तिहरू संग पुरानो झैं झगडा वा वैमनष्य भएर उनले पनि पहिले ती व्यक्तिहरू उपर त्यस्तै कार्वाही गरेका भए चाहीं त्यस्तो घटना त्यही ढंगले हेर्नु पर्दछ। आपसी झैं झगडा र वैमनष्यले दुवै थरीको मानवअधिकारहरूको उल्लंघन भइरहेको हुन्छ।

थाहै होलो नेकपा (माओवादी) का नाममा भइरहेका हिंसात्मक कार्वाहीहरूका सम्बन्धमा मानवअधिकार संस्थाहरूको ध्यान आकृष्ट भई सकेको छ।

यस क्रममा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गएको फागुन ९ गते जारी गरेको प्रेस विज्ञप्तिलाई उल्लेख गर्नु सान्दर्भिक हुन्छ। उक्त विज्ञप्तिमा भनिएको थियो " फागुनको पहिलो हप्ता देशका विभिन्न ठाउँ

(रोल्पा, रूकुम, सिन्धुपाल्चोक, सिन्धुली ) मा अप्रिय घटनाहरू घटे। ती घटनाहरूमा जयबहादुर घर्ती, वीर बहादुर रोका, खडगबहादुर बुढा, सालिकराम पुन, दानवीर बुढा लगायतका व्यक्तिहरूमाथि सांघातिक आक्रमण भएको र उनीहरूको हाल शिक्षण अस्पतालमा उपचार भइरहेको छ। हामी घाइतेहरू प्रति समवेदना जाहेर गर्दै उनीहरूको स्वस्थ उपचारमा सरकारले यथोचित सहयोग पुर्‍याओस भनी आग्रह गर्दछौं।"

उक्त वक्तव्यमा अगाडि भनिएको थियो " अधिकांश घाइतेहरू अमूक राजनीतक पार्टीका मानिसहरूले आफूलाई कुटपीट गरेको बताउँछन। अर्कोतिर उपरोक्त घटनाहरू आफ्नो पार्टीको पहलमा भएको हो भनी एउटा पार्टीले सार्बजनिक जिम्मेवारी लिइ सकेको छ। यस प्रकारका घटनाहरूले जनताको ठूलो त्याग र बलिदानबाट प्राप्त प्रजातन्त्रलाई अस्थीर बनाउँछ। राजनीतिक पूर्वाग्रह र असहिष्णुता कुनै पक्षबाट पनि प्रकट हुनु राम्रो होइन। साथै उपरोक्त हिंसात्मक घटनाका सिसिलामा दोषी पक्राउ गर्ने निहूँमा आम नागरिकहरू माथि दमन उत्पीडनको श्रृजना नहोस भन्ने कुरा तर्फ पनि सरकारले ध्यान पुर्‍याउनु जरूरी छ। "

बरालजी माओवादीका नाममा भएका घटनाका सम्बन्धमा मानवअधिकार संस्थाहरूको धारणालाई " मानवअधिकार संस्थाहरूको प्रथम राष्ट्रिय सम्मेलन तयारी समिति" द्वारा फागुन १९ गते जारी गरिएको प्रेस वक्तव्यले अझ प्रष्ट पारेको छ। मासम, सीवीन, सीभीक्ट, इन्सेक लगायतका संस्थाहरूको उक्त साझा मञ्चका तर्फबाट जारी गरिएको वक्तव्यमा भनिएको छ " केही दिन यता देशका विभिन्न भागमा भएका हिंसात्मक कृयाकलापहरूका कारण कैयौं मानिसको ज्यान गएको छ भने सयौं घाइते तथा अपाग भएका छन। यस्तो कृयाकलापबाट हामी मानवअधिकारकर्मीहरू ज्यादै चिन्तित र स्तब्ध भएका छौं। जनयुद्धका नाममा विभिन्न व्यक्तिहरू माथि भएको राजनीतिक हिंसा तथा शान्ति सुरक्षा र माओवादी आतंक दबाउने नाममा सरकारद्वारा भएका दमन र हत्या दुवै कराको हामी विरोध र भर्त्सना गर्दछौं। "

वक्तव्यमा अगाडि भनिएको छ " प्रजातन्त्र प्राप्ति पछि पनि जनताका आधारभूत आवश्यक्ता परिपूर्ति गर्ने दिशा तर्फ अग्रसर हुन सरकारहरू असक्षम भएको कारण जनता निराश र हतास भएका छन्। यस किसिमका गतित्रिधिहरूले देशको परिस्थिति अझै विगदैं जान सक्ने भएको परिप्रेक्ष्यमा हामी सरकार तथा सम्बन्धित सबै पक्षसंग हाल देशमा घटेका घटनाक्रमहरूको बारेमा विचार विमर्श गरी राजनीतिक समाधानको बाटो पहिल्याउन समेत आव्हान गर्दछौं।"

प्रकाश वरालजी हामीलाई लाग्छ तपाईंले आफ्नो प्रश्नको उत्तर पाउनु भएको छ। हालका घटनाहरूमा संलग्न व्यक्तिहरूलाई दिनु पर्ने सल्लाह पनि मानवअधिकार संस्थाहरूकै विज्ञपतिहरूमा समावेश भएको सुनि हाल्नु भयो।

# देउसिंहको पूरा परिवार मुद्दा खेप्दैछ

देउसिंह रोका उवा गाविस रोल्पाका अध्यक्ष हुनुहुन्छ। चौवालीस वर्षीय रोकाले प्राचीसंगको जम्काभेटमा कुराकानीको शुरूवात यसरी गर्नुभयो - "हामी त यो बर्षयाममा तारिखमा हिंडेका छौं, हिडेका छौं हेर्नुस। साक्षी वक पत्र गर्ने भनेर भन्दा पनि अलि पछि गर्ने भनेर दुःख दिइरहेको छ। त्यसैले महिलाहरू सहित मुद्दाको तारेख धाइरहेका चौं। कसैलाई दोहोरो, तेहोरो मुद्दा परेको छ, कसैलाई तारेखमा छोडिदिएको छ। कोही कता तिर फरार भएका छन। हामी ५९ जना पक्राउ भएका मध्ये १५ जना अहिले तारेख बोकिरहेका छौं।"

तपाईंहरूलाई मुद्दाको जाहेरी दिने को हो ?

हामीलाई प्रहरी असई बसन्त बहादुर रानाले जाहेरी दिएर मुद्दा चलाएको हो।

के घटनामा मुद्दा लगाएको हो ?

तिनीहरू गाम खोलाको अपरेशनमा आउँदै गर्दा २/३ जना केटाहरू संग झगडा परेको रहेछ। पछि गाउँ गाउँबाट जनतालाई पक्रउ गरेर लैजान थाल्यो। अनि मैले कहीं केटाहरूले गाल्ति गरेका हुन कि ? उनीहरूलाई गल्ती स्वीकार गर्न लगाई माफी मगाएर छोडाउन पर्‍यो भनेर गएको त मलाई नै त्यसै पक्राउ गर्‍यो। मलाई धरौटी लगाएको छैन, अरू २५ जनालाई पनि लागेको छैन। तर अरू ३४ जनालाई सार्वजनिक अपराध गरेको मुद्दा लगाएर धरौटी पनि लगाएको छ। मेरी छोरीलाई पनि मुद्दा लागेको छ। दुई जना मेरो भतिजीहरू छन्। एउटा वहिनीलाई गरी चार जना महिलालाई छ।

उवाको गा.वि.स.का अरूलाई पनि पक्राउ परी मुद्दा लगाइएको छ ?

म पनि पछि दुई पटक पक्रउ परें। चैतको अन्तिम तिर पनि मलाई घरबाट नै पक्राउ गरेर ल्याए। सुलिचौरमा दुई दिन राख्यो। अनि लिबाङ्ग ल्यायो। त्यहाँ चैत ११ गते पक्राउ गरी हिरासतमा मेरो भतिजो पर्ने इमान सिंह रोकालाई पनि राखेको थियो। हिरासतमा पिट्दा पिट्दै त्यहीं उसको ज्यान गयो। उसलाई पहिले मसंगै भालुवाङ्गबाट पनि पक्राउ गरेर ल्याएकोमा नयायाधीशले तारेख छोडेको थियो। चैत ११ गते तारेख थाम्न आउँदा उसलाई पक्राउ गरी व्यर्थमा कुटेर मार्‍यो। पछि डि.एस.पी. ले "तेरो भतिजाको शरीरमा बिबिरा आएको रहेछ अस्पताल जाँदा जाँदै बाटोमा मरेछ, तँ चिन्न जा, हो कि होइन ?" भन्यो। त्यसपछि मलाई पुलिसको एउटा असईले गाडीमा राखेर दाङ्गको लमहीमा पुर्‍यायो। त्यहाँ गएर हेर्दाखेरि त हाम्रो भतिजालाई मारेको रहेछ। त्यहाँबाट फर्काएर ल्याएपछि पनि मलाई नौ दिन सम्म थुन्यो। त्यहाँबाट लगेर सिउरीमा लगेको त चैत २२ गते पो बल्ल मलाई उवा चौकीमा बुझायो। हाम्रो उवाको उपाध्यक्षलाई ज्यानमार्ने उद्योग गरेको मुद्दा लगाएको रहेछ, उ आजसम्म कारागारभित्रै बसिरहेको छ। मलाई जेठ महिनासम्म साधारण कारवाहीमा राखे। मलाई त्यस्तो ज्यान मार्ने उद्योग गरेको मुद्दा लगाएको छैन। मैले केही गल्ती गरेको छैन। मलाई जनप्रतिनिधि भएकै अपराधमा यो दुः ख दिएका हुन्। म त जनतालाई संझाएर राम्ररी नेतृत्व गरेको मान्छे हुँ। मैले कुनै पक्षपात नगरी निष्पक्ष काम गरेको छु।

तपाईं जनयुद्धको समर्थन गरिरहनु भएको छैन ?

जनयुद्धप्रति मेरो समर्थन छैन। तत्कालै विना तयारी जनयुद्ध गर्नु संभव छैन। जनयुद्ध त सिलसिलाबद्ध ढंगले पो हुन्छ भन्छन्। पढे लेखेको र बुझेको मान्छे छैनन। सर्वसाधारण मान्छे त न लुक्न जान्दछ न केही गर्न जानेका हुन्छन। मैले त यस्तो नगरौं, राजनीतिलाई शान्तिपूर्ण ढंगले अगाडि बढाऔं भन्ने कुरा गर्दै आएको छ। जनयुद्धमा लागेका केटाहरूलाई अहिले ठूलो संकट परेको छ। हाम्रै ५ नम्वरको गोरे घर्ती र नरेन्द्र रोकालाई सेरम गा.वि.स. मा गोली हानेर मारेछ। केटाहरू उवाका हुन्। साउन २६/२७ गते उनीहरूलाई मारेछन्।

जनयुद्धमा संलग्न गुरिल्लाहरू तपाईंको गा.वि.सं भेगमा लुकेर बसेका छन् भनिन्छ के हो ?

मैले देख्ने कुरा भएन। खोई कुन्नी लुकेका छन् भन्छन्। मसंग कसैको पनि भेट हुँदैन। गाउँबाट केही मान्छे फरार त भएका छन्। गुरिल्लाहरू त के होलान। झुट्ठा मुद्दा लागेपछि घरमा बस्ने स्थिति छैन। कसैलाई ३ वटा कसैलाई ४/५ वटा मुद्दामा पनि फसाइएको छ। तिनै मुद्दाहरूको डरले कोही भारततिर फरार रहेका छन्, कोही जंगलतिर पनि छन्। बास्तवमा गुरिल्ला नै छन् भन्ने त मलाई लाग्दैन।


देउसिंह रोका (बायाँबाट अन्तिम) आफ्ना परिवारका साथमा

नेताहरूको आवत जावत हुँदैन ?

अहँ। मसंग त आजसम्म भेटघाट नै भएको छैन। अरू संग भेटघाट भएको भए मलाई थाहा छैन। नेताहरूले कमसेकम सर्वसाधारण जनतालाई पक्राउ गरेर ल्याउँदा गल्ती छ, छैन भनेर छानवीन गर्नु पर्ने हो। तर यहा त्यस्तो केही गर्ने काम भएको छैन। मैले यो कुरा माघ तिर नेताहरू भेट हुँदा उठाएको थिएँ। आजकल त झन् नेताहरू बाहिर देखिने कुरा आउँदैन, भूमिगत छन्। त्यसकारण मेरो भेटघाट पनि भएको छैन। जिल्ला विकास समितिका साधारण साथीभाई संग, कर्मचारीहरूसंग मिलेर गाउँमा विकास गरौं भन्ने तर्फ लागेको छु।

जनयुद्दकालागि थवाङ, उवा, गामलाई उपयुक्तआधार क्षेत्र मानिन्छ वास्तविकता के हो?

त्यस्तो छैन। हाम्रो गाउँ लिवाङ्गदेखि अठार कोष टाढा पर्छ। त्यहाँ धेरै शिक्षित मान्छे छैनन्। एक दुई जना भएका शिक्षित मान्छेहरूलाई पनि मुद्दा लगाएर सताइएको छ। हुन त सबै झुठ्ठा मुद्दा लागेका छन, तर दुःख पाउनेले पाइरहेका छन। वास्तवमा एक जनाले गल्ती गरेको छ, १ सय जनालाई मुद्दा दिने यो कस्तो तरिका हो ? मैले बुझ्न सकेको छैन। झुठ्ठा मुद्दा लागेका तिनै निर्दोष व्यक्तिहरूलाई गुरील्ला भनेर नामाकरण गरिएको मात्र छ।

तपाईंले जनमोर्चा छोड्नु भयो ?

खोइ। पहिले त जनमोर्चाबाट नै जितेको हुँ। अहिले जनमोर्चा भन्ने वित्तिकै प्रहरीले कुटपिट गर्ने, यातना दिने गर्छन। गल्ती गर्नेले गल्ती गरेका छन्। तर सबै जनमोर्चाले त गल्ती गरेको छैन। एक दुई जना अलिक मूर्ख मान्छेले गल्ती गरेको हो। माओवादी र जनमोर्चा भनेर हैरान पारेपछि अहिले मैले एमालेको समर्थन गरेको छु।

उवामा राखेको प्रहरीले कस्तो व्यवहार गरिरहेको छ ?



म जनप्रतिनिधिलाई समेत अनाहकमा दुःख दिईंदैछ : वेजसिंह रोका

प्रहरीमा पनि कोही राम्रो छन्, कोही नराम्रो छन्। हेर्नुस, कतिले त गाउँलेलाई पनि सम्झाउने राम्रो काम गर्छन्। मलाई पनि जुनसुकै पार्टीमा लागे पनि तपाईंले जनतालाई सम्झाउनुपर्छ भनेर राम्ररी सम्झाउँछन। कतिले त गाउँका सर्वसाधारण जनताको कुखुरा, खसी, बोका लगिदिने पनि गरेका छन्। खरायो लगिदिएको पनि गुनासो सुनिन्छ। उवामा अहिले एउटा असईले राईको काम गरेको छ। उसले गाउँमा जाँड रक्सी नखाने भनेर निषेधित गरेको छ। त्यो राम्रो नै हो भन्नु पर्छ ।

अहिले तपाईंहरूले जाँड रक्सी खान छोड्नु भयो त?

लुकेर त खानेले खान्छन्। तर त्यो प्रहरी असईले आफूले पनि खाँदैन, अरूलाई पनि खान दिँदैन।

तपाईंले माओवादीले जनयुद्ध आवहान गरेको कुरा पहिले कसरी थाहा पाउनु भयो ?

खोई ? पहिले सबैसंग कुराकानी गरेर त्यो गरेको होईन। मलाई त जनयुद्धका वारेमा केही थाहा छैन। गाउँका अरू मान्छेलाई पनि थाहा थियो कि थिएन भन्ने पनि मलाई थाहा छैन।

उवाकै उपाध्यक्षलाई पनि थाहा थिएन ?

उसलाई पनि थाहा थिएन होला।ः त्यो त झन् साधारण महिला हो। उसको खासै लेखापढि पनि छैन। खाली अनुभवले मात्र काम गरेको हो। मैले पनि खासै लेखापढी गरेको छैन। साधारण दस्तखत गर्न र आफ्नो नाम लेख्ने मात्र गर्न सक्छु। अनुभवले मात्र काम गरिरहेको हो।

उपाध्यक्षलाई पनि झुठ्ठो मुद्दा लगाएको हो त?

झुठ्ठो मुद्दामै फसाएको हो। घटनामा संलग्न नभएपनि त्यसै संलग्न भएको आरोप लगाएको छ।

जनमोर्चाको समर्थन गर्न छोड्नु भयो ?

चुनावमा भाग लिएर कसैसंग मारपिट नगरी राजनीतिलाई राम्रोसंग अपनाउन थाल्यो भने समर्थन दिनुपर्ला। नत्रभने चुनाव बहिस्कार गर्ने बित्तिकै यो आतंक मच्चिन सुरू भएको हो। एमाले पनि कम्युनिष्ट हो। उसले चुनावमा भाग लियो भने उसलाई भएपनि भोट दिनुपर्छ। जंगलमा गएको बगालले भोट नदिएपनि हामीले दिन्छौं। मलाई पनि अरूले संझाउने र उनीहरूलाई पनि संझाएर अब यस्तो मारपिटको कुरा छोड्नुपर्छ भन्ने मलाई लागेको छ। अहिले त के गर्ने, गर्ने भन्ने अलमल नै छ।

तपाईहरू जनयुद्धमा लाग्न सक्नुहुन्न ?

अहँ, सक्तैनौं। जनता अहिले विना पानीको माछा जस्तो छटपटीमा रहेका छन। म जनप्रतिनिधिलाई समेत पटक पटक पक्राउ गरी विना पानीको माछालाई जस्तो दुःख दिएको छ। यसकारणले भर्नु भन्दा बहुलाउन जाती भने जस्तो हामी कसरी सुरक्षित हुने भनेर चिन्ता गरिरहेका छौं। छोरा, छोरी, जहान, परिवार केही नभएको भए त ठीक छ, जनयुद्धमा लाग्न हुन्थ्यो। तर छोराको माया छ, आमाको माया छ, स्वास्नीको मायाँ छ, दाजुभाईको माया छ भने कसरी त्यसो गर्न सकिन्छ। त्यसैले म गल्ती पनि गर्न चाहान्न र नराम्रो काममा उफ्रिन पनि सक्तिन।

तपाईंको गाउँमा सबै मान्छे यस्तै सोच्दछन् ?

कति छन, कति छैन भनेर भन्ने? फरार रहेका जति सबैलाई माओवादी भनेर भनिदिएको छ।

त्यहाँ जनता हतियार उठाउने र प्रहरी संग भिड्ने स्थितिमा छैनन् ?

जनताले हतियार उठाउन सक्तैन। जनता प्रहरी प्रशासनसंग भिड्न सक्तैनन् ।

तपाईंलाई प्रहरीले यातना पनि दिएको थियो ?

यातना त किन दिँदैनथ्यो। प्रहरीले पिट्ने, कुट्ने " भन्ने भए भन् नत्र खान्छस" भनेर तर्साउने, हकार्ने गरेको थियो। यहाँ सदरमुकाममा ल्याएपछि त त्यस्तो यातना दिएन। मलाई सभापतिलाई जस्तो यातना चाहिं दिएको छैन। सभापतिलाई त पिटेर अपांग नै बनाएको छ भन्ने सुन्छु। हिरासतमा उहाँसंग ४/५ दिन सँगै बसेको त हुँ।

एउटै कोठामा बसेको हो ?

होइन, अलग अलग कोठामा राखेको थियो। हिरासतमा रहँदा उहाँसंग भेट्न हामी अध्यक्षहरूलाई पनि दिँदैनथ्यो। मलाई एउटा कोठामा, सभापतिलाई अर्को र हाम्रो उपाध्यषलाई अर्कै कोठामा राखेको हो। भित्र बाहिर गराउँदा प्रहरीले नै गराउँथ्यो।

# रोल्पामा माओवादी लुक्ने जंगल कति छ ?

नेकपा (माओवादी) ले पार्टीद्वारा आह्वान गरिएको जनयुद्ध जति लम्ब्याएर लैजान सक्यो, उति पार्टीलाई फाइदा हुने, जनमत उनीहरूको पक्षमा लाग्ने नीतिगत सोच बनाएको कुरा प्रहरीले जफत गरेका सर्कुलर र पार्टीका गोप्य संगठनहरूलाई पुनः निर्माण गर्ने रणनीति बनाएर लागेको छ। जसअनुसार पार्टीबाट भागेका रूपैया पैसा असुल्ने गर्छन्, उनीहरू नै प्रहरीलाई जानकारी गर्दैनन्- एस.पी. श्रेष्ठ थप्नु हुन्छ।

नेकपा (माओवादी) अहिले लामो दौडको प्रयत्न गर्दै जनयुद्धलाई सकेसम्म दीर्घकालसम्म डोऱ्याउन चाहन्छ। शुरूको चरणमा शसस्त्र संघर्षको रणनीतिलाई स्थापित गर्ने उनीहरूको लक्ष्य थियो। त्यसक्रममा प्रहरीमाथि हेक्टर रहेको छ। ०१८ सालपूर्व अहिलेको रोल्पा, प्युठान जिल्ला अन्तर्गत पर्दथ्यो। उत्तरमा रूकुम, दक्षिणमा दाङ्ग, पूर्वमा वाग्लुङ र प्युठान तथा पश्चिममा सल्यान जिल्लाद्वारा सीमावद्ध रोल्पा जिल्ला २८°१०' - ८३°९' पूर्व देशान्तर र २८°८' -२८°३८' उत्तर अक्षांशमा फैलिएको छ। यहाँको हावापानी लेकाली समशितोष्ण प्रकारको छ।

## जनयुद्ध प्रभावित क्षेत्रमा रहेको जंगलको क्षेत्रफल

| | | | |
|---|---|---|---|
| थवाङ - | २,२२५ हेक्टर | होमा - | २,५८७ हेक्टर |
| उवा - | ३,८९३ हेक्टर | गजुल - | २,७१८ हेक्टर |
| मिरूल - | ३,७५० हेक्टर | जंकोट - | १,६६२ हेक्टर |
| कुरेली - | २,४७५ हेक्टर | इरिवाङ्ग - | १,४०० हेक्टर |
| राङकोट - | १,३८७ हेक्टर | भावाङ्ग - | १,८५७ हेक्टर |
| सेरम - | ३,२०० हेक्टर | छवाङ्ग - | ४,१३७ हेक्टर |
| गाम - | ७,६५० हेक्टर | बुढागाउँ - | ३,२७५ हेक्टर |
| जेलवाङ्ग - | २,२५० हेक्टर | पास्वापानी - | १,८३७ हेक्टर |
| जैमकसला - | २,३१० हेक्टर | | |




(०४७ सालमा वन विभागले प्रकाशित गरेको तथ्यमा आधारित)

कार्यकर्ता फिर्ता लिएर संगठित गर्ने र जनवर्गीय संगठनलाई सक्रिय बनाउने दुई खालका रणनीति रहेका छन्।

पहिले स्वयं सेवक दल, सुरक्षा दल र लडाकु दल अहिले लडाकु दलको नाम परिवर्तन गरी "गुरिल्ला स्क्वार्ड" कायम गरेको पाइएको छ- रोल्पाका एस.पी. गोपालमान श्रेष्ठ बताउँछन्। श्रेष्ठले जनाए अनुसार पहिले ११ वटा इलाकामा लडाकु दल थियो। अहिले कायम गरिएको गुरिल्ला स्क्वार्डहरू ४ वटामात्र राख्ने भन्ने देखिएको छ। साथै वैधानिक मोर्चा र प्रचार क्षेत्रसंग सम्बन्धित कामलाई पनि व्यवस्थित गर्ने भन्ने कुरा देखिन्छ।

माओवादीलाई आर्थिक संकट नराम्रोसंग परेकोले गाउँमा आतंक मच्चाएर आर्थिक संकट टार्ने कोसिस गरिरहेको पाइन्छ। तर प्रहरी गाउँमा जतातते छ। प्रहरी र माओवादी दुवै बन्दुक बोकेर हिड्छन्। दुवैलाई एक अर्कासंग डर छ। तैपनि आतंकित पारेर जोसंगबाट आक्रमण गर्दै छापामार युद्धका लागि आधार बनाउने योजना थियो। अहिले आएर जनयुद्धको नीतिगत पक्षको ठीक विपरित छापामार युद्धको पक्षमा जनपरिचालन गर्ने, नीति अख्तियार गरिएको छ। साथसाथै योजनाबद्ध रूपले शत्रुपक्षबाट हतियार कब्जा गर्ने र छापामार इलाका कायम गर्ने कोसिस गरिरहेका छन्। माओवादीको केन्द्रीय नीति अन्तर्गत यतिबेला शत्रुपक्षलाई बढी उत्तेजित नगराउने कुरा भएतापनि स्थानीय कार्यकर्ताहरूमा उत्तेजना रहिरहेको छ।

प्रहरीले दोस्रो चरणको कार्यक्रमको प्रतिक्षामा आफूलाई "स्यण्ड बाई" मा राखेको बताउँछ। मुठभेडबाट भाग्ने अवस्था निम्त्याउने हैसियतमा माओवादीको रणनीति पनि नरहेकोले प्रहरीले पनि आफ्नो खालले नयाँ तालिम, जनसम्पर्कलाई महत्व दिइरहेको छ- एस.पी. गोपालमान श्रेष्ठ बताउनुहुन्छ।

रोल्पा पहाडी जिल्ला हो। समुद्र सतहबाट ७ सय १ मिटरदेखि ३ हजार ६ सय ३९ मिटरसम्मको उचाइमा फैलिएको क्षेत्रफल १ लाख ८७ हजार ९ सय जिल्लाका खुंग्री र माडीचौर जस्ता ठाउँमा निकै गर्मी हुने गर्दछ भने उत्तरी भागमा हिउँदको समयमा निकै जाडो हुन्छ। सामान्यतया रोल्पाको औसत तापक्रम अधिकतम ३१.२० सेल्सियस र न्यूनतम ३.६० सेल्सियस छ भने वर्षा अधिकतम ४४१ मि.मि. र न्यूनतम १.४ मि.मि. रहेको छ।

रोल्पामा जनयुद्ध संचालन गर्ने नेकपा (माओवादी) का गुरिल्लाहरू जंगलमा लुकेर बस्ने गर्छन् भन्ने गृह मन्त्रालयको दावी छ। तर रोल्पामा जंगल कति छ? जिल्ला वन कार्यालय रोल्पाका निमित्त वन अधिकृत सुनिल कर्ण भन्छन्- "जिल्लामा वनजगलको क्षेत्रफल चरन समेत गरी कूल भू-भागको ५४.४ प्रतिशत अर्थात् ९४ हजार ९७ हेक्टर रहेको छ। भौगोलिक बनावटको आधारमा वन क्षेत्रलाई उपोष्ण र शितोष्ण गरी दुई भागमा विभाजन गरिएको छ। रोल्पाको जंगलहरूमा उपलब्ध विरूवाहरूमा साल, सल्ला, जामुन, साज र चिलाउने तथा सल्ला, वाँस, ओखर, उतिस, खर्सु र लालीगुराँस मूख्य मानिन्छन्।

कार्यालय समेत गरी २० ठाउँमा टेलिफोन उपलब्ध भएको छ। हरेक प्रहरी चौकीमा रहेका "सेट" को त कुरै फरक छ।

यसबाट के देख्न सकिन्छ भनें प्रशासनले आफूलाई अत्याधुनिक रूपले व्यवस्थित गरेर जनयुद्धलाई पकडमा राख्ने, राज्य आतंक मच्याएर सर्वसाधारणलाई जनयुद्धबाट अलग गराउने र दमन तथा हथकण्डाको माध्यमले माओवादीहरूलाई सखाप पार्ने अभियानमा जुटाएको छ। उता माओवादीले शुरूमा २/४ जनाको खुँट्टा भाँच्नेदेखि बाहेक जनयुद्धको दीर्घकालीन रणनीति अनुरूप आफूलाई सक्षम, तयार र सचेत बनाएर शत्रुपक्षसंग प्रतिरोध गर्ने कुरा गर्न सकिरहेको छैन। रोल्पाको अशिक्षित समाज, खासगरी उत्तरी पिछडिएको भेगमा आज जुन प्रकारले स्थानीय फटाहाहरूले सर्वसाधारण जनताको शान्तिपूर्वक जीवन बिताउने अधिकारमाथि मुद्दा मामिला, सरकारी दमन र जथाभावी हत्याको साम्राज्य खडा गरी रात दिन सताइरहेका छन्। त्यसको हरेक क्षेत्रबाट, सबै जनपक्षीय पार्टीहरूबाट प्रतिरोध र मुकाविला हुनु अत्यावश्यक थियो। तर "जनयुद्ध" भनेर नेकपा माओवादीले जुन आवेगपूर्ण र हचुवाको निर्णय गऱ्यो। त्यसले उक्त पार्टीप्रति जनतामा रहेको आकर्षणमा समेत गम्भीर धक्का लाग्न पुगेको छ। जनयुद्धलाई जनस्तरबाट सहयोग, समर्थन र पक्षपोषण गर्ने कुरा त निकै टाढाको कुरा देखिन्छ। स्थानीय तहका जाली, फटाहा र जनविरोधी तत्वहरूका विरूद्ध "जनयुद्ध" नभई कानूनी र संवैधानिक प्रतिरोधका उपाय अपनाउँदै जनताको मन जितेर अघि बढेको भए, जिल्लाको सांगठनिक पकड र जनसमर्थनमा माओवादीहरूउपर कुनै नराम्रो असर पर्ने थिएन। माओवादीका नेताहरू जनयुद्धको दोस्रो चरणको कार्यक्रम नै नल्याएर फागुन १ गते बालिएको जनयुद्धको धिपधिपे दियोलाई बचाउने अभियानमा अहिले जसरी लागेका छन्, त्यो झन अँध्यारो तर्फको यात्रा शिवाय केही होइन भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

# रोल्पा जेल : सुत्दा कोल्टे फेर्न मिल्दैन

सदरमुकाम लिवाङ्गमा अवस्थित रोल्पाको जेलको अवस्था साह्रै नै दयनीय छ। क्षमताभन्दा बढी बन्दीहरू राखिएकोले गर्दा स्थिति उकुसमुकुसमा रूमल्लिएको छ। अहिले त्यहाँ ९७ जना थुनुवाहरू राखिएका छन्, जसमध्ये ८८ जना पुरुष, ७ जना महिला र २ जना नावालकहरू रहेका छन्। नावालक मध्ये १ जना सरकारी सिधाबाट समेत बंचित रहेको थाहा भएको छ। बालकहरूको स्कूल जाने, पढ्न, लेख्न पाउने अधिकार उनीहरूका बाबु आमासँगै जेलमा कैदी भएको छ। भदौ ३ गते १ जना थुनुवा छुटे। तर १ को ठाउँमा कथित डाका मुद्दामा थप पाँच जना थपिए। यो क्रम त्यहाँको नियति नै भएको छ।

जेलको कुल क्षमता ५० जना राख्न सकिने हो। तर जीर्ण अवस्थामा रहेको उक्त जेलले झण्डै दोब्बर थुनुवाहरूको भार कसरी थेग्न सकिरहेको छ? यसको जवाफ प्रहरी प्रशासन वा जेल प्रशासक कसैसंग छैन। खाली आदेश तामेली गर्ने काम मात्र भइरहेको छ।

मदन शर्मा नेपाल राष्ट्रिय शिक्षक संगठन रोल्पाका अध्यक्ष हुनुहुन्छ। उहाँ लगायत ९९ जनालाई ०५१ सालको मध्यावधि चुनावमा पाखापानी गाविसको मलेखला बुथमा मतपेटिका फ्याँकेको आरोपमा सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाइएको थियो। ०५२ साल चैत ८ गते उहाँले उक्त मुद्दाको धरौटी राख्न सक्नु भएन। त्यसैले हिरासतमा बस्नुभयो। चैत ११ गते चाहिं नगद र जेथा जम्मा गरी उहाँले धरौटी राखेर उम्कन जिल्ला प्रशासन कार्यालय जानुभयो। तत्काल दुईवटा प्रहरी आएर अर्को पूर्जी थमाए। त्यो थुनुवा पूर्जी थियो। त्यसैले चैत १९ गतेदेखि उहाँ जेलमा रहँदै आउनु भएको छ।

फागुन १ गतेको होलेरी घटना घटेको दिन उहा आफ्नो घर दाङको विजौरी-१ दुद्रासमै हुनुहुन्थ्यो। २ गते रेडियोबाट उहाँले त्यो घटनाबारे सुन्नुभयो। २ गते नै उहा सदरमुकाम लिवाङ्ग आएर ८ गतेसम्म रहनुभयो। पाठयक्रम गोष्ठीको काजमा रहेको हुनाले थवाङमा पनि एउटा गोष्ठी गर्नुभयो। तर होलेरीमा भएको प्रहरी चौकी लुटपिट गर्ने घटनामा उहाँलाई संलग्न भएको झुठो आरोपमा थुनिएको छ। त्यो घटनामा संलग्न रहेको बयान दिन उहाँलाई प्रहरीले थुप्रै दबाव र यातना दियो। तर उहाँले इन्कारी बयान दिनुभएको छ। उहाँलाई होलेरी काण्डमा संलग्न भनी रेउघावासी चन्द्रबहादुर घर्तीले पोल लगाएको प्रमाण संलग्न गरिएको छ। जसलाई शर्मा चिन्दै चिन्नुहुन्न। अदालतमा पेश हुँदा ऊसंग भेट भयो। तर विचरा ऊ आफै दंग पऱ्यो। जसलाई उसले पोलेको भनिएको छ -"त्यो मदन शर्मालाई पहिलो पल्ट उसले अदालतमा देखिरहेको थियो।" जनयुद्धको सिलसिलासंग संलग्न आरोप लगाएर सरकारले थुनेको छ, तर "ख"



**हिरासतमा ल्याएदेखि अलि-अलि ५ पटक कुटियो। मसिनो पारेर तीन पटक कुटिएँ। हात औंलामा पिन घोच्ने, पुल बनाएर बुटले कुल्चने, घँघौरी र बेतको लाठीले बेल्ने, लौरो घाँटीमा कोचिदिने र पैतालामा पिन घोच्ने सम्मका यातना दिइयो। जसले गर्दा एउटा खुट्टा राम्रोसंग चल्न छोडेको छ। औषधि उपचार गर्दैमा कारागारको ५/६ हजार रूपैया सकिएको कुरा जेलरलाई थाहा छ। हामी प्रशासनबाट अपहेलित र थिचोमिचोको शिकार भएका छौं। जेलकै कुरा गर्नोस्- ५० जनाको क्षमता भएको ठाउँमा १०० जना राख्नु कति उचित, कति अनुचित छ ? त्यो बाहिरबाटै आउने मान्छेले जान्ने कुरा हो।**

श्रेणीको सिधा दिएर एकदमै अपराधीलाई जस्तो कानूनी उपचार गर्ने काम उहाँलाई गरिएको छ। शर्मालाई हातहतियार खरखजाना, विष्फोटक, आवश्यक वस्तु संरक्षण, सरकारी कागजातमा आगजनी गरेको र ज्यानमार्ने उद्योग गरेको गरी ४ वटा मुद्दा लगाउने काम भएको छ। जेलको बसाई कस्तो छ? शर्मा भन्नुहुन्छ- जेलको दुई खण्डमा एकातिर महिला र अर्कोतिर पुरुष राख्नु पर्नेमा अहिले महिलाको खण्डमा पनि पुरुषलाई नै राखिएको छ। सुत्दाखेरी कोल्टे फेर्न मिल्दैन। सोझो भएर मात्रै सुत्न सकिन्छ। जेलभित्र खेलकुद र मनोरञ्जनका लागि केही साधन छैनन्। भलिवल हामी आफै मिलेर किनेका छौं। क्यारेमबोर्ड र चेस पनि आफै किनेर ल्याएका छौं।" उहाँलाई जेलमा ल्याएपछि ग्याष्टिकले च्याँपेको छ। शर्माले जानकारी गराउनु भए अनुसार - "उहाँ संगसँगै शिक्षक दिलबहादुर घर्तीलाई पनि घोराहीबाट पक्राउ गरी लिवाङ्ग ल्याइएको थियो। केही दिन यातना दिएर हाल छोडिएको छ। जेलमा टुटुका निमावि शिक्षक एवं नेराशिसंगठन रोल्पाका भू.पू. सदस्य तिर्थराज वलीलाई पनि रोमियो अप्रेशनका क्रममा सार्वजनिक अपराध मुद्दा लगाएर थुनिएको छ। संगठनका जिल्ला सदस्य गीरमान पुन, शिक्षकहरू-वडाचौरका प्राध्यापक बाबुलाल पुन, वीरवल खड्का, तुलाराम खड्का लगायतलाई स्कूल जान नसक्ने वातावरण बनाएकोले फरार हुन बाध्य हुनु भएको छ। गाउँमा वा स्कूलमा चित्त नबुझेको कुराको खण्डन गर्ने गरेको आधारमा यसरी हामीलाई फसाइएको छ- शर्मा दावीका साथ भन्नुहुन्छ।

लक्ष्मीपुर गाविस-२ भैंसपुरका विनोद शर्मालाई फागुन १९ गते पक्राउ गरी चैत १९ गतेदेखि जेलमा राखिएको छ। होलेरीकै घटनामा उहाँलाई पनि फसाइएको छ। शर्मा व्यापार गर्नुहुन्छ र गत मध्यावधि निर्वाचनमा एमालेलाई मतदान गरेको तथ्य खुलाउनु हुन्छ। होलेरीमै व्यापार गर्ने भएकोले त्यहाँ फागुन-१ गते भएको घटनबारे थाहा नै नभएको होइन। उहाँ त्यो दिन घरमै हुनुहुन्थ्यो। उहाँ भन्नुहुन्छ- "त्यो दिन त्यहाँ प्रहरी चौकीमा लुटपिट र आगजनी भएको हो। तर म घरमै सुतेको थिएँ। चौकीमा आक्रमण भएको आधा घण्टापछि माओवाद- जिन्दावाद भन्ने नारा लागेकोसम्म सुनेको हुँ।"

उहाँलाई आगजनी, खरखजना, अत्यावश्यक वस्तु, संरक्षण र ज्यान मार्ने उद्योग गरेको मुद्दा लागेको छ। प्रहरीले पक्राउ गरेर शुरूमा उहाँलाई असैह्य यातना दियो। पैतालाको छाला जाने गरी कुट्यो। जसले गर्दा खोक्दाखेरी उहाँलाई अहिले पनि पीडा हुन्छ। घुँडाहरू दुख्छन्। उधोमुण्टो पारी झुण्ड्याएर लाठीले घुँडामा हान्ने, हातमा हान्ने, नाङ्गो पारेर बुटले कुल्चने, हातमाथि बाँधेर साप्राहरूमा पिट्ने गर्दा उहाँ दुई घण्टा बेहोस पनि हुनु भएको थियो। उहाँलाई प्रहरीले नै जाहेरी गरेको आधारमा यसरी फसाइएको छ। २७ वर्षीय शर्मा अविवाहित हुनुहुन्छ। प्रहरीले उहाँलाई भूमिगत माओवादी नेताहरू किमबहादुर थापा र जोखबहादुर कहाँ छन् भनी निर्मम यातना दिदै भन्न लगाएको थियो। तर उहाँले नेताद्वयबारे कुनै जानकारी नपाएको बताउनु हुन्छ। जेलमा किन फसाएर राखिएको हो? त्यो उहाँ स्वयंले पनि बुझ्नु भएको छैन। उहाँलाई घोराहीमा पक्राउ गरी त्यहाँ पनि यातना दिइएको थियो।

संयुक्त जनमोर्चाबाट निर्वाचित जुनमाया रोका उवा गाविसको उपाध्यक्ष हुनुहुन्छ। उहाँलाई डाका र ज्यानमार्ने मुद्दा लगाएर थुनिएको छ। चैत १ गते पक्राउ गरेतापनि उहाँ

वैशाख ९ गतेदेखि कारागारमा हुनुहुन्छ। उहाँको पति ०४२ सालमा वित्नु भएकोले हाल विधवा हुनुहुन्छ। र, सहारा भनेको एउटा छोरा छ। उसलाई पनि घरमा बाजे, बज्यैसंग छोडेर आउनु भएको छ। मुखियाले तिरो लिंदा कति मान्छेसंग १० र कतिपयसंग २० रूपैया लिने गरेको थाहा पाएपछि उहाँले विरोध गर्नु भयो। त्यही पुरानो रिसइवी साँध्न फागुन ३ गते मुखियाका छोराहरू पेशवहादुर पुन र बहादुरसिंह पुनले जनयुद्धमा लागेको भनी जाहेरी दिएपछि एक विधवा महिला अहिले जेलभित्र षडयन्त्रको परिणाम भोगिरहनु भएको छ। उहाँलाई असई दिलबहादुरले बयान नै नलिई मर्मत खोजेको हो कि भनेर तर्साउँदै आफै लेखेको बयानमा जबर्जस्ती सही गराएको थियो। जेलमा कपडा नपाएर चिसो छिंडीमा पुत्नु परेको दुखेसो पोख्दै जुनमाया भन्नुहुन्छ- जहाँ घटना घट्यो, त्यो मेरो घरबाट ३ घण्टा टाढा पर्छ। मलाई दिल कुमारी भन्ने बैनीले भनेपछि घटना बारे जानकारी भएको थियो। फेरी म राजनीतिक कार्यकर्ता पनि होइन। एउटी महिलाको नाताले मात्र म उपाध्यक्ष भएकी हुँ। जनयुद्धबारे मलाई केही थाहा छैन। अहिले "ख" श्रेणीको सिधा खाएर बसिरहेकी छु।"

०४९ साल फागुन २४ गते पाख्वापानी गाविस-९ मा एकजना १०।१२ वर्षको बच्चाको भैंसी र गोरू लड्दा किचिएर मृत्यु भयो। त्यतिखेर नयाँ दिल्लीमा दिदीको उपचार गराउन गइरहेका रामबहादुर ओली ०५३ असार १२ गते देखि रोल्पा जेलमा हुनुहुन्छ। उहाँकी दिदीको उपचार गर्दागर्दै दिल्लीमै निधन भयो। उहाँ रूकुमको मुसिकोटमा आई.ए.दोस्रो वर्षमा पढ्दै हुनुहुन्थ्यो। तर एकातिर उपचार गर्दागर्दै दिदीको मृत्यु हुनु र अर्कोतिर झुठा मुद्दा लागेको कारण उहाँ भारतमै बस्नु भयो। विद्यार्थी कालमा ओलीले एमालेसंग सम्बद्ध अनेरास्ववियूमा काम गर्नु भएको थियो। उहाँ भारतबाट ०५३ जेठ १५ गते घरमा आइपुग्नु भएको थियो। एकजना भीमबहादुर भन्ने व्यक्तिले उहाँलाई बच्चा मारेको अभियोगमा जाहेरी दिएको थियो। त्यसमा उहाँ समेत अन्य ९ जना व्यक्तिलाई पनि थुनिएको थियो। ती मध्ये सुन्दर ओली, वीरबहादुर ओली र बलु खत्री अहिले कारागारमा सँगै रहेका छन्। उहाँ आफू मृतक बच्चालाई चिन्नसम्म नचिनेको बताउनु हुन्छ।

रोल्पा जिल्ला विकास समितिको इलाका नं.५ का सदस्य जयबहादुर बुढा, ०५२ मंसीर १४ गतेदेखि ज्यानमुद्दा लागेर कारागारमा बन्दी हुनुहुन्छ। उहाँलाई मंसीर ३ गते आफ्नो घरबाट डेढ घण्टा टाढा घर भएका सुके बुढालाई मारेको अभियोग लगाइएको छ। सुके बुढा उहाँ स्वयंको बाजे पर्नुहुन्थ्यो। सर्वजित बुढाको तर्फबाट नेपाली कांग्रेसका जीतबहादुर बुढाले जाहेरी दिएको आधारमा उहाँ लगायत २७ जनालाई मुद्दा चलाइएको थियो। ती मध्ये १९ जनालाई हिरासतमा लिएको सम्म उहाँलाई थाहा छ। गाउँमा नापी हुने बखतमा जाहेरी दिने व्यक्तिसंग उहाँको ठाकठुक परेको थियो। त्यही रीसइवी साँधेर उहाँलाई मुद्दा लगाइएको कुरा उहाँ प्रष्ट बुझ्नु हुन्छ। रोल्पाको अहिलेको अवस्थामा जनयुद्ध उचित छैन भन्दै बुढा भन्नुहुन्छ- जनयुद्धप्रति मेरो आलोचनात्मक दृष्टिकोण छ। जनतालाई प्रशिक्षित नगरेसम्म उनीहरू सिधै होमिन जाने स्थिति कुनै पनि पार्टीले बनाउनु हुँदैन।"

मिम्फिङ्गका जुमानसिंह पुनले जाहेरी दिएर ज्यानमार्ने उद्योग गरेको मुद्दामा जेलमा बन्दी गराइनु भएका नरेन्द्र थापा खुमेल गाविसको अध्यक्ष पदमा जनमोर्चाका प्रत्यासी हुनुहुन्थ्यो। तर पछि बहुविवाह गरेको आरोपमा संगठनले कारवाही गर्‍यो। तैपनि उहाँको आस्था संयुक्त जनमोर्चाप्रति नै रहेको थियो। जनयुद्ध कुन चरीको नाम हो? त्यो उहाँलाई थाहा छैन। तर फागुन १ गतेदेखि सरकारले चरा चुरूङ्गी जस्तै गरी मान्छे मारेको देख्दा उहाँलाई जनयुद्धलाई सशक्त रूपमा अगाडि बढाई सरकारी दमन र ज्यादतीको प्रतिरोध गर्नुपर्छ भन्ने लाग्न थालेको छ। "खुमेल गाविसमा जनमोर्चाको राम्रो कार्यकर्ता भएकोले कांग्रेसका लेखनाथ आचार्य र राप्रपाका भूपनारायण घर्ती मगरले मलाई आँखाको कसिंगर देखेका थिए। यसअघि पनि मलाई ६।७ वटा सार्वजनिक अपराधका मुद्दा लगाइएका थिए। तर ती सबै खारेज भए" थापा भन्नुहुन्छ। उहाँलाई एकदिन टाढा पर्ने तेवाङ्गमा गई फागुन ३ गते ज्यानमार्ने उद्योग गरेको कुरा जाहेरीमा उल्लेख छ। तर ३ गते आफू घरमा नै रहेको उहाँको दावी छ। म पिटाई खाने को व्यक्ति हो? त्यसलाई पनि चिन्दिनँ- तर फागुन ५ गते मलाई त्यही झुठो अभियोगमा पक्राउ गरेर हिरासतमा राखी असीम यातना दिइयो। चैत २१ गतेदेखि कारागारमा राखिएको छ। राजनीतिक कारणले नै म यो फन्दामा परेको हुँ। यातनाको सीमा नै रहेन। जुन तपाईलाई भनेर साध्य छैन। हिरासतमा ल्याएदेखि अलि-अलि ५ पटक कुटियो। मसिनो पारेर तीन पटक कुटिएँ। हात औंलामा पिन घोच्ने, पुल बनाएर बुटले कुल्चने, घँघौरी र बेतको लाठीले बेल्ने, लौरो घाँटीमा कोचिदिने र पैतालामा पिन घोच्ने सम्मका यातना दिइयो। जसले गर्दा एउटा खुट्टा राम्रोसंग चल्न छोडेको छ। औषधि उपचार गर्दैमा कारागारको ५।६ हजार रूपैया सकिएको कुरा जेलरलाई थाहा छ। हामी प्रशासनबाट अपहेलित र थिचोमिचोको शिकार भएका छौं। जेलकै कुरा गर्नोस्- ५० जनाको क्षमता भएको ठाउँमा १०० जना राख्नु कति उचित, कति अनुचित छ? त्यो बाहिरबाटै आउने मान्छेले जान्ने कुरा हो।

> **काठमाडौंमा बाँदर मर्‍यो भनें पोष्टमार्टम गरेर मात्र जलाइन्छ। यहाँ मान्छेलाई त्यहाँ बादरलाई गरिने प्रक्रिया पनि पूरा नगरी जंगलमा मारेर खोलातिर फ्याँकिन्छ। म आफैलाई रिझाको जंगलमा बाँधेर प्रहरीले गोली हान्न लागेका थिए। तेवाङको राप्रपाको कार्यकर्ता डम्बर घर्तीले त पुलिसले भन्दा पनि बढी कुटपिट गरे। प्रहरीसंग अन्तिम इच्छा राखे।**

तेवाङ्गको जुमान पुन सुलिचौरमा दुकान गरी बस्छ। ऊ राप्रपाको मान्छे हो। गाम गाविसका उपाध्यक्ष भागिराम बुढाथोकी अहिले टाढाको बाटोमा पर्छ। तेवाङ्गको त्यही जुमान पुन र सुलिचौरको मनप्रसादले जैमसकलाको धनबहादुर खत्रीको घरमा आगलागी गरी कर्तव्य ज्यान र डाका मुद्दामा जाहेरी दिएर उहाँलाई जेलको बन्दी बनाएका छन्। उहाँ जेठ १८ गते पक्राउ परी असार ३१ गते लिवाङ्ग कारागरमा राखिनु भएको थियो। आफू जनमोर्चाको प्रतिनिधि भएको कारणले रीसइवीले राप्रपाका मान्छेहरूले यसरी फसाएका हुन्। उहाँ प्रष्ट शब्दमा भन्नुहुन्छ। मलाई जनमोर्चा भन्नेसम्म थाहा छ, माओवादी भन्ने चाहि थाहा छैन। काठमाडौंमा बाँदर मर्‍यो भनें पोष्टमार्टम गरेर मात्र जलाइन्छ। यहाँ मान्छेलाई त्यहाँ बादरलाई गरिने प्रक्रिया पनि पूरा नगरी जंगलमा मारेर खोलातिर फ्याँकिन्छ। म आफैलाई रिझाको जंगलमा बाँधेर प्रहरीले गोली हान्न लागेका थिए। तेवाङ्गको राप्रपाको कार्यकर्ता डम्बर घर्तीले त पुलिसले भन्दा पनि बढी कुटपिट गरे। प्रहरीसंग अन्तिम इच्छा राखे। अनि के भयो कुन्नि? मलार्य नमारिकन यहाँ ल्याए। मलाई गोर्खे लौरो लगाएर पिसाबबाट रगत बगुञ्जेलसम्म कुट्ने र यातना दिने गरियो। अनि प्राणसम्म बचाउन जे लेखेको छ, त्यही कागजमा सही गरिदिएँ। अदालतमा न्यायाधीशसंग घाउ केश गराउन अनुरोध गर्दा पनि भएन। "ख"श्रेणीको सिधा खाएर बसिरहेको छु। तर म जनमोर्चाको संगठनमा कहीं पनि थिइन्- बुढाथोकीले बिलौना गर्दै भन्नुभयो।

जेलमा बढी मान्छे किन खाँदेर राखिएको छ? रोल्पा जेलका जेलर दण्डपानी पोखेल भन्नुहुन्छ- आदेश दिने कार्यालयले पठाए पछि मैले राख्दिन भनेर भन्न मिल्दैन। तर मैले जाहेर गर्दा अब राख्ने ठाउँ नै छैन भनिसकेको छु। यो कुराको फोटोकपी देखाउन पनि म तयार छु कि मैले विभाग, जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयमा जाहेरी पठाइसकेको छु। तर जाहेरी पठाइसकेपछि पनि १० जना थपिए। यो सरकारको नीतिभित्रको कुरा होला। यस्तो अवस्थामा मेरो मात्र चिन्ताले केही हुन सक्तैन। बन्दीहरूले दुःख पाएको कुरा राष्ट्रकै समस्या हो। यो जेलमा कतिजनासम्म पठाउन र राख्न मिल्छ भन्ने कुरा माथिको निकायले जान्ने कुरा हो। मैले यहाँ भएको साधन स्रोतले भ्याएसम्म बन्दीहरूलाई दुःखकष्ट नहोस् भन्ने हिसाबले व्यवहार गरिरहेको छु।

जनयुद्ध र त्यसअघिका सरकारी मुद्दामा थुनुवाको जीवन बिताइरहनु भएका सबै जनाको मुद्दा अहिले पुनरावेदन अदालत दाङ्गमा चलिरहेको छ। उहाँहरू सबैको झिनो आशा पुनरावेदन अदालतले सफाई दिन्छ कि भन्ने रहेको छ। तर निरपराध हुँदाहुँदै पनि उहाँहरू आस्थाका कारण बन्दी बनाएर अपराधी मुद्दाको शिकार हुनु भएको छ। यो कुरातर्फ विचार गर्ने र छानवीन गरेर निर्दोष नागरिकहरू माथि भएको अन्यायलाई समाप्त पार्ने काम को बाट हुने हो? रोल्पा जेलका बन्दीहरू यो प्रश्न गरिरहेका छन्।

# मुठभेड भनिन्छ, तर मुठभेड भएकै हुँदैन



**हरिप्रसाद आचार्य रोल्पाको सदरमुकाम लिवाङ्ग गाविस अध्यक्ष हुनुहन्छ। उहाँ जनमोर्चाकै टिकटमा निर्वाचित हुनुभएको थियो। तर उहाँ "जनयुद्ध" मा संलग्न जनमोर्चासंग मेरो कुनै सम्पर्क छैन भन्नु हुन्छ।**

**जनयुद्ध शुरू भएपछि रोल्पाको लिवाङ्ग गाविसमा कस्तो प्रभाव परेको छ? भन्ने प्रश्नको उत्तरमा उहाँ भन्नु हुन्छ "अहिले लिवाङ्ग गाविसका एक दुई जना युवाहरूले गाउँ छोडेका छन्। एकजना युवा रूद्रबहादुर महरालाई विना पूर्जी थुनामा राखी २५ दिनसम्म बसेपछि बल्ल छोडिएको छ। यहाँ डराउन दिने, त्रसित हुने भयावह अवस्था सिर्जना भएको छ। आजभोलि अलिक कम भए पनि लिवाङ्गमा ठूलो आतंकको वातावरण सिर्जना भएको छ। सरकारी दमनले यस्तो आतंकको सिर्जना गरिरहेको छ।"**

कस्तो-कस्तो आतंक फैलाइएको छ ?

के हुन्छ, कसो हुन्छ भन्ने। जस्तो फलानो ठाउँमा यस्तो घटना भयो अरे, कहाँ कतिजना मान्छे मरे। मुठभेड भन्ने कुरा आउँछ। तर मुठभेड होइन, घरमा सुतेको बेलामा मारिएको रहेछ भन्ने एकातिरबाट बुझिन्छ। अर्कोतिर मुठभेड भएपछि गोली चलाएको भनेर भनिन्छ। त्यो सबै यहाँका सबै बासिन्दाले प्रत्यक्ष देख्न र बुझ्न सक्ने कुरा भएन। अरूको भनाइका आधारमा नै मूल्यांकन गर्ने हो। बाहिरको स्थिति मूल्यांकन गर्दा यहाँ एमालेबाट यस खाले आतंकको विरोध भइरहेको सुनिन्छ। यहाँका स्थानीय नेताहरूले पनि विरोध गरिरहनु भएको छ। बाहिरका ठूला-ठूला नेताहरू पनि यहाँ आएर भाषण गर्दाखेरि पनि केही कुरा सुन्न पाइयो। तर अन्यत्र भन्दा लिवाङ्ग चाहिं तुलनात्मक हिसाबले कम आतंकित छ। हामीलाई पनि सोधपुछको क्रममा बोलाइएको थियो। के हो? कसो छ भनेर सोधेपछि गएर जे वास्तविकता हो त्यो भनियो पनि। म पार्टीको आधिकारिक व्यक्ति होइन। म त खाली जनताको सेवा गर्ने भनेर निर्वाचित भएको नाताले काम गरेको हुँ। त्यसपछि फेरी मलाई सोधपुछ गर्ने गरिएको छैन। अहिले अरू विभिन्न पार्टीका साथीहरूले के छ विचार? अब के गर्ने? भनेर सोध्नु हुन्छ। तर जुनसुकै पार्टीमा गए पनि आखिरीमा सत्तामा बस्ने एउटा पार्टीको मात्र पालो आउँछ। एउटाको पालो आउँदा अर्कोलाई दमन गर्ने नै हुन्छ र राजनीति भन्ने पनि यही रहेछ। आफ्नो स्वार्थको लागि यस्तो हुँदोरहेछ। त्यसैले मलाई राजनीति भनेको जनता र समाजका लागि होइन रहेछ भन्ने लागेको छ। यहाँको परिस्थिति हेरेर नै मैले यो भनिरहेको हुँ।

तपाई जनयुद्धको नीतिगत पक्षसंग सहमत हुनुहुन्छ ?

म त सहमत छैन। यसको नीतिगत पक्ष भनेको नै के हो ? मलाई थाहा छैन।

सहमत नभएको स्थितिमा अब के गर्ने विचार गरिरहनु भएको छ ?

जनयुद्ध थालनी गरेर अब त्यसमा समावेश भई त्यस सम्बन्धी काम गर्ने र समर्थन गर्ने कर्तव्य मेरो होइन। त्यो म गर्न सक्तिनँ।

तपाई जनमोर्चाबाट निर्वाचित हुनु भएको होइन ?

- हो। तर जनयुद्धको थालनी यसरी हुन्छ भन्ने कुरा त मलाई थाहा थिएन। त्यतिबेला त गाविसमा को उठ्ने? कसरी उठ्ने? भनेर कुरा उठ्दा यहाँका जनताले यो मान्छे योग्य छ र राम्ररी काम गर्दछ भनेपछि जनताको दबाब अनुसार मलाई जनमोर्चाले टिकट दिएको हो। म पार्टीमा शुरूदेखि आबद्ध भएर काम गरेको मान्छे होइन। ०४६ सालमा बहुदल आयो। तर ०४७ सालदेखि बल्ल म जनमोर्चाको समर्थक भएको हुँ। त्यो भन्दा अगाडि मलाई केही थाहा थिएन। ०३६ सालको जनमत संग्रहमा साथीभाइ र केटाहरूसंग मिलेर बहुदलमा भोट हालेको हुँ। त्यसपछि खासै वास्ता गरिएन। क्याम्पस पढ्न गइएन। यही ८।९ कक्षा पढियो। बुवा कानून व्यवसायी भएको हुनाले मैले पनि बुवासंगै काम गर्न थालें। कानून व्यवसाय गर्न थालेको पनि २२।२३ वर्ष भयो। बहुदल आएपछि यो काममा अलिक शिथिलता आएको छ। यो पेशमा पनि अहिले त काम गर्न निकै गाह्रो भएको छ। पहिले एक थरीले आएर मुद्दा दिन्छन्, अर्को थरी आएर पर्ति लाउने र बयान गर्ने, जेथा जमानी धरौटी राख्ने यस्तै किसिमका काम हुन्थे। त्यो पनि अहिले एकतर्फी मुद्दा पर्छ। तर पहिले भन्दा एकदम कम पर्छ। अहिले त एकातर्फबाट मुद्दा यो पनि अर्को पक्षबाट कुनै प्रतिवाद हुँदैन।

जनमोर्चाबाट अलग हुनु भएको हो त ?

अहँ, मैले राजिनामा दिएको छैन, खाली समर्थक हुँ। किसान संघको जिल्ला स्तरको सदस्य पनि थिएँ। तर पार्टीमा सम्बद्ध होइन। अहिलेसम्म म पार्टीको सदस्य भएको पनि छैन। जनताको सेवा गर्ने भन्ने मेरो सोचाइ छ। त्यो सोचाइ अनुसार नै जितेको पनि हो। जनताको सेवा गर्न पाइन्छ भने किन अध्यक्षबाट राजिनामा दिनु पर्‍यो भनेर पनि राजिनामा दिएको छैन। मैले राजिनामा दिंदा उही जनताको विकास निर्माणको काम नै ढिला हुन्छ।

तपाईको उपाध्यक्ष कहाँ हुनुहुन्छ ?

उहाँ भारतमा हुनुहुन्छ भन्ने पत्र आएको थियो। मैले त्यसलाई गाविसमा सुरक्षित राखेको छु। पत्रमा भारतको छाप र टिकट लगाएको छ। मैले सुने अनुसार उहाँले भारतमा नोकरी गर्न थाल्नु भएको छ। पहिले पनि भू.पू. सैनिक भएको हुनाले उहाँले त्यस्तै केही काम गरिरहनु भएको होला। उहाँको नाममा होलेरी लगायत तीन ठाउँमा भएका घटनाहरूसंग संलग्न भन्ने मुद्दा छ।

जनयुद्ध शुरू भएपछि पनि लिवाङ्गमा जनमोर्चाको प्रभाव यथावत छ त ?

यहाँ सबै जना चुप लागेका छन्। सबैले के गर्ने? कसो गर्ने? भनेर अलमलिएका छन्, भयभीत छन्। कुनै सर्वसाधारण जो पहिले जनमोर्चा समर्थक भएका थिए, ती त्यसै डराए, व्यर्थमा उनीहरूलाई भाग्न बाध्य गराइएको छ। ३।४ जना भागेर भारततर्फ पुगेका छन्। उनीहरू कतिले चिठी पठाएर आउन सकिन्छ कि सकिदैन? हामी यहाँ दुःख पाएर मर्न लागियो भनेर भनिरहेका छन्। लिवाङ्गका गाउँबाट पनि सर्वसाधारण बुढाहरूलाई पनि पक्राउ-मसी सोधपुछ गर्ने, तर्साउने गरियो। अन्यत्रको मलाई त्यति प्रष्ट थाहा छैन। जे होस् मुठभेड भएका घटनाहरू भन्नेमा मुठभेड नभएको भन्ने बुझिन्छ।

पार्टीले कुनै सम्पर्क राखेकै छैन ?

अहँ। जब जनयुद्ध भयो भनियो, त्यो भन्दा धेरै अगाडि माघदेखि नै कुनै नेताहरूसंग पनि भेटघाट भएको छैन। पार्टीको भित्री कुरा त मलाई पहिले पनि थाहा हुँदैनथ्यो। म पनि सदरमुकामको अध्यक्ष हुँ। सक्रिय रूपले काम गरेको भए पार्टी सदस्य हुन सक्थें, इलाका, जिल्लामा रहेर गर्न सक्थें होला। हाम्रो उपाध्यक्षले त्यो अवसर पाउनु भयो। उहाँ पार्टीको जिल्ला तहमा हुनुहुन्थ्यो। मैले पार्टीभन्दा बढी जनताको काम गर्न रूची देखाएँ। जसले गर्दा पार्टीले पनि मलाई त्यति विश्वास गरेन। अरू विपक्षीहरूले झन के विश्वास गर्ने? मैले घरधन्दा, व्यवहार सबै छोडेर जनताको काम चाहिं मरिमेटेर गरेको छु। यो भन्दा बढी अरू केही गर्न सकिदैन पनि। फेरि अरू के गर्ने?

# त्यस दिन मलाई मऱ्यो भनेर फाले

**कतिजनालाई मुद्दा लागेको छ ?**

हाम्रो गाउँमा त कति हो कति मुद्दा लागेको छ। साँच्चै भन्ने हो भने सय, छ-बीस मान्छेलाई मुद्दा लागेको छ। अझ बढीलाई पनि लगाइएको छ। असौजे मेलाको काण्डमा त्यो मेलामा नभएको मान्छेलाई समेत मुद्दा लागेको छ। त्यो मेला हेर्न नै नगई घरमा बसेको मानछेलाई पनि मुद्दा लागेको छ।

**मुद्दा लागेर फरार हुनेहरूको संख्या गाममा कति छ ?**

ठूलो गामबाट चारजना छन्। कोही जोमसोम र काला पहाड भएको मान्छेलाई पनि मुद्दा लागेको छ। तिनीहरू अहिले गाउँमा छैनन्। तिनीहरूलाई त फरार भएको भनेर भन्न भएन।

**त्यसरी मुद्दा लगाउन भूमिका खेल्ने को हो ?**

धेरै छन्। फेरि अस्ति भरखर मलाई म्याद आएको छ। ज्यानमारा उद्योग र डाँका मुद्दा लागेको छ। जाहेरी दिने मनसिंह बुढा भन्ने छ। मनसिंह बुढा गाउँमै थिएन, ऊ जोमसोम गएको थियो। अस्ति साउन १५ गते जोमसोमबाट आइपुग्यो। उसले त मलाई कुनै जाहेरी दिएको छैन भन्छ। ऊ मेरो साख्खै जेठान पनि पर्छ। त्यसो भए जाहेरी निकाल्न जाउँ, तपाईंले जाहेरी निकाल्नोस् भनेर यहाँ आउँदा जाहेरी निकाल्न पाइँदैन भन्छन्। मनसिंहले लेख्नै जान्दैन, तर जाहेरीमा लेखेर हस्ताक्षर गरेको छ। मनसिंहको त चल्ने उही ल्याप्चे मात्रै हो।

**पुलीस प्रशासनको रवैया कस्तो छ नि !**

म त बाहिरी गाममा बस्छु। पुलिसहरू ठूलो गाममा बस्दैनन्। त्यहाँ आउँदा त्यति बढी केही गर्दैनन्। पुलिसहरू बदमास नै हुन्छन्। त्यहाँ गएको इन्सपेक्टरले चाहिं पुलिसहरूलाई केही चिज दिनु परे पैसा लिएर मात्र दिनु भन्छ। तर धेरै जसो पुलिसहरू भित्री गाममा बस्छन्।

**पार्टीसंग कुनै सम्पर्क छैन ? माओवादीका नेताहरू गाममा आउँदैनन् ?**

आउँदैनन्। उनीहरूसंग कुनै सम्पर्क छैन।

**असौजे मेलाको मुद्दा टुंगिएको छैन ?**

कहाँ टुंगिनु ? उल्टै थप मुद्दाहरू लागेका छन्। ती पुराना मुद्दा टुंगिने त झन् कुरै छैन।

**असौजे मेलाका दिन भएको के हो ?**

म पनि थिइन, गोठमा गएको थिएँ। त्यहाँ जनमोर्चाले नाटक देखाउन लागेको थियो। तर कांग्रेस र राप्रपा मिलेर तिनीहरूलाई कुटपिट गरी लखेट्न भनेर विहान ४ बजे भाले बास्ने समयमा आवाज गर्न पठाए। त्यस्तो आतंक हुने ठाउँमा म बुढो मान्छे किन लडाईं गर्न जाउँ भनेर गोठतिर गएँ। शक्ति हुनेले जे सुकै गर, चाहे जनमोर्चाले पिटाई खाउन, चाहे कांग्रेस र राप्रपाले खाउन भनेर म गएँ। त्यो नाटक देखाउने बेलामा राप्रपा र कांग्रेसले घेराउ गर्न गएछन्। त्यसपछि पानीको बाहन उम्ले झैं जनमोर्चाहरू पनि बुर्लुक्कै उम्लिएछन् र यता-उता लखेटेछन्। त्यही घटनाबाट आतंक मच्चिन गयो। जनमोर्चाका मान्छेहरू पनि जंगलतिर लागे। तर म मेरो गल्ती छैन, त्यसैले लुक्न पनि लुक्दैन भनें। प्रहरी आए पनि म यही बयान दिन्छु भनेर बसें। तर जनमोर्चाका केटाहरूले मलाई यहाँबाट भाग्नु पर्छ, नत्र पुलिसले गोलीले उडाउँछ भनेर भने। त्यसपछि म प्युठान जिल्ला पसें र सिधै दाङ गएँ। त्यहाँ मेरा दाजु भाउजु जग्गा लिएर बसेका छन्, मेरो छोरा पनि त्यहीं पढ्छ। गाई तिहार मैले उहीं मानें। अनि प्रहरीले मलाई त्यहीं पक्राउ गऱ्यो। कार्तिक १० गते म पक्रउ परें, ११ गते सुलिचौरमा ल्याइपुऱ्यायो। १२ गते त यहीं हिरासतमा आइहालें। त्यसपछि ४५ दिन हिरासतमा बसेर छोडिएँ। मैले धरौटी चाहिं राख्न परेन। हिरासतबाट छोडेपछि घर गएँ। त्यस पछाडि फागुन महिनामा फेरि मलाई पुलिस पक्राउ गर्न आए। त्यतिखेर पक्राउ गरी ल्याएर २० दिन हिरासतमा राख्यो। विना मुद्दा त्यसरी पक्राउ गरेको थियो। हिरासतबाट छुटेर गाइवस्तुसंग गोठमा बसेको बेला राती सुतिरहेको थिएँ, लौरो लिएर झपाझप कुटिहाल्यो। मैले मान्छे पनि चिनिनँ। "यो बलियो, त्यो बलियो, जसले पहिले पिट्यो, त्यही बलियो" भनें झैं म सुतेको भए त सुतेको सुत्यै हुन्थें। मलाई त्यस दिन कुटेर मऱ्यो भनेर फाले। त्यसैबेला मेरो एउटा भतिजाले पानी खुवाएपछि बल्ल बाँचें। यो चैत २२ गतेको घटना हो। मलाई अस्पतालमा पुऱ्याए र उपचार गरी फर्कें।

**अब गाउँ घरमा शान्ति र सुरक्षाको स्थिति कसरी कायम गर्न सकिएला ?**

जनमोर्चाकाहरूले पनि जनतालाई नलखेटे शान्ति नै हुन्छ। मेरो विचार चाहिं यो भदौ महिनामा एउटा गाउँ बैठक बसाल्छु। अनि प्रशासनको पछि पनि नहिंड, त्यो उग्रवादी माओवादीका पछि पनि नहिंडेर स्वतन्त्र भएर बसौं। कसैको पक्षमा नलागौं भनेर सल्लाह गर्छु भन्ने सोचेको छु।

**तपाईंको परिवारमा कति जना हुनुहुन्छ ?**

मेरा दुई भाई छोरा छन्। दुई वटी छोरी छन्, तर विहे भइसकेको छ। जेठो छोराको एउटी छोरी र पत्नी छ। ऊ भारतमा भर्ति भएको छ। कान्छो छोरा दाङमा कक्षा ७ मा पढ्छ।



साउने बुढा रोल्पाको गाम गाविस उपाध्यक्ष हुनुहुन्छ। "हाम्रो जनयुद्ध गर्ने कुरासंग सरोकार छैन। हामीले पढेलेखेका छैनौं। यहाँ कोही टाठोबाठो आएर यो यस्तो हो भन्न थालेपछि जनता उसैतिर लाग्छन्। गाउँमा मान्छे मार्ने, आतंक मच्याउनेहरूसंग जनता लाग्दैनन्। एमालेले सम्झाउने, बुझाउने र सुरक्षा दिने हो भने अब जनता ऊ तिर नै लाग्छन्।" भन्ने बुढाले प्राचीलाई आफ्नो गाउँको अवस्थाका बारेमा बताए - "धेरै घरमा लोग्ने मान्छे पाइँदैनन्। हामी ६४ जना त अदालतमा तारिख खेप्न हिड्छौं। माथि सिडिओ कार्यालयमा पनि हिजो तारिख थियो। हिजो आइ पुग्न सकिएन। आज गएको "तिम्रो तारेख अब सकियो" भनेर भन्नु भयो। अनि ठीकै छ भनेर फर्केर आएँ। अब वर्षमा एक-एक पल्ट तारेख खेप्ने अरे। अस्ति म बाहिर जाँदा पनि तारेख बुझेको थिएँ। बाउन्न साल सिद्धिएर त्रिपन्न साल लागेको म्याद थपियो। यही साउन १८ गतेको म्याद पनि नम्याएपछि निवेदन लेखेर थामियो। तर निवेदन लेखेर एकपल्ट मात्र तारिख थामिन्छ, दुई पटक, तीन पटक नथामिने भनेपछि अहिले म.घर फर्किन पऱ्यो भनेर लागेको छु।"

# अमुक मान्छे अनाहकमा मरेको पनि हुन सक्छ

**जनयुद्ध शुरू भएपछि केही समयसम्म रोल्पामा माओवादीहरूले पनि कारवाही संचालन गरे । तर अहिले किन एकोहोरो सरकारी कारवाही चलाउने काम भएको छ ?**

उनीहरूले माओवादी पार्टीको नामबाट जुन जनयुद्ध शुरू गरेका छन्, त्यो के का लागि, किन र के गर्न गरेका हुन् भन्ने मलाई थाहा छैन। यो उनीहरूकै विषय हो। जहाँसम्म शुरूको कुरा हो, शुरूवातमा समेत सरकारले ज्यादती गरेर यो भएको होइन। उनीहरूले नै शुरू गरेका हुन्। शुरूमा उनीहरूले धेरै मान्छे मारे, घाइते बनाए, कैयौंलाई काठमाडौं ल्याएर उपचार गर्ने काम भयो। कैयौंका हात खुट्टा भाँच्चिए, कसैका आँखा फुटे। त्यसपछि चाहे जुनसुकै सरकार भएको भएता पनि त्यस्ता गतिविधिहरूलाई सहेर बस्नु हुँदैनथ्यो। मलाई लाग्छ, विश्वमै यस्तो किसिमको सरकार हुँदैन, जहाँ नागरिकहरूको हत्या हुन्छ, लुटपाट र आगजनीबाट असुरक्षा हुन्छ, जसले सहेर बस्ने गर्छ। नेपालमा पनि जुनसुकै दलको सरकार भए पनि सहेर बस्ने कुरा हुँदैनथ्यो। त्यसैले प्रहरीले वा सरकारले एकोहोरो कारवाही गरेको छ भन्ने कुरालाई कसरी एकपक्षीय छ भन्ने ? नागरिक सुरक्षाको निम्ति पठाइएका प्रहरीहरू माथि पनि आक्रमण भइरहेको छ, रूकुममा त प्रहरीलाई नै ठहरै पारे। अहिले पनि प्रहरी चौकीमा आक्रमण गर्ने, कुटपिट गर्ने काम जारी छ। त्यो अवस्थालाई हेर्दा एकपक्षीय भन्न मिल्दैन। पक्ष-विपक्ष दुबै तर्फबाट कारवाही भइरहेको छ। प्रहरीले आफू लगायत जनताका पनि सुरक्षा गर्न खोज्दा मुठभेड भएर केही मान्छेहरू हताहत भएका हुन्। तर हताहत हुने क्रम पनि दुई पक्षमै भएको छ। जनयुद्ध गर्नेहरूले नै अहिलेसम्म धेरै हताहत पारेका छन्।

**जनयुद्ध संचालन गरेको नाममा सबैलाई माओवादी भनेर कारवाही गर्ने कुरा सही हो ? त्यस अघि पनि जनस्तरमा सामान्य भै-भगडा हुन्थे नि !**

बहुदल आउने वित्तिकै देखिबाट पनि भएका होलान्। तर यस्तो हुनुमा धेरै कारणहरू छन्। रोल्पाको अशिक्षा र गरिबीको कुरा छ। रोल्पामा पढाउने धेरै जसो शिक्षकहरू हामीले प्युठानबाट लग्नु पर्‍यो। प्युठानमा पहिल्लेदेखि मोहन विक्रमजीको प्रभाव रहेको थियो। उहाँले बोकेको राजनीतिक सिद्धान्तबाट प्रभावित त्यस्ता शिक्षकहरू नै रोल्पामा पढाउन गएका थिए। तर पञ्चायती व्यवस्था छँदा तिनीहरू को कता



बालाराम घर्ती मगर
आवास तथा भौतिक योजना मन्त्री

लागेका छन् भनेर छुट्याउन सक्ने अवस्था थिएन। तिनीहरूबाटै रोल्पामा कम्युनिष्टहरू बढाउने काम शुरू भएको हो। बहुदल आएपछि ०४७ साल मंसीरसम्म पनि जिल्ला शान्त नै थियो। तर त्यसपछि आक्रमण, घेराउ, कुटपिट शुरू भयो। चुनावको बेलामा धेरै ठाउँमा मलाई नै जान दिइएन, बुथ कब्जा गर्ने, ढुंगाले हान्ने काम भयो। तर जतिसुकै बुथ क्याप्चर गर्दा वा मलाई लगेर थुन्दा पनि मात्र १ हजार ८ सयको फरकले मात्र मैले हारें। मतदान गर्ने दिन म स्वयं हिरासतमा थिएँ। उनीहरूले त्यतिखेर म माथि कुकृत्य नै गरेका हुन्। जनयुद्ध शुरू हुनु अघि फाट्ट फुट्ट मान्छे मर्न शुरू भएको हो। अहिलेसम्म २०/२२ जना मान्छे मरिसके। वर्षभरी खान पुग्ने मान्छेहरूमाथि उनीहरूले शोषक र सामन्तको नाममा आक्रमण गरेका छन्।

**नेपाली कांग्रेसको सरकारको पाला सर्वसाधारणलाई फसाइएका अनगिन्ती मुद्दाहरूबाट उम्कन बसेका यसरी प्रतिरोध भएका जस्तो देखियो नि ।**

कुरा कहाँबाट शुरू गर्ने ? गिरिजाप्रसाद कोइरालाजी प्रधानमन्त्री हुँदा रोल्पामा जानु भयो। उहाँलाई विभिन्न ठाउँमा बाटोमै कुटपिट भयो। त्यसैले त्यहाँ कुटपिटको कुरा नेपाली कांग्रेसबाट शुरू गरिएको होइन। म त त्यहींको नागरिक हुँ, वासिन्दा हुँ - त्यहाँ मारकाट, कुटपिट शुरू गर्ने माओवादीहरू नै हुन्। त्यसपछि सार्वजनिक मुद्दा लागे। तर त्यो नै कारण होइन, मुद्दाहरूमा सफाई दिने आपसी समझदारीको कुरा हो। सरकारले फिर्ता पनि गर्न सक्छ। अहिले पनि सरकारले वार्ता गर्न आव्हान गरेकै छ। समस्याको समाधान भनेको आपसमा बसेर हुन सक्छ। बहुदलीय व्यवस्थामा आस्था नराखे पनि ढुँगैले हानेर मान्छेलाई मार्नै पर्छ भन्ने त छैन। तर उनीहरू नै वार्ताका लागि तयार छैनन्।

**तपाईं त्यहींबाट जितेर मन्त्री बन्न भयो। तर त्यहाँको तनावको वातावरणले गदा ग्रामिण स्वावलम्बनको कार्यक्रमको विकास निर्माणको काम पनि रोकिएको छ नि !**

विकास निर्माणको आदि हुन्छ, अन्त्य चाहिं हुँदैन। खानेपानीदेखि विभिन्न शीर्षकमा प्रशस्तै वजेट गएको छ। गाउँमा केही केही ठाउँमा अप्ठेरो भएको हुन सक्छ। त्यहाँको भय र त्रासको वातावरणले गत वर्षकै कतिपय वजेट खर्च हुन नसकेको कुरा मैले सुनेको छु। ठाउँ नै विकट छ, जंगलै जंगल फैलिएको छ, त्यसैले काम सम्पन्न गर्न त्यति सजिलो छैन। त्यहाँ मैले मात्र गरेर वा सरकारले गरेर केही हुँदैन। सरकारले वजेट छुट्याइदिएको छ, उनीहरूले पनि विकासका लागि अग्रसरता लिनु पर्छ।

**सरकारको कारवाहीद्वारा किन सर्वसाधारण नागरिक मात्र मारिएका छन् । माओवादीका सदस्यहरू नै कोही नपरेको स्थितिमा त सरकारले सर्वसाधारणलाई जथाभावी मारेको प्रष्ट नै हुन्छ त ?**

सर्वसाधारण मान्छे त कोही परेको जस्तो मलाई लाग्दैन। शतप्रतिशत काम सही भएको छ भनेर म यो अपरेशनको समयमा भन्दिन। अमुक मान्छे अनाहकमा मरेको पनि हुनसक्छ।

**थवाङ्गमा सैनिक अपरेशन गरेर अहिलेको जनयुद्धको विजारोपण गर्ने काम त तपाईंबाट नै भएको हाइन र ?**

त्यतिखेर गरेको अपरेशन मलाई पनि त्यति थाहा छैन। प्रशासनले हात हतियार राखेको भनेर खानतलासी गरेको हो। अपरेशन नै चाहिं होइन, कोही मान्छेलाई मार्ने, थुन्ने गरेको केही भएको होइन। थवाङ्गबाट त अहिले २/३ जना मात्र फरार छन्। अरू त आ-आफ्नो घरमै बसेका छन्।

**रोल्पालाई अब कसरी पूर्ववत रूपमा शान्त बनाउन सकिन्छ ?**

रोल्पालाई अब हामील शान्त पार्ने होइन, उनीहरूले नै कसरी शान्त पार्छन् ? सोच्नु पर्छ। हामीले त वार्ताको लागि आव्हान गरेका हौं।

# पश्चिमको छिन्ताङ्ग काण्ड – थवाङ अपरेशन

**"काटे शरीर ढल्छ, तर विश्वास ढल्दैन मेरो,**
**मारे हाडखोर गल्छ, तर विचार गल्दैन मेरो**

वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रितले गोलघरमा रहेर यातना खेप्नु पर्दा कुनै बेला आफ्नो विश्वास र विचारप्रतिको समर्पण यसरी पोख्नु भएको थियो। त्यसपछि उहाँलाई पलायन गराउन कस्सिएर यातना दिने हातहरू समेत थाकेका थिए। तर निरंकुशताका पक्षपातीहरू जहिले पनि यातना र दमनद्वारा नै विचार र आस्थाका कारण अग्रसर भएकाहरूलाई रोक्न खोज्छन्। ०३७ सालको मध्यपछि रोल्पाको थवाङमा पनि राजनीतिक समस्याको कठोर दमनद्वारा समाधान गर्न खोजियो। परिणामस्वरूप आजसम्म रोल्पा यो अवस्थामा पुगेको छ।

जनमत संग्रहपछि रोल्पाको सुदूर उत्तरी गाउँ थवाङ्गमा गरिएको "सैनिक अपरेशन" बारे अहिले पनि धेरैलाई थाहा छैन। कुनैबेला छिन्ताङ्ग, पिस्कर र म्याग्दीमा जुन ढंगका सैनिक अपरेशन गरिएको थियो, ती भन्दा थवाङ्गमा गरिएको सैनिक अपरेशन नामको सरकारी लुट र दमन कुनै हदमा पनि कम थिएन। फरक यतिमात्र थियो छिन्ताङ्ग र पिस्करका घटनामा थुप्रै नागरिकले मेला हेर्न गएको अपराधमा ज्यान गुमाउन परे पनि थवाङ्गमा कसैले सैनिकको गोलीले ज्यान चाहिं गुमाउनु परेको थिएन। थवाङ्गमा गरिएको लुटपाट र दमन तत्कालीन प्रमुख जिल्ला अधिकारी शारदाप्रसाद दाहाल र प्रहरी निरीक्षकको नेतृत्वमा अप्रत्यासित ढंगले भएको थियो। त्यो अपरेशनको त्यति चर्चा नहुनुको एउटा प्रमुख कारण थवाङ्गका जनता संगठित रहेको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (चौथो महाधिवेशन) समूहमा लगत्तै आएको भयंकर विभाजन पनि एउटा कारण रहेको छ। तर सान्है विकट र अशिक्षित ठाउँमा अप्रत्यासित ढंगले गरिएको अपरेशन भएको हुनाले पनि आजसम्म त्यो ओझेलमा नै रहेको छ।

**इतिहासका पानाहरूमा अंकित थवाङ**

रोल्पाको सुदूर उत्तरी भेगमा अवस्थित थवाङ्ग–बाग्लुङ्ग र रूकुमको सिमानामा पर्दछ। सदरमुकाम लिवाङ्गबाट झण्डै २ दिन टाढा पर्ने यो गाउँको सिमानामा रोल्पाका उवा, जेलवाङ्ग, मिरूल र कुरेली गाविसहरू पर्दछन्।



**रोल्पाका एक स्थानीय बासिन्दा : रोल्पाको गाजो र खाम भाषा देशकै अलग पहिचान हुन्।**

सदरमुकाम लिवाङ्गदेखि थवाङ्ग २६ कोश टाढा रहेको छ। त्यसमा पनि रोल्पाको उत्तरी भेगको घना जंगल, भीर–पाखा, खोलानाला र अत्यन्तै विकट इलाका भएको हुनाले प्रशासनले समेत शुरूमा थवाङबारे राम्रो जानकारी समेत राख्न सक्दैनथ्यो। ०१५ सालतिर त्यहाँ कम्युनिष्ट पार्टीको संगठन विस्तार गर्ने क्रममा तत्कालीन कम्युनिष्ट पार्टीका केन्द्रीय नेता मोहनविक्रम सिंह पुग्नु भयो। त्यतिखेर त्यहाँ एउटा निम्न माध्यमिक विद्यालय भएको र उहाँले त्यहीं शिक्षकको रूपमा काम समेत गर्नु भएको थियो। छोटो बसाइकै क्रममा उहाँले थवाङ्गका साधारण जनतामा समेत कम्युनिष्ट पार्टीप्रति अगाध स्नेह र समर्थनको भावना जागृत गराउनु भयो। जसको परिणाम ०१५ सालको चुनावमै मुखरित भयो। प्युठान जिल्ला मातहतको ८४ नम्बर क्षेत्रमा पर्ने उक्त गाउँबाट ०१५ सालको चुनावमा खगुलाल गुरूङ्ग कम्युनिष्ट पार्टीको उमेद्वार हुनुहुन्थ्यो। मतगणना हुँदा उहाँले करिब १ हजार १ सय मत प्राप्त गरी पराजित हुनुभयो। तर उहाँले प्राप्त गर्नुभएको मतमध्ये करिब ७ सय मत थवाङ्गबाट मात्रै परेको थियो। थवाङ्गको मतपेटिकामा केवल ५ वटा मत मात्र नेपाली कांग्रेसलाई परेको थियो। जसले गर्दा थवाङ्ग कम्युनिष्ट गाउँको रूपमा चर्चित हुन पुग्यो, त्यो गौरव आज पनि कायम छ।

पंचायती व्यवस्थाको प्रारम्भपछि रोल्पाको राजनीतिमा बालाराम घर्तीमगर उदाउनु भयो। तर थवाङ्गमा बालारामलाई कहिल्यै पनि प्रवेश गर्न समेत दिइएन। पंचायती चुनाव वहिष्कार गर्दा थवाङ्गबाट एउटा पनि मतदान हुँदैनथ्यो। सधैंभरी "निल मतदान" हुने गरेबाट तत्कालीन पंचहरू बालाराम घर्तीमगर, रेगबहादुर सुवेदी हतप्रभ हुने गर्नु हुन्थ्यो। जनमत संग्रहको समयमा थवाङ्ग फेरि एकलौटी रूपमा बहुदलको पक्षमा उभियो। अर्थात त्यतिबेला गाउँबाट खसेको १ हजार ३ सय मध्ये एउटा मत पनि निर्दलको पक्षमा परेन। त्यसपछि लिवाङ्गमा बसेर थवाङ्गको राजनीतिलाई हेर्ने र चलाउनेहरूले त्यहाँ निकै कम्युनिष्ट संगठन भएको ठान्न थाले। अझ यसो पनि भन्न सकिन्छ – थवाङ्गमा बालाराम घर्तीमगर छिर्न नसक्नु भएको रिस थियो। र, प्रशासनले कम्युनिष्ट गाउँ भनेर नै त्यसलाई "आँखाको तारो" बनाइरहेको थियो।

०३६ सालपछि त्यहाँको गाउँ पंचायतको प्रधानपञ्च बरमन बुढा छानिनुभयो। सरकारी रवैया दमनकारी भएको नाताले नै उहाँले प्रधानपञ्च भए पनि गाउँलाई सरकारले हेप्ने, दबाउने गरेको कुरा भन्न र उठाउन छोड्नु भएन। त्यतिबेला नै उहाँले स्कूलको छात्रावास र हेल्थपोष्टका लागि करिब ५० हजार वजेट चाहिन्छ भनेर माग गर्नुभयो। त्यसमध्ये उहाँहरूलाई केही निकासा पनि दिइयो, तर पूरै वजेट पाउनु भएन। बरू उल्टै प्रशासनले उहाँहरूमाथि त्यो रकम केही काममा लगाए पनि धेरै जुवा खेलेर र रक्सी खाएर सकेको आरोप लगायो। प्रशासनले उहाँहरूलाई फसाउने र त्यहाँ भएको कम्युनिष्ट पार्टीप्रतिको जनसमर्थनलाई समाप्त पार्न चाहन्थ्यो। त्यो कुरा उहाँहरूले पनि राम्ररी बुझ्नु भएको थियो। जसले गर्दा प्रशासन र थवाङ्गका जनताबीचको दूरी झन् बढेर गयो। थवाङ्गका जनताले आफूहरू नेपालको एउटा गाउँमा बस्छौं भनेर कहिल्यै अनुभूति गर्न पाएका थिएनन्। संविधान, कानून र ऐन नियमका कुरा उनीहरूलाई केही थाहै थिएन। मोहनविक्रम सिंहले ०१५ सालमा पठाएर साक्षर बढाउनु भएका बरमन बुढा, टेकबहादुर र धर्मबहादुर बुढा पुरानो पुस्ताका प्रतिष्ठित र टाठोबाठो व्यक्तिहरूमा गनिनु हुन्थ्यो। त्यसपछिका युवा विद्यार्थीहरू पनि जन्मदै कम्युनिष्ट भएर देखा पर्दथे। फेरि त्यहाँको वस्ती पनि एकै ठाउँमा गुजुप्प परेर रहेको छ।

# त्यसपछि अवस्था झन् बिग्रियो

रोल्पामा सबै पक्षलाई समेटेर नेतृत्व गर्ने प्रक्रियाको विकास कहिल्यै भएन। ०१५ सालमा खडानन्द सुवेदी ८३ नम्बर क्षेत्रबाट जितेर त्यहाँको सांसद हुनुभएको थियो। त्यतिबेला कम्युनिष्ट पार्टीको त्यस भेगमा खास संगठन भइसकेको थिएन। ०१५ सालतिर नै मोहनविक्रम सिंह त्यतातिर संगठन विस्तार गर्न जानु भएको मैले बुझेको हुँ।

०१७ सालको परिवर्तनपछि खडानन्दजी निस्क्रिय बसिदिनु भयो। पञ्चायती राजनीतिको शुरूवात भएपश्चात ०१७/१८ सालदेखि नै बालाराम घर्तीमगरले झण्डै झण्डै एक छत्र राजनीति गर्दै आउनु भएको हो। उहाँ पूर्वी रोल्पाको मान्छे हो। रोल्पामा पूर्वी र पश्चिमी भेगको धारणा पनि एकदमै उच्चतहले विभाजित छ। पश्चिम रोल्पाका मान्छेले पूर्वी रोल्पाका मान्छेलाई त्यति विश्वास गर्दैनन्। रोल्पाको पूर्वी र दक्षिणी भेगमा बाहुन-क्षत्रीको बसोबास पनि बढी छ, जुन भेग अलिक सचेत पनि मानिन्छ। पश्चिम भेग त सार्है पिछडिएको छ। त्यहाँ बढी मात्रामा मगर जातिकै बाहुल्यता छ। पश्चिमी भेगलाई बालारामजीले त समेट्न सक्नु भएन नै। उहाँका समर्थक भए। अगाडि बढेका पश्चिम भेगकै अमृत बहादुर घर्ती र गंगाराम डाँगीहरूको पनि त्यस भेगमा खासै पकड रहेन। त्यहाँको जनतामा सधैंभरी प्रशासन र राजनीतिमा हावी भएकाहरूप्रतिको नकारात्मक राजनीति नै हुँदै गयो।

वामपंथी राजनीतिमा संगठनलाई महत्व दिइन्छ। तर त्यहाँ त्यसो गर्नुको साटो सधैं प्रशासनले हामीलाई दुःख दियो, सधैं हेप्यो, त्यसैले यसको विरोध गर्नुपर्छ भन्ने मात्रै मानसिकताको विकास त्यो क्षेत्रमा भयो। त्यसले गर्दा त्यहाँ जो अलिकति सचेत भए, तिनीहरूमा त्यही नकारात्मक धारणा मात्रै विकास भएर गयो। मूलतः त्यही नकारात्मक धारणाको उपज अहिलेको स्थिति सिर्जना हुन गयो। दोस्रो कुरा, त्यहाँको राजनीतिक नेतृत्वलाई समेटेर जिल्लाको लागि के गर्ने ? भन्ने व्यापक छलफल गरी निष्कर्ष गर्ने पहल हुन सकेन। त्यस्तो छलफल गर्ने हो भने केही निष्कर्ष निस्कन सक्छ। जसको लागि प्रशासनले पनि सहयोग गर्नुपर्छ।



शारदाप्रसाद दाहाल

राजनीतिक कुरा प्रशासनिक कारवाहीबाट कहिल्यै समाधान हुन सक्दैन। प्रशासनिक कारवाहीको असर जहिले पनि नकारात्मक रूपमा पर्न जान्छ। थवाङ्गको कारवाहीको अनुभवलाई अगाडि राखेर पनि म भन्छु - त्यतिबेला हामीले चाहेको समाधान त्यसबाट निस्केको थिएन। प्रशासकीय कारवाहीबाट मानिसको मानसिक परिवर्तन हुँदैन। त्यतिखेर तत्कालको लागि केही शान्ति भए जस्तो भयो। प्रशासनलाई सिधै चुनौति दिने प्रक्रिया रोक्न सकियो। तर प्रशासनप्रतिको नकारात्मक धारणामा कुनै परिवर्तन आउन सकेन, बरू झन् नकारात्मक भएर गयो। त्यसैले प्रशासकीय कारवाहीले फाइदा गर्दैन। दीर्घकालको समाधान प्रशासकीय कारवाही होइन, सामाजिक र राजनीतिक चेतनाको विकास गर्दै समझदारीपूर्ण छलफलबाट निस्कने निष्कर्ष नै दीर्घकालीन समाधानको उपाय हो।

**थवाङ्ग अपरेशनपछि त्यसको कस्तो प्रभाव पर्‍यो भने सम्बन्धमा र रोल्पाको समस्या समाधान कसरी हुन्छ ? भनी तत्कालीन सिडिओ शारदाप्रसाद दाहालसंग लिइएका प्रतिक्रियाहरूबाट पनि थवाङ्ग अपरेशनबारे प्रष्ट हुन्छ।**

अहिलेको अवस्थामा त्यहाँको स्थितिप्रति एकले अर्कोलाई दोष थोपर्ने गरिएको छ। यी सम्पूर्ण कुराहरू एक अर्काप्रति आरोप प्रत्यारोप गर्ने हिसाबले आएका छन्। त्यो हो कि होइन ? भनेर तथ्यपूर्ण अध्ययन विश्लेषण भएको जस्तो पनि मलाई लाग्दैन। अहिले के भइरहेको छ, त्यो समाधानको बाटो होइन। जिल्लास्तरमा क्रियाशील पार्टीहरू बसेर आपसी छलफल गरियो भने केही समाधान निस्केला। नत्र अहिले जे भइरहेको छ, त्यो दुर्भाग्य भइरहेको छ। त्यो एकदमै गरीब र पिछडिएको जिल्ला हो। त्यहाँका कतिपय ठाउँमा त मैले देखेको छु कि हामीले भैंसीलाई कुँडो बनाउन जौ गहुँ कुटेर बनाउने पिठोको रोटी बनाई नूनसित खाएर जिविका चलाउने पनि गरिन्छ। त्यस्तो पिछडिएको ठाउँमा नकारात्मक राजनीतिले काम गर्ने गर्छ। त्यसैले त्यहाँको समाधान प्रशासकीय कारवाहीबाट होइन, राजनीतिक तहबाट नै खोज्नु पर्छ।

प्रायःको आर्थिक स्थिति उस्तै उस्तै छ। काठे घरको सामूहिक बसाई र मिलनसार स्वभाव त्यहाँका वासिन्दाहरूको परिचय हो। त्यसैले गाउँमा उत्पन्न कुनै झै-झगडा, मुद्दा मामिलामा पनि सदरमुकाम लिवाङ्गमा कोही आउँदैनथ्यो। गाउँलेहरूले आफै बसेर छलफल गरी दोषीलाई दण्डित गर्ने, जरिवाना गर्ने गरेर सबै कुरा गाउँमै मिलाउँथे।

### अपरेशनको पृष्ठभूमि

रोल्पा र प्युठानमा दशैंको समयमा खासगरी हुलाकी बाटो लगायत अन्य साना-ठूला सबै बाटो गाउँलेहरूले नै खन्नु पर्ने परम्परा छ। तर थवाङ्गका जनप्रतिनिधि र जनताले प्रशासनलाई लिखित चिठ्ठी नै पठाएर "दशैंको बाटो खन्न प्रशासनले गरेको निर्णय" मान्दैनौं, हामीले बाटो खन्दैनौं भनेर चेतावनी दिन्थे। गाउँमा जाने हरेक व्यक्ति अहिले पनि कम्युनिष्ट भएर नै बस्नु पर्छ। त्यतिबेला पनि थवाङ्ग पुग्ने कुनै शिक्षक वा कर्मचारी कम्युनिष्ट समर्थक भएको खण्डमा उसले सार्है सम्मानपूर्ण स्थितिमा बस्न र काम गर्न सक्थ्यो। अन्यथा त्यहाँ रहेर सरकारी काम गर्न समेत असम्भव थियो भनेर तत्कालीन प्रशासन प्रमुखहरू बताउँछन्। एकजना रामबहादुर भन्ने व्यक्तिलाई त गाउँमा बस्न र टिक्न नै नदिई थवाङ्गको जनताले लखेटेपछि लिवाङ्ग गएर बसेको बताइन्छ।

यसै क्रममा प्रशासनले एउटा भयंकर षडयन्त्र गर्‍यो। थवाङ्ग स्कूललाई दिएको पैसा सदरमुकाममै बसेर जुवा खेलिसकेको अभियोगमा बरमन बुढा लिवाङ्गबाटै पक्राउ पर्नुभयो। तत्कालीन सिडिओ शारदाप्रसाद दाहालले प्रहरीले उहाँलाई कौडा सहित नै पक्राउ गरेको बताउनु हुन्छ। तर बरमन बुढाले त्यतिखेर पनि प्रशासनले आफूमाथि षडयन्त्र गरेको दाबी गर्नु भयो। र, मुद्दा अदालतमा पुगेपछि उहाँले नै जित्नु भएको घटनाले पनि प्रशासनिक षडयन्त्रलाई पुष्टि गर्दछ। यसरी सिडिओले षडयन्त्र गरेपछि बरमन बुढा सहित सम्पूर्ण थवाङ्गका जनता आगो भए। पछि सिडिओले उहाँलाई शान्ति सुरक्षा ऐन अन्तरगत थुनामा पनि राख्नु भयो। थुनाबाट निस्केपछि पनि प्रशासन प्रति उहाँहरूले सकारात्मक धारणा राख्ने कुरै थिएन। किनभने प्रशासनले उहाँहरूलाई सकेसम्म फसाउन चाहन्थ्यो। र, थवाङ्ग छुट्टै राज्यको रूपमा रोल्पाबाट अलग्गिएर रहेको जस्तो व्यवहार गरिरहेको थियो। यस बीचमा प्रशासनले उहाँहरूसंग पटक-पटक निहुँ पनि खोज्यो। जस्तो कामको लागि प्राप्त खाद्यान्न लिन आउनका लागि भन्यो। तर उहाँहरूले त्यसमा पनि फसाउन सक्छन् भनेर लिनु भएन। उल्टै प्रशासनले भरिया लगाएर नै थवाङ्ग पुर्‍याइदिने पनि गर्‍यो। तर त्यतिबेलासम्म प्रशासनप्रति थवाङ्गका वासिन्दाको धारणा निकै प्रतिशोधपूर्ण भइसकेको थियो। जसले गर्दा भरियालाई कुटेर पनि लखेट्न उनीहरू पछि

# थवाङलाई तहसनहस नै पार्न खोजिएको थियो

"०३६ सालमा आएर पनि त्यस्तै भयो। आफ्नो पक्षमा मत नआउने भएपछि खासगरी बालाराम घर्ती मगरहरू पनि थवाङ्गलाई तहसनहस बनाउने योजनामा लागेका नै थिए। र, थवाङ्ग अपरेशन गर्नुपर्ने खास कारण पनि केही थिएन। त्यसको एउटै उद्देश्य कम्युनिष्ट पार्टीको प्रभावलाई तहसनहस पार्नु रहेको थियो। त्यो सिलसिला बढ्दै गएर आजको स्थिति सिर्जना भएको हो। त्यहाँका जनताहरू स्थानीय शोषक सामन्त र फटाहाहरूको दमन र शोषणबाट मुक्त हुन चाहन्छन्। उनीहरूले कम्युनिष्ट पार्टीको प्रगति र उन्नति भएको देख्न चाहन्छन्। यो कुरालाई पछि आएर माओवादी समूहका साथीहरूले पक्रे। अनि विना प्रशिक्षण, विना तालिम र विना तयारी हतार हतारमा जनताको मनस्थिति नबुझिकन जनयुद्ध शुरू गरेको घोषणा गरे। त्यसपछि त्यहाँका जनताहरू अब हामी शोषणबाट मुक्त हुन्छौं भनेर लागेका पनि छन्। तर जुन प्रक्रियागत त्रुटिहरू माओवादीले हचुवाको ढंगले निर्णय गरेर गर्न पुग्यो, त्सको परिणाम अहिले रोल्पाली जनताले भोगिरहेका छन्। अहिले त्यहाँ सर्वसाधारण जनतालाई पनि पक्राउ गरिएको छ, थुनामा राखिएको छ, जथाभावी गोली हानेर मारिएको छ। मुठभेड भएको भनेर सरकारी संचार माध्यमले समाचारमा भन्छ। तर त्यहाँ एउटा ठाउँमा मात्र पनि मुठभेड भएको हामीले पाएका छैनौं। त्यहाँका केही व्यक्तिहरूले आफू पदमा पुग्न बाटो खुलाउनका लागि यस किसिमका कुराहरू भएका हुन्। त्यसकारण यो जुन रूपमा बढे पनि एउटा राजनीतिक समस्या हो, राजनीतिक समस्याको समाधान यसरी दमन गरेर, मान्छे मारेर, थुनामा राखेर र झूठ्ठा मुद्दा लगाएर समाधान हुन सक्तैन। यसलाई टेबुलमा बसी वार्ता गरेर हुन्छ या अन्य राजनीतिक समाधान नै खोजेर हुन्छ, राजनीतिक रूपले नै समाधानको निहुँमा पुग्नु पर्छ भन्ने मेरो मान्यता रहेको छ।"

**प्युठान रोल्पा-रूकुमको छिमेकी जिल्ला पनि हो। अझ तपाईंको आफ्नै घर पनि रोल्पासंग धेरै निकट छ ? तपाईंले नजिकबाट हेर्दा "जनयुद्ध प्रभावित क्षेत्र" लाई कसरी बुझ्नु भएको छ ?**

रोल्पाको तेवाङ्ग, सिर्प, गजुल, गाम आदि गाउँ हाम्रो सिमानामा नै पर्छन्। त्यस भेगबाट हाम्रो भेगमा आलु बेचन ल्याउने, कपडा किन्न आउने मानिसहरूसंग पनि हाम्रो सम्बन्ध र सम्पर्क हुन्छ। हामीले उनीहरूसंग बुझ्दा हिजो चुनाव बहिस्कार गर्न सहयोग नगरेको भनी माओवादीहरूले पनि केही मान्छेहरूलाई आक्रमण गरेकै हुन्। तर त्यसैलाई निहुँ र आधार बनाएर प्रहरी, प्रशासनले जथाभावी रूपमा सर्वसाधारण जनतालाई दबाउने काम भएको छ। गाम खोलाको जंगलमा केही मान्छेहरू बसेका छन्, उनीहरूले खानपान पाइरहेका छैनन् भन्ने पनि सुन्न पाइन्छ। उनीहरूले चामल, मकै किन्न पठाएका कतिपय मानिसहरू यहाँ प्युठानमा आउँदा पनि पक्राउ परे। ती बिल्कुलै सर्वसाधारण छन्। प्रहरीले पक्राउ गर्ने वित्तिकै "यो यो भएको हो, हामी यति जना छौं" यति पैसा लिएर आएका हौं भनेर भन्छन्। उनीहरूले भने अनुसार गाम खोलामा ४०-५० जना बसेका छन्। तिनीहरूको कुरा बुझ्दा "नौलो जनवाद" लाई उनीहरूले "कामधेनु गाई" मान्दा रहेछन्। नौलो जनवाद आएपछि सम्पूर्ण समस्याहरू समाधान हुन्छन् भन्ने उनीहरूमा भ्रम परेको रहेछ। अर्को जनयुद्ध हुने वित्तिकै हामीले सरकारलाई खत्तम पार्न सक्छौं भन्ने चिन्तन उनीहरूमा रहेको पाइयो। हामीले देखे भेटेका मानिसहरू साऱ्है सर्वसाधारण छन्, उनीहरूको राजनीतिक स्तर विल्कूलै कम छ। तर कम्युनिष्ट पार्टीप्रति साऱ्है प्रतिवद्ध भएर त्यहाँका शोषक सामन्तहरूप्रति अलि बढी आक्रोसित नै छन्। किनभने उनीहरूलाई वर्षौंदेखि ती स्थानीय फटाहाहरूले दबाउने काम गरेका छन्। गाममा भएको एउटा सामान्य नाटकको घटनाबाट यो घटनाक्रम बढेको हो। माओवादी समूहले यसलाई जनयुद्ध नै भनेर भन्यो। नत्र भने त्यहाँ युद्ध नै भएको छ भन्न सक्ने अवस्था पटक्कै छैन। त्यस किसिमका कार्यकर्ता पनि छैनन् र तयारी पनि छैन।

**जनयुद्धलाई अर्को चरणमा अगाडि बढाउने कुरा आएको छ। के त्यो निरन्तर रहने स्थिति देख्नु हुन्छ ?**

मैले पनि अर्को चरणको कार्यक्रम अगाडि आउने भनेर सुनेको छु। माओवादी समूहले पहिलो चरणको कार्यक्रमको मूल्यांकन गर्दा सफल भएको भनेर मूल्यांकन गरेको पनि पाइन्छ। तर वास्तविक रूपमा हामीले नजिकबाट हेर्दाखेरि पहिलो चरणको कार्यक्रम नै असफल भएको पाइन्छ। जनता एकदमै त्रसित अवस्थामा रहेका र पूर्व तयारी पनि केही नभएको हुनाले दोस्रो चरणको कार्यक्रम अगाडि बढ्न सक्छ भन्ने मलाई लाग्दैन।

**माओवादी समूहले जनयुद्ध प्रभावित क्षेत्रका जनताप्रति कुनै जिम्मेवारी रहेका खालको व्यवहार गरेको पाउनु हुन्छ ?**

म त्यस्तो केही पाउँदिन।



**वीरबहादुर सिंह नेकपा (एमाले) को प्युठान जिल्ला संगठन कमिटीका सचिव हुनुहुन्छ। "प्राची" संगको कुराकानीका क्रममा उहाँले भन्नु भयो – "त्यतिखेर थवाङ्ग प्युठान अन्तरगत नै पर्दथ्यो। त्यो एउटा त्यस्तो गाउँ हो, जहाँ ०१५ सालको चुनावमा पनि सम्पूर्ण मत कम्युनिष्ट पार्टीको पक्षमा खसेको थियो। केवल ५ वटा मत मात्र अरू पार्टीलाई गएको थियो। त्यसपछि यहाँका सम्पूर्ण प्रतिक्रियावादी शक्तिहरू थवाङ्गको विरूद्धमा लागेकै छन्। त्यतिबेला देखि नै थवाङ्गलाई कसरी दबाउनु पर्छ, कसरी तहस नहस पार्नु पर्छ भन्ने मनसाय त्यहाँका स्थानीय फटाहाहरू, शोषकहरू र प्रहरी प्रशासनमा छँदै थियो।"**

# त्यो अपरेशन गर्नु जरुरी थिएन



**खेमराज पण्डित (केन्द्रीय सदस्य, राष्ट्रिय प्रजातन्त्र पार्टी)**

> **खेमराज पण्डित, रोल्पाको पहिलो हाइस्कूल लिवाङ्गका हेडमास्टर हुनुहुन्थ्यो । प्रशासनिक दमनकै कारण उहाँ लगायत सबै शिक्षकले सामूहिक राजिनामा दिएर छोड्नु भएको थियो । ०१५ सालको चुनावमा थवाङ्ग भेगमा उहाँले कम्युनिष्ट पार्टीको प्रचारमा पुगेर गुम्चालमा खगुलाल गुरूङ्गको मतदान प्रतिनिधि पनि रहेर रोल्पालाई राम्ररी बुझ्नु भएको छ । उहाँ पछि पुष्पलाल समूहको केन्द्रीय सदस्य समेत हुनुभएको थियो ।**

राप्रपा नेता पण्डित हालको "जनयुद्ध" विगतको दवाव अपरेशनसंग जोडिएको छ भन्ने ठान्नु हुन्छ। "साँच्चै भन्ने हो भने थवाङ्गमा जुन सैनिक अपरेशन भयो, त्यतिबेला म न पञ्चायतमा लागिसकेको थिएँ, न कुनै प्रतिवन्धित दलमा नै आवद्ध थिएँ। मैले त्यतिखेर कम्युनिष्ट पार्टी छोडेको थिएँ तर पञ्चायतमा लागेको थिइन। थवाङ्गमा त्यो घटना घटेपछि चाहिं मैले प्रशस्तै चासो देखाएँ र के भयो ? किन भयो ? भनेर बुझ्न थालें। मैले त्यो बेलामा एकैचोटी सैनिक अपरेशन किन गरियो भनेर सबैजनासित सोधें। त्यो बेलाका मनोनित राष्ट्रिय पञ्चायत सदस्य बमकुमारी बुढा र वालाराम घर्तीमगरसंग पनि सोधें। तर उहाँहरूका बीचमा मैले फरक विचार पाएँ। बमकुमारीजीले "अपरेशन नगरेको भए हुन्थ्यो" भन्नु भयो। तर बालारामजीले चाहिं "खै के हो ? माथिबाट सरकारले गरेको हो, मलाई थाहा छैन" भन्ने कुरा गर्नुभयो। त्यसपछि मैले तत्कालीन व्यवस्थाका अन्य प्रमुख मान्छेहरूसंग पनि सोधपुछ गरें। मैले त्यतिखेर प्रष्ट शब्दमा भनेको हुँ - जुन अपरेशन थवाङ्गमा गरियो, त्यसले देशलाई दीर्घकालीन असर पर्छ। त्यो अपरेशन गर्नु जरूरी थिएन।

थवाङ्गमा जनताले कुनै सैनिक अभ्यास गर्न थालेको थिएन। त्यो गाउँ ०१५ सालदेखि नै "कम्युनिष्ट गाउँ" को रूपमा परिचित थियो। ०१५ सालको चुनावमा त्यो गाउँ प्युठानको ८४ नम्बर क्षेत्रमा पर्दथ्यो। खगुलाल गुरूङ त्यहाँको कम्युनिष्ट पार्टी पक्षीय उम्मेद्वार हुनुहुन्थ्यो। म उहाँको पक्षमा प्रचार गर्न गएको थिएँ र गुम्चाल भन्ने ठाउँमा म उहाँको एजेन्ट भएर बसेको पनि थिएँ। मत गणना हुँदाखेरि ८४ नं. क्षेत्रमा कम्युनिष्ट पार्टीलाई भोट खसेको मात्रै थवाङ्गमा थियो। एकलौटी रूपले कम्युनिष्ट पार्टीलाई खसेको थियो, मतपेटिकामा अरू केही पनि थिएन। कांग्रेसको पक्षमा ५ वटा मात्र भोट खसेको वाहेक बाँकी करिब ७ सय मत खगुलालजीको पक्षमा परेको थियो। उहाँले त्यतिखेर करिब १ हजार १ सय मत ल्याउनु भएको थियो। यसले गर्दा पञ्चायत कालमा थवाङ्गलाई यसै पनि शंकाको दृष्टिकोणले हेर्न थालियो।

०१५ सालको एकलौटी मतदान पनि थवाङ्गका जनताले राजनीतिक रूपले सचेत भएर गरेका थिएनन्। त्यस्तै पंचायत व्यवस्थाका मान्छेहरूलाई पनि "यो त कम्युनिष्टहरूको गाउँ थियो" भन्ने परिरहेको थियो। कम्युनिष्ट गतिविधिमा त्यहाँका मानिसहरू त्यसरी जुटेका र संलग्न रहेका थिएनन्। हाम्रो बरमनजी अथात संजमो पूर्व सांसद बरमन बुढासंग चिनाजानी थियो, उहाँसंग बसउठ हुन्थ्यो। वाम विचार त राख्नुहुन्थ्यो, तर उहाँ पनि खासै सक्रिय राजनीतिमा लाग्नु भएको थिएन। खाली प्रशासनको दृष्टिकोण मात्र त्यतिखेर थवाङ्गमाथि खराब परेको हो। जनताको क्रियाकलाप खराब थिएन। हामीले त्यस्तो सामान्य स्थितिमा परेनन्।

वडादशैंको दिन त्यहाँ सबै गाउँलेहरूले घरघरमा नभएर गाउँको प्रधानपञ्चकहाँ गएर टीका थाप्ने चलन आज पनि छ। तर ०३७ सालको वडादशैंका दिन बरमन बुढा जेलमा हुनुहुन्थ्यो। उप-प्रधानपञ्च चाहिं कम्युनिष्ट नभएर पञ्च नै थिए। प्रशासनले दशैंको दिनमा समेत आफ्नो गाउँको मुख्य मान्छेलाई नछोडेको स्थितिमा गाउँलेहरूमा आक्रोश उत्पन्न हुनु स्वभाविक थियो। त्यसैले सिंगो गाउँका सबै जना मान्छे गाउँ पञ्चायतको कार्यालयमा भेला भए। अनि त्यहाँ राखिएको राजा-रानीको फोटो फुटाएर फ्याँकिदिए। त्यो ठाउँमा मार्क्स, लेनिन, स्टालिन र माओका उपलब्ध तस्वीरहरू राखे। उप-प्रधानपञ्चलाई बेस्सरी कुटेर लखेटे। उनी लिवाङ्ग तर्फ लागे। गाउँलेहरूले त्यसपछि आक्रोशपूर्ण वातावरणमै दशैं मनाए, नारा लगाए - "वीरे चोर देश छोड, बरमनलाई छोडिदे।" अनि घरघरमा समेत "बीरे चोर, देश छोड" को नारा लेखे, यो तत्कालीन व्यवस्थाको लागि असहय र संवेदनशील कुरा थियो। यही निहुँमा त्यहाँ जनताले सैनिक अभ्यास गर्न थालेको जस्ता झूठा प्रचारवाजी गरी "अपरेशन" को पृष्ठभूमि तयार गर्ने काम भएको थियो।

### थवाङ्ग अपरेशन कसरी गरियो ?

तत्कालीन सिडिओ शारदाप्रसाद दाहाल थवाङ्गमा त्यसपछि गरिएको सैनिक अपरेशनलाई "सैनिक अपरेशन" नभई "व्यापक प्रहरी कारवाही" भनेर उम्कन चाहनु हुन्छ। उहाँले त्यतिबेला अपरेशन गर्नका लागि स्वयं चिठ्ठी लेखेर गृहमन्त्रालयमा पठाई स्वीकृति माग्नु भएको थियो। प्रहरी इन्सपेक्टरले "थवाङ्ग" मा भएको "दशैंको घटना" पछि अपरेशन नगरी सुखै छैन भनेर सिडिओलाई भनिसकेका थिए। दाहालले स्वीकृति मागेपछि तत्कालीन गृहसचिव कर्णध्वज अधिकारीले उनलाई मन्त्रालयमा हाजिर हुन बोलाए। र, मन्त्रालयमै बसेर अपरेशनको तयारीका सबै तानाबाना बुन्ने काम भएको थियो। त्यसपछि प्रमुख जिल्ला अधिकारी दाहाल र केन्द्रबाट पठाइएका सैनिकहरू सहित रोल्पा फर्किए। उनले सैनिकको सहभागितालाई अहिले पनि अस्वीकार गर्दछन्। तर हाल राप्रपा केन्द्रीय सदस्य खेमराज पण्डित, जो त्यतिबेला भरखर कम्युनिष्ट पार्टीबाट अलग भएका थिए, उनले प्रष्ट शब्दमा दावी गर्छन् - "त्यो सैनिक अपरेशन नै थियो।" तत्कालीन मनोनित राष्ट्रिय

पंचायत सदस्य बमकुमारी बुढाले पनि त्यतिबेला थवाङ्गमा गरिएको सैनिक अपरेशनको विरोध गरेकी थिइन। उनको भनाई प्रष्ट थियो - "थवाङ्गमा सैनिक अपरेशन गर्नुपर्ने कुनै कारण छैन।" तर तत्कालीन सिडिओ शारदाप्रसाद दाहाल त्यो "व्यापक प्रहरी कारवाही" को नामबाट भएको कुरा बताउनु हुन्छ। र, त्यो स्वयं आफूले आफ्नो अधिकार प्रयोग गरेर गरेको दावा गर्नु हुन्छ।

अपरेशन गर्न त्यतिखेर तीनवटा बाटाबाट सैनिकहरू थवाङ्गतर्फ लागेका थिए। त्यसमध्ये एउटा टोली उवाको बाटो, एउटा जिनावाङ्गको बाटोबाट र प्रमुख जिल्ला अधिकारी, प्रहरी इन्सपेक्टर र सैनिक अधिकारी संलग्न टोली होमा, जङकोटको बाटोबाट थवाङ्ग जानुभन्दा अघि मिरूल पुगेको थियो। सिडिओको टोलीमा सरकारी वकील र प्रशासनको एकजना ना.सु. पनि संलग्न थिए। तीनवटै टोलीले बाटोमा थवाङ्ग जान लागेका र थवाङ्गबाट अन्यत्र जाने सबैलाई पक्राउ गरी आफ्नै टोलीमा मिलाउँदै लैजाने गरेका थिए। यसो गर्नुको कारण थवाङ्गमा "सैनिक अपरेशन" हुन थालेको कुरा स्थानीय बासिन्दालाई थाहा नहोस् भन्ने प्रशासनको सोचाई थियो। जिनावाङ्ग र उवाबाट गएको टोलीले गाउँ छिर्ने तथा मिरूलबाट गएको टोलीले मिरूलमा धर्मबहादुर र टेकबहादुरलाई बोलाएर आएको खण्डमा समझदारीको नाटक बनाउने पूर्व योजना थियो। त्यसै अनुसार प्रमुख जिल्ला अधिकारी सहितको टोली मिरूल गएर बस्यो। त्यतिबेला विहानको ५ बजेको थियो। उक्त टोलीले टोलीकै केही मान्छेलाई थवाङ्ग गएर धर्मबहादुर र टेकबहादुरलाई लिई आउन पठायो। धर्मबहादुर घरमै हुनुहुन्थ्यो। टेकबहादुर र गाउँका केही युवाहरू मिलेर त्यहाँ दूत भएर गएको टोलीलाई बेस्सरी कुटी लखेट्नु भयो। प्रशासनका "दूतहरू" थवाङ्ग खोला माथि पुग्दा नै गाउँलेहरूले नियोजित षडयन्त्र बुझेर ढुंगामुढा खन्याएका थिए।

प्रशासनले अपरेशनपछि ५० जना व्यक्तिलाई पक्राउ गर्ने लिष्ट बनाएको थियो। अनि थवाङ्गमा आक्रमण भएको थाहा पाएपछि तीनवटै सैनिक टोली एकैचोटी गाउँ प्रवेश गरे। सैनिकले चारैतिरबाट घरघरमा पुगी मान्छेहरू पक्राउ गरी पंचायत घरमा ल्याए। धर्मबहादुर र टेकबहादुर भागिसक्नु भएको थियो। त्यतिखेर पक्राउ पर्नेहरूको संख्या ६० जना भएको कुरा तत्कालीन सिडिओ बताउनु हुन्छ। तर सैनिक अपरेशनको कारणले गाउँमा एकजना पनि लोग्ने

सैनिक अपरेशन गर्न हुँदैन भन्दा भन्दै त्यो दुर्घटना घट्यो। घटनापछि जेलमा पर्ने, पक्राउ पर्ने सबै साथीहरूलाई मैले भेटेको हुँ। उहाँहरू ठूलो मर्कामा पर्नु भएको थियो। किनभने गाउँमा कम्युनिष्ट पार्टीको संगठन समेत थिएन, न खासै गतिविधि नै संचालित थियो। गाउँलेहरू अनावश्यक र एकोहोरो सरकारी दमनको मारमा परेका थिए। त्यो कुरा गर्दा गर्दै ४/५ वर्षको अन्तरालमा मैले त्यो घटनाले गर्दा रोल्पा वरवाद भयो, सबैलाई माफी दिनुपर्छ र अपरेशन गराउनेहरूले घटनाको कसरी प्रायश्चित गर्नुहुन्छ, गर्नुस् भनी सकेपछि मरिचमान सिंह लगायतको एउटा टोली थवाङ्ग पनि गएको हो। त्यहाँका वासिन्दाहरूसंग भेटघाट गरी जेलमा रहेकाहरू सबैलाई रिहाई गर्नुपर्छ भन्ने वातावरण पनि एकचोटी त्यहाँबाट आएको हो। त्यसकारणले त्यो बेलाको सैनिक अपरेशन आवश्यक थिएन, प्रशासनको गलत अदूरदर्शी र अराजनीतिक विश्लेषणले गर्दा त्यो दुर्घटना भएको थियो।"

गाउँलेहरू अनावश्यक र एकोहोरो सरकारी दमनको मारमा परेका थिए त्यो कुरा गर्दा गर्दै ४/५ वर्षको अन्तरालमा मैले त्यो घटनाले गर्दा रोल्पा वरवाद भयो, सबैलाई माफी दिनुपर्छ र अपरेशन गराउनेहरूले घटनाको कसरी प्रायश्चित गर्नुहुन्छ, गर्नुस् भनी सकेपछि मरिचमान सिंह लगायतको एउटा टोली थवाङ्ग पनि गएको हो। त्यहाँका वासिन्दाहरूसंग भेटघाट गरी जेलमा रहेकाहरू सबैलाई रिहाई गर्नुपर्छ भन्ने वातावरण पनि एकचोटी त्यहाँबाट आएको हो। त्यसकारणले त्यो बेलाको सैनिक अपरेशन आवश्यक थिएन, प्रशासनको गलत अदूरदर्शी र अराजनीतिक विश्लेषणले गर्दा त्यो दुर्घटना भएको थियो।"

"त्यो अपरेशनमा गाउँको कति मान्छे भागे, कति जेल गए। त्यसको लेखाजोखा नै भएन।" भन्दै उहाँ थप्नु हुन्छ - "थवाङ्गमा त्यतिखेर एकजना पनि उमेर पुगेका लोग्ने मान्छेलाई प्रशासनले गाउँमा रहन, बस्न दिएन। कोही जंगलतिर फरार भए, कोही पक्राउ परे, कोही जेल परे। जो लुकेर बसेका थिए, तिनीहरूलाई पछि जेल जान पनि परेन, अब के के भयो, भयो, सबै अन्धाधुन्ध भयो।"

"बम कुमारी त त्यसको विरूद्धमा हिंडिन। सत्य कुरा त्यो थियो, जो उनले भनेकी थिइन। उनले "यो बेठीक भयो, यसो गर्न हुने थिएन" भनेर थवाङ्गेहरूको पक्षमा उभिएकी थिइन। वालारामजी चाहिं अहिले जे भन्नु हुन्छ त्यतिखेर पनि त्यस्तै भन्नुहुन्थ्यो।" भन्दै उहाँ अगाडि बताउनु हुन्छ -

"अहिलेको जनयुद्धसंग तत्कालीन अपरेशनको प्रत्यक्ष सम्बन्ध त केहीं नहोला, दुईवटा संगठनहरूको बीचमा पनि केही त्यस्तो सम्बन्ध छैन। वास्तवमा मैले बुझेसम्म थवाङ्गमा सैनिक अपरेशन गर्दाखेरि त्यहाँ कुनै संगठन नै थिएन। त्यहाँ कुनै संगठित पार्टी नै बनेको थिएन। अहिले जो-जसले हामीले पार्टी संगठन बनाएको हो भन्छन्। त्यो इतिहासले जोड्ने कुरा भएकोले आफ्नो ठाउँमा छ। तर त्यहाँ कुनै संगठित पार्टी थिएन। गाउँ चाहिं पक्कै "कम्युनिष्ट गाउँ" भनेर परिचित थियो। तर त्यो तत्कालीन कुन समूहतिर आवद्ध थियो भन्ने कुरा भने द्विविधायुक्त नै थियो। विभिन्न समूहहरूको बीचमा यही नै समूहमा थवाङ्ग आवद्ध थियो भन्न गाह्रो थियो। थवाङ्गेहरूको सम्बन्ध त्यसबेलामा हरेक वामपन्थीसंग हुन्थ्यो। तर त्यहाँ कम्युनिष्ट विचार बोकेका मान्छेलाई राम्रो श्रद्धा गरिन्थ्यो। वरमनजी लगायतका टाठाबाठा मान्छेहरूले वामपन्थी विचार राख्ने हुनाले हरेक वामपंथीलाई त्यहाँ ममता गर्ने प्रकृतिको स्वभाव पाइन्थ्यो।"

"त्यो अपरेशनले रोल्पालाई हाँक्ने भन्ने रापसहरूदेखि प्रशासनसम्म जनताको धारणा नकरात्मक हुन पुग्यो।" भन्ने बताउँदै उहाँ भन्नु हुन्छ - "अहिलेको प्रवृत्तिको विकास पक्कै पनि त्यो अपरेशनबाट नै भएको हो। वास्तवमा अहिले जे जति माओवादी गतित्रिधि भएको छ। त्यसको भावनात्मक सम्बन्ध पहिलेको घटनासंग गाँसिदै आएको छ। त्यो घटना नघटाइएको भए सायद अहिले माओवादीको आधारशीला रोल्पा बन्ने थिएन।"

अहिलेको माओवादी जनयुद्ध पनि प्रशासनको अदूरदर्शी दृष्टिकोणको परिणाम हो भन्ने उहाँको ठम्याइ छ। आफ्नो ठम्याईको पुष्टी गर्ने क्रममा उहाँ थप्नु हुन्छ - "किनभने रोल्पाको विषयमा अहिलेसम्म कुनै प्रशासनिक दृष्टिकोण नै बनेको मैले पाएको छैन। जे घटनाहरू घट्दै गएका छन्, तिनलाई राजनीतिक रूपले र प्रशासनिक रूपले वास्तविक पहिचान गर्न प्रशासन पूर्ण रूपले असमर्थ रहेको छ। मेरो विचारमा सरकारले नै प्रशासनिक दृष्टिकोण निर्माण गर्ने हुनाले यो सरकारी दृष्टिकोण पनि हो। सरकारी दृष्टिकोण र प्रशासनिक दृाष्टकोण दुइवटा हुनु नपर्ने हो। तर अहिले राल्पाको सन्दर्भमा वर्तमान सरकारले वास्तवमा कुनै नीति निर्माण गर्न नै सकेन भन्ने मलाई लागेको छ। र, माओवादीको नाममा भएका घटनाक्रमलाई राजनीतिक ढंगले, राजनीतिक नजरले हेर्ने र मूल्यांकन गर्ने तर्फ कतैबाट पनि सरकारले विचार गरेन। यदि राजनीतिक ढंगले हेरेर मूल्यांकन गरेको भए, त्यहाँको वस्तुगत विश्लेषण गरेर नीति नियम तर्जुमा गरेको भए, यी घटनाले यो विकराल रूप लिन सक्थे जस्तो मलाई लाग्दैन। किनभने माओवादीहरूको जनयुद्ध नै अत्यन्त अव्यवहारिक, अवैज्ञानिक र अधुरो खालको निर्णय थियो। उनीहरूले जनयुद्धको लागि साँच्चै नै कुनै पूर्वाधार तयार गरेका थिएनन्। उनीहरूसंग जनयुद्धका लागि आवश्यक जिल्लास्तरका, राष्ट्रिय स्तरका र अन्तर्राष्ट्रिय स्तरका कुनै परिस्थिति निर्माण भएका थिएनन्। तर गलत प्रशासनिक नीतिले गर्दा उनीहरूको गतिविधि अगाडि बढाउन सघाउ पुग्यो। त्यसको मूल कारण र जड के थियो भने बहुदल आएपछि मानिसहरू विभिन्न दलमा आवद्ध हुने क्रममा त्यहाँ जनमोर्चा एउटा पार्टीको रूपमा स्थापित भयो। उसले ०४८ सालको आम निर्वाचन र ०४९ को स्थानीय चुनाव पनि लड्यो। अहिले त्यहाँका मानिसहरू एउटा राजनीतिक दलमा आवद्ध भएकै नाममा माओवादी भएको नाताले पिसिन पुगेका छन्। सबैभन्दा दुर्भाग्यको कुरो यही हो।"

"बहुदल आइसकेपछि जुन प्रजातान्त्रिक लहर देशमा आयो, त्यो रोल्पामा पनि पुग्नु स्वभाविक थियो। त्यहाँ अरू

राजनीतिक पार्टीहरूको संगठन र प्रभाव क़मजोर भएकोले मानिसहरू जनमोर्चामा लागे। त्यहाँ अरू पार्टीभन्दा जनमोर्चा बढी प्रभावकारी भएर पुगेको थियो। यो कारणले नै ०४८ सालको चुनावमा जिल्लाको दुबै निर्वाचन क्षेत्रबाट जनमोर्चाका उम्मेद्वार विजयी भएका थिए। स्थानीय निर्वाचनमा पनि त्यही पक्षले अत्यधिक बहुमत प्राप्त गरी जिल्ला विकास समिति कब्जा गर्न पुगेको थियो। त्यो अवस्थामा हिजो आफूलाई जनमोर्चा भनेर, खुल्ला राजनीतिक अवस्थामा निर्वाचनमा समेत भाग लिएर आएको संगठनलाई त्यतिखेर एकताकेन्द्रले संचालन गरेको थियो। एकताकेन्द्र त्यतिबेला पनि भूमिगत थियो। त्यो भूमिगत पार्टी फुटेपछि त्यसको एउटा समूह माओवादी-जनयुद्धमा जाने घोषणा गर्ने समय र परिस्थितिमा, त्यसबेला जनमोर्चाबाट निर्वाचित गाविस अध्यक्ष, सदस्य, सभापति लगायत जनयुद्धसंग सम्बन्धित देखिँदैनन्। उहाँहरू जनमोर्चासंग सम्बन्धित हुनुहुन्थ्यो, तर जनयुद्ध गर्ने कुराको समर्थक हुनुहुन्थेन। पछि जनमोर्चालाई नै माओवादीहरूले घोषणा गरेको जनयुद्ध गर्ने पार्टी हो भनेर माओवादीको पार्टी निर्णयलाई सिंगो जनमोर्चाभित्र सरकारले हमला गऱ्यो र धरपकड प्रारम्भ गऱ्यो। सभापतिदेखि गाविस सदस्यसम्म प्रत्येकलाई प्रशासनले ठूलो दबाव, दमन र धरपकड गऱ्यो। जसले गर्दा जनमोर्चा भएर आएका सामान्य जनताले निस्कने कुनै विकास पाएनन्। "म माओवादी होइन" भनेर भन्दा पनि उहाँहरूले सुख पाएनन्। म माओवादीको जनयुद्धसंग आवद्ध छैन, खाली जनमोर्चाबाट चुनाव लडेर जितेको हुँ भन्दा पनि उनीहरूलाई फुर्सद नदिने जुन वातावरण प्रशासनले गऱ्यो, त्यो नै सबभन्दा ठूलो राजनीतिक भूल भयो। परिणामतः त्यहाँको स्थिति दिन प्रतिदिन बिग्रँदै गएको छ। जति सरकारी दबाव बढ्दै गयो, त्यसबाट नेकपा (माओवादी) ले फाइदा लियो। आक्रोस, दिशाहीन र छटपटिएको जमातलाई माओवादीले आफूतिर आकर्षण दियो। त्यसले अनावश्यक रूपले माओवादीको हैकम र आकार बढ्न पुग्यो। माओवादीको जुन हैसियत थियो, त्यसलाई त्यो हैसियत भन्दा ठूलो देखाउने काम प्रशासनको गलत विश्लेषणबाट हुन गयो।"

"माओवादीहरूले पनि समयको पहिचान गर्न सकेकै होइनन्, उनीहरूले रोल्पाको गाउँघरको परम्परागत स्वभाव, लडाईं लड्ने, समूहमै बाँडिएर लड्ने आनीबानीलाई देखेर नै रोल्पालाई आफ्नो आधार बनाउन खोजेका छन्। उनीहरू पनि अत्यन्त गलत निर्णयमा पुगेका वास्तवमा साँचो अर्थबाट भन्ने हो भने सचेत भएर रोल्पाका जनताले माओवादीलाई साथ दिएकै छैनन्। त्यहाँका जनता माओवादी हुन लायक पनि छैनन्। माओवादीले गाउँको गलत चेतनालाई बोकेर हिंड्ने गलत निर्णय गरेको हुनाले नै निश्चित रूपले असफलताको दिशातिर लागिसक्नु भएको छ।

बहुदल आएपछि त्यहाँ जनमोर्चाको प्रभाव राम्रो देखियो भन्ने कुरा भनी हालें। त्यसपछि त्यहाँ कमजोर रहेका अन्य पार्टीहरू खास गरी नेपाली कांग्रेसबाट त्यहाँ जनमोर्चामा लागेका मानिसहरूलाई जबर्जस्ती नेपाली कांग्रेस बनाउन खोजियो। उनीहरूलाई राजनीतिक रूपले सचेत बनाउने काम नै भएन। वास्तवमा त्यहाँ विभिन्न राजनीतिक दलका विचारहरू स्थापित भएकै थिएनन्। त्यसैले पार्टी विस्तार गर्न त्यहाँ कुनै पनि दल पुग्नु स्वभाविक थियो। तर शून्य ठाउँमा आफ्नो हैकम बढाएर एकैचोटी चुनाव जित्नका लागि त्यसबेलाको नेपाली कांग्रेस र उसले संचालन गरेको राज्य संयन्त्रले जनमोर्चाका समर्थकहरूलाई दबाव दिन थाल्यो। भावनात्मक भय सिर्जना गरेर संगठन बढाउने तर्फ हैकमवाजी चलायो। कांग्रेसद्वारा प्रशासनलाई नै त्यहाँ नेपाली कांग्रेसको राजनीति गर्न तैनाथ गरियो। राजनीति राजनीतिक दलले गर्नु पर्दछ, प्रशासनले त्यसरी राजनीति गर्नु हुँदैनथ्यो। ०४८ सालकै निर्वाचनमा नै प्रशासनलाई राजनीतिक लौरो बनाएर नेपाली कांग्रेस चुनाव लड्यो। त्यसको प्रतिरोध जसले गऱ्यो, उसलाई जनमोर्चा भनेर मुद्दा लगाउने काम भयो। जनमोर्चाको संगठन र समर्थनमा हुँदै नभएका पनि त्यहाँ जनमोर्चा हुन पुगे। "ए! म त जनमोर्चा भएछु" भन्ने स्थितिमा उनीहरूलाई कांग्रेसको निर्देशनमा त्यहाँको प्रशासनले पुऱ्यायो।"

"रोल्पाको समस्या समाधान गरेर त्यहाँ शान्तिपूर्ण स्थिति सिर्जना गर्नका लागि मैले आफ्नो पार्टीभित्र पनि कुरा उठाएकै छु। मैले यो सरकारसंग व्यक्तिगत हिसाबले पनि माग गर्दछु कि रोल्पा जस्तो ठाउँका लागि, खासगरी रोल्पा, रूकुम, जाजरकोटका लागि शान्ति बनाउन अहिलेसम्म जे जति घटना भए पहिलो त राजनीतिक रूपले विश्लेषण र निरूपण हुनु पर्छ। दोस्रो - यसको निम्ति उच्च स्तरको राजनीतिक छानवीन आयोग गठन हुनु पर्छ। तेस्रो - त्यो आयोगले दिएको प्रतिवेदनको आधारमा सम्पूर्ण मुद्दा मामिला, जेल, यातना, हिरासतमा रहेका प्रत्येक जनता, सर्वसाधारण र नबुझेर माओवादी भएका सबैलाई एकचोटी आम माफी पनि हुनुपर्छ। र, माओवादीसंग सरकार राजनीतिक रूपले वार्तामा सामेल पनि हुनुपर्छ। यसको पूर्वाधारको निम्ति एउटा उच्च स्तरीय छानवीन आयोग गठन गरेर छानवीन गर्नुपर्छ भन्ने मेरो आफ्नो मान्यता छ। यो सरकारले त्यस्तो आयोग गठन गरोस्, हरेक गाविसमा संविधान मान्ने राजनीतिक दलहरू रहेको सर्वदलीय टोली गएर त्यहाँका समस्याको पहिचान र छिनोफानो लगाउनु पर्छ। तनाव, भय, दमन र उत्पीडनमा परेका सबै जनतालाई उन्मुक्त बनाउनु पर्छ।"

"त्यहाँ मुठभेडमा पनि केही मान्छे मारिएका छन्। तर मलाई त कस्तो लागेको छ भने त्यहाँ रिस उठ्ने जसले जसलाई मारे पनि भएको छ। वास्तवमा रोल्पामा विभिन्न प्रकृतिका हत्या भएका छन्। त्यहाँका प्रत्येक मान्छेलाई माओवादी भन्ने चलन छ, कोही माओवादी पनि होला, तर सरकारले प्रत्येकलाई माओवादी भन्ने गरेको छ। दुई घर, दुई जनाको बीचमा झगडा हुँदा कोही मऱ्यो, कसैले पिटाई खायो भने त्यसलाई माओवादी रंग दिए पुगेको छ। अप्राक्ष हुनको लागि अहिले अत्यन्त सहज रोल्पा हुन पुगेको छ, जनता अत्यन्तै असुरक्षित भएका छन्। ¨सले जसलाई कुटे पनि हुन्छ। आफ्नो जग्गा जमीनको झगडा, पुर्ख्यौली रिस, राजनीतिक प्रतिशोध साँध्ने र अरूलाई फसाउने आधार पनि अहिले त्यहाँ जनयुद्ध भएको छ। त्यहाँ राजनीतिक क्रियाकलाप नै भएको छैन। विभिन्न राजनीतिक दलमा लागेका मूर्ख र फटाहाहरूको रजाईं चलेको छ। किनभने त्यहाँ अराजक स्थिति रहेको छ। यस्तो अवस्थामा विभिन्न दलको फेटा गुथेर एक अर्कालाई फसाउने बाहेक अरू केही काम हुन सकेको छैन।"

मान्छे रहन नपाएको कुरा खेमराज पण्डित स्पष्ट पार्नु हुन्छ। घर घरमा गएर बन्दुक सोझ्याउँदै लुटपीट गर्ने, महिलामाथि हातपात गर्ने र इज्जत लुट्ने घटना त कति भए ? जसको अहिले पनि लेखाजोखा छैन। घरघरमा लुटपीट गर्ने, जिलेटीन, लाइसेन्स विनाका भरूवा बन्दुक र पेस्तोल बक्स भित्र राखेर त्यहाँ भित्र भएका गर गहना लुट्ने काम सैनिकहरूले कति गरेका थिए ? भन्ने कुरा यो एउटा घटनाबाट पनि पुष्टि हुन्छ - धर्मबहादुरको घरबाट सेनाको एउटा समूहले टिनको बाकस खानतलासी गरी भएको सुन, चाँदी र नगद सबै लुटे। अनि जिलेटिन, ब्लाष्टिङ्ग पाउडर र कटिङ्ग पेस्तोल राखिदिए। त्यसपछि उचालेर लिई पंचायत घरमा गए। पछि पछि धर्मबहादुरकी पत्नी पनि रूदैं चिच्याउँदै आएकी थिइन्। उनले "लौ सिडिओ साहेब म त बर्बाद भएँ। मेरो ३० तोला सुन र २० हजार रूपैयाँ नगद लुटियो" भनेर चित्कार छोडिरहेकी थिइन्। सिडिओको सामुन्ने बक्स खोलेर हेर्दा त्यहाँ डेढसय नगद र १/२ तोला सुन मात्र बाँकी थियो। अरू फसाउने नियतले अगाडि सैनिकले राखेका हात हतियारले बक्स भरिएको थियो।

अपरेशनपछि ३० जनालाई अञ्चलाधीश कार्यालय दाङमा पुऱ्याएर राजकाज अपराध मुद्दा चलाउने काम भयो। बाँकी सबैलाई जिल्लामै अनेक मुद्दा लागे। फरार रहने र जंगलमा लुकेर बस्नेहरू समेत गरेर उमेर पुगेका एकजना लोग्ने मान्छे पनि थवाङ्गमा बाँकी रहेनन्। यो घटनामा त्यहाँ करोडौंको धनमाल लुटियो, सयौं चेलीको अस्मिता पनि लुटियो। तर अपरेशन गर्नु पर्ने खास कारण भनें पूरै झूठ, कपोकाल्पत रहेको थियो। राजा-रानीको फोटो फुटाएको र बालाराम घर्तीमगरलाई पहिलो र रेगबहादुर सुवेदीलाई दोस्रो तथा शारदाप्रसाद दाहाललाई तेस्रो "हिट लिष्ट" मा राखेर मार्न खोजेको झूठ्ठा अभियोगमा त्यति ठूलो सैनिक कारवाही भयो। त्यतिबेला बालाराम घर्तीमगर स्वयं रक्षा मन्त्री हुनुहुन्थ्यो।

अन्त्यमा यति भन्न सकिन्छ - अहिले जनयुद्ध र यसअघि "रोमियो अपरेशन" को नाममा रोल्पामा जे जस्ता कारवाही भएका छन्, यी सबै र थवाङ्ग अपरेशनका बीच धेरै समानता र अन्तर्सम्बन्ध छन्। अहिले रोल्पा जुन स्थितिमा पुगेको छ, त्यसको लागि वातावरण बनाउने काम थवाङ्ग अपरेशनबाट नै शुरू भएको हो। अर्थात थवांङ्ग अपरेशनले नै अहिलेको जनयुद्धको प्रारम्भिक खुड्किलो खनेको थियो।

# रुकुममा अत्याचारको सीमा छैन



**माओवादीहरुको खोजीमा प्रहरी गस्ति मात्र दौडिरहेको छैन । कांग्रेसका कार्यकर्ताहरु प्रहरीभन्दा सक्रिय छन् । बन्दूक बोक्ने यी व्यक्ति रन्मामैकोट गाउँ विकास समिति वडा नं. ६ का तीर्थमान बुढा हुन् । नेपाली कांग्रेसका स्थानीय कार्यकर्ताहरु यसै गरी बन्दूक बोकेर माओवादीहरुको खोजीमा हिंड्ने गरेका रुकुममा देखिन्छन् । रुकुममा अत्याचारको सीमा छैन ।**

सिज अभियानको क्रममा रूकुममा संयुक्त जनमोर्चाले वृक्षारोपण गर्ने, विसौनी, शौचालय, धारा बनाउने, मर्मत गर्ने जस्ता रचनात्मक काम पनि गरेर देखायो। जनमोर्चा पेशेवर कार्यकर्ताको खेतीपाती गर्न श्रम शिविर संचालन गर्ने जस्ता काम गरेर भावनात्मक एकतालाई सुदृढ गराउनेतर्फ पनि लाग्यो।

अहिले जिल्ला भरमा ३।४ सय मानिस माओवादीको अभियोग लागेकोले फरार भएर रहेका छन्। पहिले जनमोर्चाका कार्यकर्ता समेत गरेर झण्डै १ हजारको संख्यामा फरार थिए। पछि कतिपय पक्राउ परे, कति जेलमा छन् र कतिपय भारतर्फ पनि लागे। यसले गर्दा फरार व्यक्तिहरूको संख्या घटिरहेको छ।

रूकुममा पिपल गाविसमा ६ जना खत्री दाजुभाईको एकै ठाउँमा हत्या गरी ०५२ साल फागुन १५ गतेदेखि हत्याको श्रृङ्खला शुरू गरिएको हो। त्यसपछि प्वाङ्ग गाविसको छिप खोलामा २ जनालाई फागुन २९ गते मारियो। त्यही जेठमा पुनः १ जनाको हत्या भयो। हालसम्म हुगाममा-१, काक्रीमा ३ जना अन्य र गाविस अध्यक्ष दुतबहादुर पुनको पनि हत्या गरिएको छ। चुनवाङ्गमा ४ जना, मग्मामा १ जना समेत गरी अहिलेसम्म प्रहरीको कारवाहीबाट १९ जना नागरिकको ज्यान गइसकेको छ। अन्तिम घटना भनेको साउन १७।१८ गते मग्मामा भएको थियो, जसमा विद्यार्थी रवि के.सी.ले ज्यान गुमाउनु परेको छ।

रोल्पाको होलेरी र रूकुमको राडी जिउलामा फागुन १ गते एकैदिन प्रहरी चौकीमाथि आक्रमण गरी जनयुद्धको शुरूवात भएको थियो। त्यसपछि रूकुममा विजयश्वरी गाविस अध्यक्ष सार्की बुढाको मिलमा माओवादीले जिलेटिन पड्काए। स्याँलापाखा गाविस अध्यक्षको घरमा आक्रमण गरी धनमाल लुटे। महत गाविसको पूर्व प्रधानपंच कृष्णबहादुर बुढालाई मारे। कोटजहारीमा चित्रबहादुर मल्ल जो नेपाली कांग्रेसको तर्फबाट स्थानीय निर्वाचनमा गाविस अध्यक्षको प्रत्यासी थिए, उनको पसल पनि लुटे। नुवाकोट गाविस अध्यक्षको घरमा माओवादीले आगो लगाए, तर नोक्सान चाहीं केही भएन।

फागुन १३ गते पिपल गाविस घर भएका शिक्षक नरजीत बस्नेतलाई घर फर्किरहेको बेला बाटोमा आक्रमण गरी माओवादीहरूले आक्रमण गरी अंगभंग पारे। त्यसअघि फागुन ८।९ गतेतिर मोरखाङ्ग गाविस नेपाली कांग्रेसको कार्यकर्ता जमलाल पुनलाई अंगभंग हुने गरी कुटपिट गर्ने काम भयो। जुन घटनामा ९ वर्षको नावालक गोपाल सुनारलाई प्रहरीले वारेन्ट जारी गऱ्यो। त्यसपछि वालककै बाबुले बोकेर प्रहरी कहाँ बुझाइ दिएपछि हाल ऊ अदालतको कृपाले तारेखमा रहेर मुद्दा खेपिरहेको छ।

तर पिपल गाविसका अध्यक्ष नरजित बस्नेतलाई आक्रमण गरेपछि वातावरण त्रसित बन्यो। माओवादीहरूले नै अन्य प्रहरीले आएर भटाभट गोली हान्छ भन्ने त्रास देखाई गाउँलेहरूलाई भागेर जंगल पस्न उक्साए। यसै क्रममा ६ जना खत्री दाजुभाईहरू पनि भागेर

# विकास निर्माण ठप्प भएको छ



ठगेन्द्रप्रकाश पुरी, नेकपा (एमाले) रुकुम जिल्ला कमिटी सदस्य एवं प्ररायुसंघ, नेपालका केन्द्रीय सदस्य हुनुहुन्छ ।

**स्वासगरी शुरूमा प्रहरी प्रशासनलाई उस्काएर सर्वसाधारणलाई सताउने काम कांग्रेसका कार्यकर्ताहरूले अत्यधिक गरे। तर अहिले उनीहरूलाई प्रहरीलाई गाउँमा भित्र्याउने काम गरेर हामीले ठीक गरेका रहेन छौं भन्ने लागेको छ। प्रहरीको गाउँ प्रवेशको परिणाम उनीहरूले पिपल गाविसका अध्यक्ष देउचन वस्नेत, मग्मा गाविसका मनिराम खत्री र सिम्ली गाविसका धनसिंह खड्कालाई माओवादीहरूले मारेपछि भोगेका छन्।**

रूकुम जिल्ला विगतमा माओवादीहरूको राम्रो संगठन भएको जिल्ला हो। जनयुद्धको घोषणा गरेपछि चाहिं उनीहरूमा ३ वटा प्रवृत्ति देखा परिरहेको छ। एउटा - विगतमा उनीहरूको ठूलो शक्ति देखेर जो पछाडि लागेका थिए, ती मान्छेहरू अहिले नेपाली कांग्रेस र राप्रपातिर संलग्न भइसकेका छन्। दोस्रो - जो इमान्दार छन्, डर र त्रासबाट आतंकित छन्, तर गाउँ टोलको विकास निर्माण हुनु पर्छ र हामी पनि सहभागी हुनु पर्छ भन्ने चाहन्छन्, तिनीहरू एमालेतिर लागेका छन्। तेस्रो मेरो गोरूका बान्है टक्का भन्ने मनस्थिति भएकाहरू चाहिं जनमोर्चामै सक्रिय भएर लागेका छन्। समग्रमा हिजोको पकड र उत्साह माओवादीहरूको अब त्यहाँ रहेको छैन। उनीहरू अब समाप्त भए, केही गर्न सक्दैनन् भन्ने स्थिति होइन, तर जे कुरा शुरू गरे, त्यो सफल हुँदैन, त्यसैले लागेका मुद्दाहरू फिर्ता हुन्छन् भने हामी यो पार्टी छोड्छौं भन्ने निष्कर्षमा त्यहाँ माओवादी र जनमोर्चाका धेरै मान्छेहरू पुगेका छन्।

**मुद्दा कतिलाई लागेको छ ?**

मुद्दा त करिब चारसय जनालाई लागेको छ। त्यसमा धेरै सर्वसाधारण फसेका छन्। कतिपय माओवादी हुँदा हुँदै पनि जनयुद्धसंग नीतिगत मत भिन्नता राखेर जनयुद्धको घोषणा हुनु अगावै एमालेमा प्रवेश गरिसकेका मान्छेहरूलाई पनि मुद्दा लगाइएको छ। स्वासगरी शुरूमा प्रहरी प्रशासनलाई उस्काएर सर्वसाधारणलाई सताउने काम कांग्रेसका कार्यकर्ताहरूले अत्यधिक गरे। तर अहिले प्रहरीलाई गाउँमा भित्र्याउने काम गरेर हामीले ठीक गरेका छैनौं भन्ने परिणाम पिपल गाविसका देउचन वस्नेत, मग्मा गाविसका मनिराम खत्री र सिम्ली गाविसका धनसिंह खड्कालाई माओवादीहरूले मारेपछि चेतेका छन्। कांग्रेस र राप्रपाका मान्छेहरू स्थानीय कार्यकर्ताहरूलाई रातदिन प्रहरी प्रशासनले सहयोग गर्ने र बचाउने गर्न नसक्ने भए पछि उनीहरूले कतिपय अवस्थामा माओवादीहरूको सुरक्षा र संरक्षण गरेर भए पनि आफूहरू बाँच्ने तर्फ सोच्न थालेका छन्। तर जिल्लाको क्षेत्र नं. २ बाट निर्वाचित भएर अहिले उद्योग सहायक मन्त्री हुनु भएका गोपालजी जंग शाहले त जिविसको बैठकमा समेत सिधै प्रहरीलाई माओवादीहरूमाथि दमन गर्न निर्देशन गरेको बताउनु भएको थियो। मन्त्रीले माओवादीहरूलाई सखाप पार्ने कुरा मञ्चबाटै घोषणा गर्नुभयो। अर्का सांसद कृष्णप्रसाद गौतम सोझै जनतासमक्ष गएर बोल्न सक्दैनन्। तर विभिन्न ठाउँमा प्रहरी पुऱ्याएर माओवादीहरूमाथि दमन गर्ने नाममा अनावश्यक भय सिर्जना गर्न उद्यत छन्। त्यहाँ प्रहरी शक्ति बढाएर शान्ति सुरक्षा हुन सक्दैन, अहिले पुऱ्याइएको प्रहरी शक्तिलाई कटौती गर्नु पर्छ।

**जनस्तरमा जनयुद्धले कस्तो प्रभाव पारेको छ ?**

विगतको तुलनामा त त्यहाँका जनतामा ठूलो अशान्ति र तनाव छाएको छ। शानित सुरक्षा पटक्कै छैन। जनताले स्वतन्त्रतापूर्वक शान्तिपूर्ण स्थितिमा बाँच्न नपाइने भयो भनेर अत्तालिन पुगेका छन्। प्रहरीले जथाभावी गोली हान्दै हिंड्ने, माओवादीहरूको क्रियाकलाप पनि अत्यन्त गैरजिम्मेवार हुनु जस्ता कुराले जनता भयभीत छन्। माओवादीको नामबाट धूर्त, जाली र फटाहाहरूले सर्वसाधारणसंग रिसइबी साँध्ने, पैसा असुल्ने खालका काम स्थानीय फटाहाहरूले तीव्रताका साथ गरिरहेका छन्। खासगरी त्यहाँ विकास निर्माणका कुरा पूरै ठप्प भएका छन्। सरकारले स्वावलम्बन कार्यक्रम 'अन्तरगत गाविसलाई दिएको एकमुष्ट रकम माथि गाविसका पदाधिकारीहरूको अनुपस्थितिमा सत्तारूढ घटकका कार्यकर्ताहरूले व्यापक भ्रष्टाचार गरेका छन्।

**एमालेले त्यस्ता अनियमितताको विरूद्ध बोलेको छैन ?**

हामीले व्यापक रूपमा सबै जनविरोधी क्रियाकलापको भण्डाफोर गरेका छौं। त्यसैले अहिले प्रशासनले हामीमाथि - "माओवादीका कार्यकर्ताहरू एमालेको संरक्षणमा रहेका छन्" भन्ने खालको आरोप पनि लगाएको छ। त्यहाँ उचित शान्ति सुरक्षा छैन, शैक्षिक वातावरण खलबलिएको छ। जनताले अत्यन्तै दुःख भोगिरहनु परेको स्थिति छ।

मेलगैरीको लेकमा गए। तिनीहरूले त्यहीं रहेको गोठभित्र बसेर आगो तापिरहेका थिए। बाहिर हिउ परिरहेको थियो।

यसै बीचमा सबइन्सपेक्टर कन्हैयासिंह सरदारको नेतृत्वमा वाफीकोटबाट प्रहरी गस्ती पिपल पुग्यो। गस्तीलाई गाविस अध्यक्ष देउचन बस्नेतका भतिजाहरू मनबहादुर बस्नेत र टेकबहादुर बस्नेतले अगुवाई गर्दै मेलगैरीको लेकमा पुऱ्याए। त्यहाँ गोठमा बसेका कसैसंग कुनै हतियार थिएन। प्रहरीले पूरा तेनाथ अवस्थामा गोठ घेरे। ६ जना खत्री दाजुभाइले हामी दोषी छैनौं भनेर भन्दै बाहिर निस्कँदाखेरी प्रहरीले गोली चलायो। त्यहीं ६ जना खड्गबहादुर के.सी., लालबहादुर गौतम, मनबहादुर के.सी., कलबहादुर खत्री, दलबहादुर खत्री र पशुपति खत्रीको चिहान बन्यो। प्वाङ्ग गाविसका गणेशमान पुन संजमोको कार्यकर्ता थिए। उनी जनयुद्ध शुरू भएपछि भूमिगत भए। तर पोखरा गाविसको कांग्रेस जिल्ला सदस्य भीमबहादुर घर्तीको आदेश र निर्देशनमा प्रहरीले विहानको मिमिरिमा गणेशमानको घर घेरा हाले। अनि उनको बाबुलाई तेरो छोरा निकाल भन्दै दूर्व्यवहार गरे। विचरा बुढाले छोरो कहाँ छ भन्ने मलाई थाहा छैन भन्ने निरीह जवाफ दिए। त्यति भन्ने बित्तिकै बुढालाई आगनमा ल्याई तीन पटक गोली दागेर मारियो। त्यहाँ मारिने अर्को व्यक्ति १८ वर्षीय विद्यार्थी जोखबहादुर पुन थिए। उनलाई पनि आगनमा ल्याएर गोली हानिएको थियो। यो फागुन २९ गते भएको हत्याकाण्ड थियो। काक्रीमा पूर्व जिल्ला पंचायत उपसभापति तथा हाल राप्रपाका सदस्य रहेका चक्रबहादुर श्रेष्ठलाई चैत ५ गते प्रहरीसंग छलफल गरिरहेको बखत गोली हानियो। श्रेष्ठ गुनामबाट त्यहाँ झगडा मिलाउन आएका थिए। त्यसैक्रममा वाग्लुङ्गबाट मान्छे गिरफ्तार गरी त्यही बाटो ल्याएर आइरहेका प्रहरीले महिलाहरूलाई जिस्काए। त्यसको विरोध गरेकै अपराधमा चक्रबहादुरको ज्यान गयो। सो गाविसका अध्यक्ष दुधबहादुर बुढासंग प्रहरीले माओवादी कहाँ छन् भनी सोध्यो। दुधबहादुर गोठमा बसिरहेका थिए। उनले आफूलाई केही थाहा नभएको कुरा बोलिरहेको बेला चैत १५ गते प्रहरीले गोली छोडिहाल्यो। त्यही चैत ५ गते धनमाया श्रेष्ठलाई सुइटर बुनिरहेको बेला गोली हानेर मारियो भने जयबहादुर बुढालाई पनि प्रहरीसंग छलफल गरिरहेको बखत गोलीको शीकार बनाइयो।

हुकाम गाविसमा भर घर्ती भन्ने माओवादीको विद्यार्थी संगठनका सक्रिय कार्यकर्ता थिए। उनलाई एकजना प्रहरी असईले पक्राउ गर्न खोज्दा भागिरहेको बेला गोली लागी खुट्टामा घाउ

भयो। त्यसै बखत त्यो असइलाई कांग्रेसको कुमभीर घर्तीले एक हजारको नोट हातमा थमाइदिए। अनी उनको आदेशमा आफै गोली चलाएर कुमभीरले नै भर घर्तीको ०५२ साल चैत १५ गते हत्या गरे। चुनबाङ्गमा कृष्णबहादुर बुढालाई काटेको झुठो आरोपको व्यहोरा भएको मुद्दा जनमोर्चाका कलाकार भरतबहादुर विष्टमाथि लगाइएको थियो। वैशाख १३ गते घरमै सुतिरहेको बखत घरको ढोका बाहिर पनि नल्पाई भन्याङ्गमा नै गोली दागेर हत्या गरियो। चुनावाङ्गमै जेठ १८ गते हर्कबहादुर पुन र जेठ २३ गते ढगबहादुर पुनलाई पनि अर्की एकजनालाई पनि गोली हानेर हत्या गरियो। तर नाम अझैसम्म थाहा हुन सकेको छैन। अन्तिम घटना विद्यार्थी रवी के.सी. लाई प्रहरीले घर घेराउ गरिरहेको बखत झ्यालबाट फाल हाले। भाग्न खोज्दा गोलीले उडाउने काम भयो। उनले भरखर एस.एल.सी. गरेका थिए।

माओवादीहरूले पनि आफ्नो विरोधीलाई मार्न पाएको खण्डमा गर्व गर्दछन्। माओवादीको तर्फबाट हालसम्म महत गाविसका कृष्णबहादुर बुढा, पिपल गाविस अध्यक्ष देउचन बस्नेत, सिम्ली गाविसका धनसिंह खड्का, मग्मामा मजिराम खत्री र २ जना प्रहरीको हत्या गर्ने काम भएको छ।

जिल्लाका ४३ गाविस मध्ये पिपल, प्वाङ्ग, जाङ्ग, मैकोट, हुकाम, महत, मोरावाङ्ग, चुनवाङ्ग, मग्मा, सिम्ली र विजयश्वरीमा मात्र अहिलेसम्म प्रहरी र माओवादीका कारवाही केन्द्रित रहेका छन्। तर पकडको हिसाबले मुरू कोटजहाटी, पुर्तिङ्ग डाँडा पिपल, प्वाङ्ग, मैकोट, कोल, महत, चौरवावाङ्ग, दुली गाविसका माओवादीको राम्रो संगठन रहेको छ। ती गाविसहरू अधिकांश सदरमुकामबाट पूर्व र ३।४ दिन टाढाको बाटोमा पर्दछन्।

सिस्ने छुट्टै गाविस हो। सरकारले यही गाविसलाई माओवादीले आधार क्षेत्र बनाएको भनेर बारम्बार भन्ने गरेको छ। तर सिस्नेलाई माओवादीले आधार एरिया बनाएका छन् भन्ने पटक्कै होइन। त्यहाँका गाविस अध्यक्ष र उपाध्यक्षले एमालेमा प्रवशे गरिसकेको घोषणा गरेका छन्। जिल्लामा प्रहरी पहिले २ सय जनाको संख्यामा थिए। तर अहिले करीब ७ सय पुऱ्याइएको छ। जनयुद्धलाई निहुँ बनाएर स्कूलमै ताल्चा लगाउने काम पनि भएकोले गर्दा जिल्लाको शैक्षिक वातावरण नराम्ररी बिग्रेको छ। ६ जना खत्री बन्धुलाई हत्या गर्ने सरदार कन्हयैयालालको अहिले नेपालगञ्ज सरूवा भएको छ। रवी के.सी.को हत्या गर्ने प्रहरी विजय शाह नेपालगञ्ज सरूवा भएका छन्। जनयुद्धको घोषणा पछि ठाउँमा प्रहरीलाई तैनाथ गरिएको छ। जसले गर्दा सर्वसाधारण जनता आतंकले ग्रस्त छन्। रूकुममा माओवादीले समेत प्रहरीलाई गाउँमा ल्याएर हत्या गर्न उक्साउने २।४ जना व्यक्तिको हत्या गरेपछि स्थानीय तहमा प्रहरीलाई पहिले जस्तो गाउँमा भित्र्याएर खतरा मोल्न सबै डराउन थालेका छन्।



मित्रहरू अब छैनन्, मित्रता केवल कथा बनेको छ : काँक्री गाविस-३ बस्ने जयबहादुर बुढालाई चैत ५ गते घरबाट बाहिर निकाली प्रहरीले आगनमा गोली हानेर मारिए। चित्रमा बसिरहेका काँक्री गाविसका अध्यक्ष दुधबहादुर पुन चैत १७ गते गोठमा सुतिरहेको बेला मारिए।



माओवादी भनेर पुलिसले कस्ता कस्ता मान्छेलाई दुःख दिने र सताउने गरिरहेको छ ? यो कुरालाई ९ वर्षीय नाबालक गोपाल सुनारको कथाले प्रष्ट पार्दछ। प्रहरीले विचरा ती नाबालकको नाममा वारेन्ट जारी गरेपछि आफ्नै बाबुको पिठ्युँमा बोकिएर उनी प्रहरी हिरासतमा पुगेका थिए। मोरावाङ्ग गाविस वडा नं. ४ का वासिन्दा गोपाल मोरावाङ्ग प्रा.वि. मोरावाङ्गमा कक्षा तीनमा पढ्दै थिए। उनलाई ज्यान मार्ने उद्योग गरेको अभियोगमा प्रहरीले अदालतमा उभ्याएको थियो। हाल उनलाई अदालतको आदेशानुसार तारेखमा छोडिएका छन्।

रूकुम जिल्ला प्रहरी कार्यालय गएर प्रहरीको मुद्दा फाइल हेर्नेहरूले गोपाल सुनारमाथि भएको प्रहरी अत्याचारबारे यथार्थ विवरण पाउन सक्छन्। उनलाई अदालतमा पेश गर्दा न्यायाधीशको अगाडि कठघरामा जब उभ्याइयो, तब माननीय न्यायाधीश पनि आश्चर्यमा परेका थिए। प्रहरीलाई नाबालकमाथि यति जघन्य अभियोग लगाएर मुद्दा चलाउन पाइँदैन भन्ने कुरा त थाहा नभएको होइन होला।

# एउटा नाटकको पटाक्षेप

- रमेश विकल -

*प्रस्तुत कथा पहिलो पटक युवाहरूको सहचर हातेमालोको बाइसौं अंकमा प्रकाशित भएको थियो। छयालीसको जनआन्दोलनको लगत्तै प्रकाशित यो कथा, कथा भन्दा बढी त्यस बेलाका निरंकुश शासकहरूको दमन चक्रको स्वरूपलाई दर्शाउने प्रयास हो। कल्पनाशीलताले कथामा जीवन्तता थप्दछ। तर प्रस्तुत कथा केवल कल्पनाशीलता होइन भन्ने कुरा कथाकारलाई मात्र होइन नेपाली पाठकहरूलाई पनि राम्रो संग थाहा छ।*

उसले बिस्तारै आँखा खोली। तर पहिले कुनै पनि प्रस्ट चित्र उत्रिएन उसका आँखामा। आँखा पूर्ण रूपले सफा थिएन। आँखा अगाडिका सबै कुरा बादल लागेको ऐना जस्तो मात्र देखिन्थ्यो। कहाँ छे उ? उसले आफैसंग प्रश्न गरी। तर प्रश्न पनि त त्यति प्रष्ट थिएन- मस्तिष्कमा कता कता के के आवाज रडमडिए जस्तो। प्रश्न पनि आफैभित्र गुडुल्किए जस्तो। के बारे प्रश्न गर्दै छ उ?

------हो आफै बारे।

त्यसपछि विस्तार विस्तार आँखाका बादल पुछिए भैं केही बाहिरका आकृतिहरू हो कि होइन भैं धमिलो रूपमा सलबलाउन थाले। यी आकृतिहरू विस्तारै प्रष्ट हुँदै गए- एउटी सेतो लुगा लाएकी टाउकोमा सेतो रूमालको श्री पेच जस्तो उठाएकी, गोरी गोरी, ग्याँची ग्याँची आइमाई। तर यसका नाक, मुख, आँखा के कहाँ छन् केही छुट्याउन सकिन उसले। अनि यो त बत्तीको फ्लडलाइट जस्तो छ। त्यसको सतहमा रातो कम्मल भित्र उसको शरीर लुकेको छ। उसको आफ्नो अनुहार पनि त आफ्नो जस्तो छैन। बडेमानको मखुण्डो जस्तो छ। कपाल सबै गुन्दुक जस्तो छरिएको।

उसले आँखालाई, त्यस सिरमाथिको हण्डीबाट भिकेर वरिपरि घुमाउन कोशिश गरी। बडो कष्ट भयो। अनि धमिलो आकृतिमा वरिपरिका वस्तुहरू प्रस्टिए- पलङ नजिकै एउटा तीन खुट्टे हण्डी उभ्याएको। त्यसैमा एउटा सलाइनको बोतल भुण्डिएको। अनि वरपर अरू पनि केही पलङ तीन पलङहरूमा अरू पनि सुतेका बसेका आकृति, नजिकै एउटा ट्रलीमा औंषधीका शिशीहरू। कुनै बिरामीको माथि भुकेकी नर्स। - त के उ अस्पतालमा छ ? --- बि उ अस्पतालमा छ? कहिले देखि? ---- कसले ल्यायो उसलाई अस्पतालमा ?

अब उसलाई एक्कासी आफ्ना सबै जीउ पिल्चिएको खटिरा जस्तै दुखेको अनुभव भयो। कति असैह्य पीडा --- किन यस्तो पीडा ? ---- किन यस्तो पीडा ? उसले आफ्नो मस्तिष्कमा छाएको बादललाई स्मृतिको रूमालले रगडी। अनि त्यहाँ एउटा तसवीर प्रष्ट भएर आयो। उसको आफै कलेज छात्रावासको तसवीर। ---छात्रावास

हो छात्रावासको छत।--- आज छुट्टीकोदिन भएकोले उ भातसात खाएर भरखरै नुहाएर कपाल सुकाउन लागेकी छ। अरू साथीहरू पनि छतमा नजिक पर छरिएर बसेका छन्। शकुन्तला डनलपको डसनामा घोप्टो परेर पुस्तक पढ्न लागेकी छ। अरूणा र प्रमिला पर्खालको डिलमा बसेर क्याम्पस बाहिरको दृष्य हेर्न लागेका छन्। सरिता पर डोरीमा लुगाहरू टाङ्दैछ।

- ए तिमीहरू जाँदैनौ? - त्यसै बेला प्रेमा आएर उनि निरै उभिएकी छ। --- उ सबैलाई एउटै प्रश्नले संबोधित गरिरहेकी छ।

- कहाँ जाने? - उ आफ्नो चिसो कपालबाट पानि फड्कार्दै सोध्छे।

- कहाँ? --- थाहा छैन तँलाई? - प्रेमा अनौठो मानेर सोध्छे। -आज चार बजे मैदानमा मिटिङ छ नि

- होला। - उ हल्कासंग भनिदिन्छे- आफ्नो यहाँ कोर्श नै पुरा भएको छैन। जाँच आइसक्यो। मिटिङ् न सिटिङ।

- छि के जस्ति यो त - प्रेमाले अलि चिढिएर भनी - अब उहाँ सबै जान्छन्। +-- तैं मात्र नजाने ? -- आखिर यो त एक दुई जनाको मात्र कुरा पनि होइन विद्यार्थी सबैको समस्या- देशको समस्या। -- आखिर देश---

- भो बाबा मलाई यी सब सिद्धान्तका कुरा थाहा छैन। उसले अझै टार्ने उद्देश्यले भनी - पढाइ अपूरै छ। - ठीक छ, तँ जस्ता काली भेडीहरूले गर्दा त विद्यार्थीहरू सधैं दबिएका - प्रेमा चिढिएर, फन्केर हिंडी। उ आफ्नो कपाल काउन लागी। यस्तै छ यो प्रेमा यसो केही भने जस्तो भए न कि भक्किइहाल्ने।

- होइन, -- के भनेको प्रेमाले भैं- शकुन्तलाले पुस्तकबाट आँखा उठाएर सोधी। --- मिटिङ मा जाने भन्न आएकी ? --- के तैंले जान्न भनिस्। --- किन नजाने ? -ह्याम्रै मिटिङ त हो।

- म त जान्न - उसले शकुन्तलालाई पनि टार्न खोजी तर शकुन्तलाले उसलाई अलि करै गरी -के हुन्छ मिटिङमा जाँदैमा? --- आखिर विद्यार्थीको मिटिङमा विद्यार्थी नगएर को जान्छ त? बरू भीडमा नपसेर टाढै बसेर सुने त गैगो। ---- जानु पर्छ। ---- जाने।

आखिर शकुन्तलालाई उ हार्न सक्तिन - कसैले पनि हार्न सक्तैन उसलाई। ---- त्यसैले चार बजने बज्ने बेलामा उनीहरू छात्राबासबाट निस्केर सभा मैदान तिर लागे। त्यति बेलै दखि मैदान भरिए जस्तो भैसकेको थियो। एका छेउमा वक्ताहरूका लागि एउटा चौतारो खडा गरिएको थियो। चौतारोमा चार पाँच जना विद्यार्थी थिए। अरू सबै तल चौरमा वसेका थिए। उनीहरू पनि भीडभन्दा अलिपर गएर केही अग्लो थुम्को जस्तोमा बसे।

सभा शुरू भएपछि युनियनका सचिवले बोल्न लाग्नासाथ त्यहाँ क्याम्पस हातामा एउटा आतंकको लहर चलेको देखियो। " पुलीस" "पुलीस" को खासखुसबाट शुरू भएको लहर प्रचण्ड आतंकका रूपमा सभा भरि फैलियो। नेताहरू मञ्चबाट कराउन थाले- नडराउनोस् नडराउनोस्। ---- हामी शान्तिपूर्ण सभा गर्न आएका हौं। डराउन पर्ने केही छैन।

तर त्यसै बेला मूल ढोका तिरबाट पसेका केही-करीव पचास जना लाठी, फलामे टोप र खाकी बर्दीमा सजिएका फौजलाई देखेर भीड ब्वाँसोको फौज देखेको भेडाको फौज भैं भड्कियो। त्यसैमाथि ती जवानहरूले अन्धधुन्द लाठी बर्साउन थाल्दा त त्यो भीड आँधीको पत्कर भैं छयालब्यालियो।

तर यसरी छरपस्टिएको भीडमा ती खाकी बर्दी पुलीस र मंडलेका फौजले झन निर्ममता साथ हमला गरे। कोलाहाल मच्चियो। जसका गोडाले जता ठाउँ पाउँछ उतै भाग्न थाले। यसो गर्दा आफू आफू जुधेर कोही लडे। लड्दा कसैको खुट्टा मर्कियो। लडेका माथि प्रहरीको फलामे किलावल बूटको प्रहारले एउटा दानवी नृत्यको दृष्य सिर्जना ग-यो।

-मायो बाबा।----मरे नि। ----आर्त कोलाहालले क्याम्पसको आकास गुँजियो। जो असक्त भएर भाग्न नसक्ने स्थितिमा परे ती मण्डलेका हातमा परेर दानवी मारमा परे। फौजका बूटले खुँदिएर लाठीका मारले खप्पर फुटेर, हात खुट्टा भाँच्चिएर लडेकाहरूलाई गिद्धले सिनु गाँजे भैं गाँजेर पिट्तै, ठोक्तै घिसार्दै ती यमकादूतले रौरव नरकतिर लगे। एउटा हाहाकार एउटा कोलाहल - मानो सरस्वतीको मन्दिर त्यो क्याम्पसको प्राङ्गण रण मैदान बन्यो। रण मैदान पनि त्यस्तो जहाँ एकतर्फि मारमात्र पर्छ, एक थरि हतियार युक्त दानवी फौज र अर्को तर्फ हतियार रहित निरीह मानवी समूह। एउटा पक्ष आफ्नो हतियार र हिंसाको निर्धक्क, निरङ्कुश र निर्मम प्रयोग गरेर सम्पूर्ण दया, करूणा, ममता जस्ता मानवीय गुणलाई निर्मूल गर्न खोज्ने, अर्को तर्फ सम्पूर्ण निर्मम अत्याचार आँसु र क्रन्दनको माध्यमबाट-खप्ने। कति विचित्र युद्ध। तर यो युद्ध क्षेत्र नै थियो - मानवीय हक अधिकार र दानवीय दमन बीचको युद्ध। त्यसैले सानो तिनो भए पनि त्यो युद्ध मैदान नै थियो र त्यहाँ युद्धको धुलो उडेर सत्यको सूर्यलाई ढाक्न कोशिश गरिरहेको थियो।

महिला श्रोताहरूका वीचमा त झनै विचल्लीको वातावरण बन्यो। विचरा शारीरिक दृष्टिबाट अलि निर्बलिया छात्राहरू त्यहाँ मण्डले ब्वाँसाहरूको फैज पस्तासाथ आतंकले अन्धा भैं भएर क्याम्पसको भवनतिर गर्न थाले। मण्डले गुण्डाहरूको त्रासले प्राण सुकेका, उ र उसका साथीहरू अरू साथीहरूका साथमा बेतोडसंग क्याम्पस भवन र छात्रावासको भवनमा शरण लिन पसे। यसो गर्दा कसैका पछ्यौरा हावामा उडे, कसैका सारीको सप्को फुस्किएर त्यसैमा अल्भिएर लडे। अनि बल्ल तल्ल चार हातखुट्टा टेक्तै कोही कक्ष कोठामा पसे, कोही आतसमा शौचालय र भान्छा कोठा तिर पसेर आफ्नो ज्यानको रक्षा गर्न चाहे। तर मण्डले गुण्डाहरू शिकारी कुकुर भैं छात्रावास र क्याम्पस, भवनको कोठा कोठामा ढोका फोर्दै भ्यालका ऐनाहरू फोर्दै पसेर केटीहरूमाथि अन्धधुन्द अत्याचार बजाउन थाले।

उ पनि आतसले एउटा शौचालय भित्र पसेर भित्रबाट चुकुल ठोकेर बसी। तर त्यसै बेला बाहिरबाट भयानकसंग ढोकामा प्रहार हुन थाल्यो। शौचालयको कोठा भुईचालोमा कामे भैं काम्न थाल्यो। भयकंर प्रहार परेपछि आखिर धेरै वर्ष पुरानो त्यो मक्किएको ढोका भुर्यचालोको मारमा परे भैं भरभराउँदै घरशायी भयो।

ढोका फुटेर ढल्नासाथ एकै पल्ट पाँच सातजना

बर्दीधारी बदमासहरू आँधी झैं कोठा भित्र पसेर उसमाथि बाजले परेवा झम्टे झैं झम्टे।

- छोड मलाइ मण्डले गुण्डा यो मलाई नछो उसले सकेसम्म प्रतिकार गर्न खोजी। तर ती प्रसस्त जाँड रक्सी र तामसी आहारले पोसिएका सण्ड मुसण्ड दानवहरूको फौजसंग एक्ली नारीको के लाग्थ्यो। ---- एउटा मण्डलेले उसको चुल्ठो समातेर झट्का दिंदा उ धराशायी भई।

विस्ता विस्तार उसको चेतना धर्तिको सपत पाताल मुनि दब्दै गए झैं उ संज्ञाहीन भई। संज्ञाहिनताको अन्तिम क्षणमा उसलाई आफ्ना साथीहरूको सम्झना भयो - शकुन्तला, प्रेमा, सरिता, सीता, प्रभा, मालती, हेमा। के वितिरहेको होला उनीहरूमाथि ?----

अव उसलाई सबै कुराको राम्रो केक्का भयो। यो हेक्का हुनासाथ उसको शरीरको अमल अमल भागमा शनै भएको खटिरा टन्के झैं टन्कन थाल्यो। साथै उसका कानमा एउटा टाढाको कोलाहल, पएउटा हृदयविदारक मानवताको चित्कार गुञ्जिन थाल्यो- एउटा कौरव सभामा नारी द्रौपदीको करूण चित्कार। आधुनिक दुःशसाशनहरू आधुनिक सीताहरू प्रति बलात्कार गर्दै छन। उनीहरूको वस्तहरण गरेर आमाजातिको लाज इजजत र मर्यादालाई नङ्याउँदै छन्। यी आमा, बहिनी, दिदी, छोरीको करूण चित्कारले कौरव सभा काँप्दै छ।---तर त्यस कौरव सभाका सभासद्हरू, धृतराष्ट्रको घृणित र कुत्पित स्वार्थको चोचोमा मोचो मिलाउँदै छन्। ---यहाँ कुनै सत्य बोल्ने, सत्य देख्ने र सत्य सुन्ने साहस भाका एउटै प्राणी छैनन्। यतिसम्म कि आज विदूर पनि लाटो भैसकेछ र युयुत्सुपनि वीर्य हीन। --त्यसैले आज दिशा संरक्षण नपाएर रोइरहेको थियो। संपूर्ण मानवता अन्यायमा पिल्सिएर चित्कार गरिरहेको थियो। ---अनि धृतराष्ट्रको साथमा लागेर दानवी सत्ता अट्टहास गरिरहेको थियो। गलामा पारितोषिकत्वको अलङ्कार, फूल माला लाएर विरूदावलीको रागिनी गाइरहेका थिए। त्यतिमात्र होइन। ती सबै सभाषद, धर्म रक्षक, सुरक्षक, जन रक्षक, देश रक्षकहरू यिनै धृतराष्ट्रका पाल्तु मण्डले कुकुरहरूका साथमा आफू स्वयम् पनि वलात्कारको आनन्द लुटिरहेका थिए। - बलात्कार देशप्रति बलात्कार, मानवता प्रति बलात्कार जनता प्रति बलात्कार।---यही बलात्कारको पचरम अट्टहासको स्वरमा सम्पूर्ण देश जन, जारी र मानवताको चित्कार दवीरहेको थियो। --त्राहीःत्राही त्राहीः

जति जति त्यस नारकीय क्षण्को संझना हुँदै गयो, उसको शरीर र मनको पीडा पनि उति उति बढ्दै गयो। शरीर प्रत्येक अणु पिल्लिएका खटिरा वस्ने। उसले पीडाको अधिकताले छटपछिएका आँखाका पुतलीहरूलाई सकि नसकी घुमाउन चाही। ---उसले मीठो स्मृतिको वास्ना सुघ्ने आसाले आफ्ना नाकका पोरा फुकाउन चाही। ---तर आँखा सामु धमिलो रूपमा तिनै औषधीका शिरी, ट्ली, सलाइनका बोतल, नर्सका सेता लुगा, डाक्टरका घाँटीमा माला बनेका स्टेथोट्स्कोप अनि नाकामा पस्ने विभिन्न अस्पताली गन्ध- औषधी फिनाइल, टिञ्चरहरूका मिश्रित गन्ध। विरामीहरूका शैनबाट अतिसारबाट निस्केका पीप र रगतका गन्ध, अनि असंख्य रोगीका पसिना पसिनाका गन्ध।

- यिनै बिरामीका माझमा होलान शकुन्तलाहरू ? उसले तिनै विरामीका आफ्ना बीचमा आफ्ना साथीहरूलाई खोज्न आफ्ना आँखा घुमाई। असंख्य विरामी र उनीहरूका माथि झुकेका उनीहरूका आफन्तहरूका उदास र धमिला अनुहारहरू। --- यो भीडमा कहाँनिर कुन कोठामा होलान शकुन्तला, प्रेमाहरू ? अथवा उनीहरू आजको धृतराष्ट्र र दुःस्साशनहरूको अमानवीय अत्याचार र पाप अपराधको चिन्ह पखाल्ने प्रयासमा उनीहरूका लासका गल्छीमा फ्याँकिए

होलान ?

उफ जति जति संझना तीव्र हुँदै गयो उको अन्तरको पीडा असह्य हुदै गयो। आखिर उसले सहन नसकेर आँखा चिम्ली तर आँखा चिम्लिएर पनि न पीडा कम भयो र सम्झनाको तीब्रता मत्थर भयो। स्मृतिपदमा कोरिएका चित्रहरू त आँखा चिम्लँदा झन झन स्पष्ट भए। किन भने आँखा खोल्दा आँखा वरिपरि रहने अरू दृष्यको ठाउँ पनि स्मृति दृष्यले लिन्छ।

यी तमाम स्मृतिका साथमा अब उसको स्वरमा भयानक क्रोध र घृणाले जन्म लिएको उसले अनुभव गरी यही क्रोध र घृणाको ज्वालामुखी उर्लेर उसको रौं रौंमा एउटा उत्तेजना जुरमुरायो। ---उसलाई अहिल्यै उठेर यो कौरव राज र यो दानवीय सत्तालाई सल्काएर खरानी तुल्याउने उत्कट इच्छा उर्लीयो। उसले आफूलाई जुरूक्क उठाउन खोजी। तर शरीर त पीडाको कारणले एक अमल पनि उठ्न सकेन। यो आफ्नो असमर्थतामा उसको अन्तरको पीडा बोध झन तीब्र भएर उसलाई फेरि चेतनाको धरातलबाट पर धकेलिदियो।

उ कति बेर यो स्थितिमा रही उ भन्न सकिन तर आँखा खुल्दा उसले आफूलाई त्यहाँको बातावरणमा पाई। त्यहाँको सम्पूर्ण जड चेतन कुनै नौलो घटना हुन लागेको झैं सचेत र जुरमुराएका देखिए। नर्स, डाक्टर र अस्पतालका अरू कर्मचारी बडो सतर्क अनुशासित भएर रोबोटको गतिमा यताउति गरिरहेका देखिए- बिरामीको परिचर्या कोठामा सुघर सफाइ, वस्तुहरूको सज्जा इनयादिमा तल्लीन। अनि बिरामीहर पनि वडो अनुशासित र उत्सुक।- सबैका आँखा घरिघरि कक्षामा पसने ढोकातिर उठ्थे।

- के हुँदै छ यहाँ? - उसले नजिकैकी परिचारिका संग आँखैले सोधी। तर त्यो परिचारिका अहिले विशिष्ठ स्थिटिमा भएकी देखिई- उसलाई बोल्ने फुर्सत थिएन शायद। --- उसलाई कौतुहल भयो। के हुँदै छ यहाँ ? ---कुन नौलो घटनाको रिहर्सल हुँदैछ ?

तर अब उसलाई आफ्नो प्रश्नको जवाफका लागि कसैसँग निहोरा गर्नु परेन। उसले अस्पताल कक्षाको शुन्यमा बदलिंदै गएको भीडबाट आँखा पन्छाएर ढोकातिर लगी। ढोकामा अस्पतालको ड्यूटीमा भएका सम्पूर्ण डाक्टर, नर्स, परिचारिका-परिचारकहरू कुनै विशिष्ठ व्यक्तित्वको स्वागतमा निहुरिएर हात बाँधेर मूर्तिवाल लाम लागेर उभिएका विथए। सम्पूर्ण वातावरण शान्त, चकमन्न थियो - श्मशान वत अनि त्यसै श्मशान चकमन्नमा पाँच सात नारीहरूका बीच एउटा विशेष नारी ब्यक्तित्व आफ्नो कृतिम गम्भीरता ओढेर नाटकीय धीर-गंभीर गतिमा उसको कक्षतिर पसेको देखियो। त्यो मूर्ति प्रत्येक बिरामीका पलङ नजिक पलका लागि उभिएर केही जाने झैं, मुण्टो तलमाथि पार्दै उसको पलङ तिर बढिरहेको थियो। त्यो मूर्ती उसको पलङ नजिक आएर स्थीर भयो। शून्य र भाव भावहीन फट्टीक गुच्चा झैं चिसा आँखाले उसको सम्पूर्ण घाइने शरिरलाई छाम्यो। नजिकैको डाक्टरले आफ्नो हात मोल्दै, झिंगा भुनभुनाए झैं स्वरमा केही भन्यो मूर्तिको टाउको तलमाथि, तलमाथि झुक्यो।

- कस्तो छ तिमीलाई - उसलाई लाग्यो त्यो अगाडिको मूर्तिको ओठमा चीर फाटेका छन। त्यसबाट केही शब्द झरेको छ। -को हो यो नारी भूर्ति ? ----कहाँदेखि उसले यसलाइ ? ---कसरी ? ---कुन सिलसिलामा देखेकी ? ---उसले आफ्नो स्मृतिमा बडो जोड दिएर संझन खोजी। ---तर त्यहाँ एउटा सपाट, पट बाहेक केही थिएन। उसले अरू जोड गरी। अनि विस्तारै उसको मस्तिष्कमा एउटा धमिलो तसवीर उम्रियो। ---अनि त्यो तसवीर विस्तारै सफा हुँदै गयो।--यो एउटी यस्ति नारीको तस्वीर हो जो संसारका नारी जातिकै दुःख दर्दको ठेक्का लिएको छु भन्ने दम्भ भिरेर हिंड्छे। अखवार र रेडियोहरूमा नारीको मुक्तिबारे बडे बडे भाषण छाँटेर हिंड्छे, -- आफ्नो तसवीर अखवारका पानामा छपाउने उसको ठूलो मह त्वकांक्षा रहन्छ। भरौटे धुपौरेहरूद्वारा आफ्नो चण्डीपाठ गराउने तीव्र लालसा बोक्छे। अनेकन नाटकीय मञ्चहरूको निर्माण गराएर नारी उद्धारका अनेकौं चमत्कारिक दृश्यहरू मञ्चन गराउँछे। अनि संसारका सम्पन्न सहृदय र नारी मुक्तिकामी संस्था व्यक्तिबाट आएको नारी मुक्ति सहयोगको नाउँका बडे बडे राशीहरूले आफ्नो बैङ्कहरू (स्वदेशी/विदेशी) भर्छे - विभिन्न छद्म नाउँवाट।

तर वास्तवमा उसको वास्तविक भूमिका देशको शासन सत्तालाई आफ्नो जादूको छडीले नचाएर देशलाई पूर्ण दासत्वको जञ्जीरमा जकड्नु, आफ्ना आश गुर्जा ब्वाँसाका फौजलाई आफ्नी धर्तिको चोक्टा लाम्टा लुछाउनु रहेको छ।---होटेल, क्लबहरूमा मातृ जातिलाई नङ्ग्याएर वेश्यावृत्ति गराएर देशको संस्कृतिको रक्षाको दुहाइ दिन्छे।

-आखा खोल त--- तिम्रो दुःख दर्द बुझ्न कृपा गरेर पाल्नु भएको छ ? नजीककी मेट्रोनको दासताको तेलले चिपुच्याल्ल भएको घीनलाग्दो स्वरले भनिरहेकी थियो। आफ्नो अन्तर पीडा र घोर यातनालाई भुलेर यस नारीप्रति समर्पित हुन भनिरहेकी थिई। साँच्चै उसले आँखा खोली। ---हो त्यही नारीको मूर्ति हो यो-- त्यसैको। ---आफ्ना दुःस्शासनद्वारा उसलाई बलात्कार गराएर, उसको नारी गौरवलाई सम्पूर्ण नङ्याएर उ उसको मर्मान्तिक घाउमा नक्कली सहानुभूतिको मलम लगाउन आएकी छ। -उफ कति निर्लज्ज आडम्बर कति घृणित नाटक।

देख्ता देख्तै उसको अगाडि उभिएकी त्यो नाम धारी नारीको अनुहार उसका आँखामा भयकंर भएर आयो- पुतनाको अनुहार। सूर्पनखाको अनुहार भयकंर भयकंर ---घृणित---पैशाचिक दाह्रा निस्केका, रगतले रङ्गिएको जिब्रो दुई हात लामो निस्केको उफ ---यही नारी। ---यही पिशाचिनी। उसको रौं रौं घृणा र रोशको ज्वालामा सल्कन थाल्यो। त्यसको आच उसको अनुभव भन्दा पनि परको भयो। साथै उसले मण्डलेका आतकंबाट भयकंरसंग आतकिंत आफ्ना साथीहरूको विभत्स अनुहार संझी। ---उनीहरूको बलात्कारद्वारा क्षतविक्षत भएर बगरमा, गल्छीमा पडिरहेका लासहरू संझी। यसले उस्को अन्तरको अदम्य घृणा दुर्दमनीय आक्रोशलाई चरम चुलीमा पुऱ्याइदियो। उसको घाउ र पीडाले क्षत विक्षत शरीरका रौं रौं काम्न थाले। छाती भित्रै देखि एउटा अदम्य घृणाको मुस्तो उम्लेर आयो। त्यो घृणाको मुस्लो उसको मुखबाट गोली झैं छुटेर त्यस अगाडिकी बनावटी महिलाको अनुहार भरि पपोतियो- थुइक्क नारी जातिकी कलकं, निर्लज्ज आइमाई

ओफ : भयकंर विस्फोट अस्पताल भित्रको सबै कुरा स्तम्भित भए झैं भयो। त्यहाँ समय पनि आफ्नो गतिमा चल्न नसकेर थामिए झैं भयो। वरिपरिका सबैको अनुहार रगत निचोरिए झैं देखियो। ---अनि त्यो नारी मूर्ती? -उसको अनुहारमा खेल्ने भयकंर भाव, आँखामा नाच्ने क्रूरतम भावको त वयान गर्नै नसकिने स्थिति थियो।

# मानवअधिकारको व्यानर

**- नरनाथ लुइँटेल -**

मानवको मानवीय अधिकारको खाजीनितीमा निकै मानिसहरू लागेका छन्। कुरो सीमाना पारीको नभएर वारीकै हो। सामाजिक सेवाको क्षेत्र व्यापक र विस्तारित हुँदै गएको यस स्थितिमा मानवको मानवीय अधिकार खोज्नु बेमनासिव त हुँदै होइन। यस विषयमा आल्तु फाल्तु कुरा गर्दै समय बराल्ने जरूरत पनि छैन। मुलुकमा प्रजातन्त्रले पदार्पण गरेको सातौं वर्ष लाग्यो, तर मानवको मानवअधिकार हराएको हराएकै छ। यही हराएको चिजको खोजीमा केही मानिसहरू मानवअधिकारको व्यानर फैलाएर सडकमा ओर्लिएका छन्। यतातिर व्यानरहरू निकै छन् र व्यानर फैलाउनेहरू पनि प्रशस्तै भेटिन्छन्, हिजो आज। व्यानर जाडो भएर बेरिने कुरा या लाज शरम छोप्न ओडिने कपडा विशेष भने होइन। तर व्यानरमा बेरिएर हिंड्नेहरूको संख्यामा कटौती नआएर बढोत्तरी नै हुँदै छ। व्यानर थरिथरिका छन् र व्यानरमा बेरिनेहरू पनि थरिथरिका हुनु खासै अनौठो मानिँदैन, मान्नु हुँदैन पनि। प्रसंगले अर्को अर्थ नलगाएमा व्यानर कुनै राजनीतिक दलको जल्दो बल्दो नारा बोकेको नभई मानवअधिकारसंग सम्बन्धित छ। कुरो नचपाइकन भन्ने हो भने मानवअधिकारका नाममा यो मुलुकमा केही चर्चा योग्य व्यानरहरू छन् र बेला बखत उनीहरूबाट सर्वाधिक चर्चामा आउने खालका कार्यहरू सम्पन्न हुने गरेका छन्। केही समयअघि एउटा चर्चा योग्य व्यानरमुनि तिब्बती शरणार्थीहरूको झुण्ड जुटाएर फ्रि तिब्बतको सुसेलो हालिएको थियो। उक्त कार्यको तातो चर्चा निकै समयपछिसम्म सेलाउन सकेको थिएन।

कुरो चर्चित अर्थात चर्चा योग्यको मात्र होइन। मानवअधिकारको यस फेटमा ओर्लिएका एकाध "दिग्गज" हरूका मनोदशा, चिन्तन एवं प्रवृत्तिहरू पनि चर्चा गर्न लायकका छन्। मानवअधिकार शब्दावलीले जति जति राष्ट्रिय जीवनमा महत्व पाउँदै गएको छ उति उति त्यस्ता "दिग्गज" हरू तीब्र गतिमा ससर्कउिने गरिरहेका छन्। यो ठेक्का पट्टाको जमाना हो। अनि जहाँसुकै पनि ठेकेदारीपन मौलाउँदै गएकोले पनि होला यस फेटमा पनि ठेकेदारी दादाहरू जन्मिन खोज्दै छन्। मानौं संसारभरीको मानवअधिकार सम्बन्धी आवाज बोल्ने, उपलब्धीहरूको जस लिने, नोक्सानीहरूको अपजस अरूको थाप्लोमा हाल्ने जस्ता सत्कार्यहरूको सम्पूर्ण ठेक्का उनीहरू एक दुई जनाको मात्रै हो। उनीहरूको विचारमा यस क्षेत्रमा अरू कसैको दाल गल्नु हुन्न। टप्परटुइँयापन र छिपछिपे प्रवृत्तिले यसरी विस्तारै जरा गाड्दै छ।

परिस्थितिको विश्लेषण गर्दै तात्कालीन आवश्यकता बारे निधार खुम्च्याएर सोच्नु पर्दैन। सोच्नेहरू अरू नै छन्, यो काम त नगरी हुन्न




भनेर मेहनत र परिश्रम गर्नेहरू अरू नै छन्। दिग्गज महासयहरूलाई त जहाँ पनि नेता हुनु छ। नेताको निम्ति नेतृत्वको पद चाहिन्छ। बस्, पदका निम्ति जुनसुकै चाल, तिकडम र चुट्की चलाउन त्यस्ता महासयहरू खप्पीस छन्। कति सजिलो। सोच अर्कैको, मेहनत र परिश्रम अर्कैको, योजना अर्कैको, लगानी समेत अर्कैको तर नेतृत्व एवं पद भने आफ्नो। सामाजिक सेवा भित्रको यस्तो गुलियो मेवा अरू के हुन सक्छ ? एकाध दिग्गजहरू यस्तै मेवामा पल्किएका छन् भन्नु पर्दा तीतेपातीको तितो झोलको स्मरण पनि संगसँगै हुन्छ।

सामाजिक सेवाको क्षेत्रमा यो नेतृत्व, नेता, पद, पदका निम्ति तिकडम र चुट्कीको प्रसंग अलि सुपाच्य नहोला। तर पखालै चले पनि यथार्थ यथार्थ नै हो जो नाँगै हुन्छ। एकातिर मानवअधिकारसंग सम्बद्ध मानिसहरूलाई सरकारी मुखपत्रहरू मार्फत आमा-चकारी गाली गर्ने गराउने विशुद्ध कर्म फस्टाउँदै छ। अर्कोतिर मानवअधिकारकै एउटा व्यानरधारी अर्को व्यानर धारीको खुट्टा मर्काउँदै छ। "अजव नेपालको गजब चाला" सायद यस्तै परिवेशमा भन्ने गरिन्छ।

उपत्यका अहिले एकदमै प्रदुषित छ र यो पदुषणलाई नियन्त्रण गर्न सकिन्छ, वातावरणविदहरू यसै भन्छन्। तर मानिसको चिन्तन पनि प्रदुषित हुन सक्छ ? सोच, विचार एवं प्रवृत्तिमा शुरू भएको प्रदुषण बारे चिन्ता गर्नु पनि उत्तिकै आवश्यक छ। विचार र व्यवहारमा आएको प्रदुषितपन वातावरणीय प्रदुषण भन्दा कम खतरापूर्ण छैन। यस क्षेत्रमा जुटेका व्यक्तिहरूलाई लाग्ने गरेको "डलर प्रेमी" आरोपबाट मुक्त हुन यस प्रदुषणलाई सर्वप्रथम नियन्त्रण गर्नु आवश्यक छ।

सेवा र मेवा दुई अलग कुरा हुन्। मेवालाई मध्यनजरमा राखेर कुनै कार्यमा सरिक हुने मान्छे विशेषले सेवालाई भन्दा मेवालाई बढ्ता महत्व दिन्छ। सर्वाधिक महत्वको कुरो नै यही हो। समाजसेवाको क्षेत्रमा ओर्लिएका कतिपय मानिसहरू सिर्फ मेवाका निम्ति दिमाग रगड्दै छन्। जतिसुकै लुकाउन खोजे पनि उनीहरूमा व्याप्त प्रवृत्तिलाई पर्गेलेर जो कसैले थाह पाउन सक्छ। माथि उल्लेख गरिएका एकाध "दिग्गज" महासयहरू यसैका जल्दा बल्दा उदाहरण हुन्। मानिसलाई आफूले टेकेको ठाउँबाट माथि उक्लिन भऱ्याङको आवश्यकता महशूस हुन्छ। यों त्यति अस्वाभाविक होइन तर व्यक्तित्व विकासका निम्ति कसैले सामाजिक सेवालाई नै भऱ्याङ बनाउन खोज्छ भने त्यो एक स्तरको निर्लज्जता हो। यो मेवा प्राप्तीका निम्ति सेवाको बहाना मात्रै हो, ढोंग हो। "दिग्गज" महोदय, तपाईं पवित्र ध्येयले सामाजिक सेवामा जुट्नु हुँदै छ कि, समाज सेवालाई भऱ्याङ बनाएर व्यक्तित्व विकासको सिंढी उक्लन खोज्दै हुनुहुन्छ ? यसको जवाफमा तपाईंले केही बोल्नै पर्दैन, तपाईंको वर्तमान व्यवहार नै काफी छ।

प्रवृत्तिगत लुच्याईंका विरूद्ध बोलिएको यो बोलीमा नचाहँदा नचाहँदै अलिकति छुच्याईं पनि मिसिन पुग्यो कि! कृपया क्षमा गर्नुस् है!

का.जि.का.द.नं. २१/४९/५०

# रेखा चित्रमा रोल्पाको प्रहरी दमन र माओवादी कारवाही




(सदरमुकाम लिवाङमा प्रहरी हिरासतमै कुटपिटबाट एकजना मारिएका)

१. राङ्कोट
२. कुरेली
३. राङ्सी
४. भावाङ
५. जंकोट
६. मिरूल
७. थवाङ
८. उवा
९. होमा
१०. थवाङ
११. जेलवाङ
१२. जैमकसला
१३. सेरम
१४. गाम
१५. सिउरी
१६. फगाम
१७. कोटगाउँ
१८. लिवाङ्ग
१९. हार्जङ्ग
२०. पाङ
२१. गुम्चाल
२२. वडाचौर
२३. सिर्प
२४. तेवाङ्ग
२५. खुमेल
२६. खुंग्री
२७. सख्री
२८. दुविडाँडा
२९. झेनाम